# साप्ताहिक

• वर्ष १२ • अंक ४४ • काठमाडौं, शुक्रबार, चैत ९, २०६३ • SAPTAHIK • Nepali National Week[...] • पृष्ठ २४ • मूल्य रु. ८/-



लभगुरु रेखा

पृष्ठ ११



मध्यपृष्ठमा सञ्जिता



तस्विर : महेश प्रधान

# फरक धारमा उत्कृष्टता

● विदूर खतिवडा

♦ सर्ट वेभ र मिडियम वेभको तुलनामा लोकप्रिय फ्रिक्वेन्सी मोडुलेसन (एफएम) संस्कृतिको विकासका क्रममा रेडियोमा जागिरे बनेका प्रभात रिमालले चौबीसै घण्टा प्रसारण हुने एफएम रेडियोको लोकप्रिय आरजे हुँदै स्टेसन म्यानेजरसम्मको यात्रा तय गरेका छन् । मुलुकभरका ५० भन्दा बढी एफएम स्टेसनमा युवायुवतीको उल्लेख्य उपस्थितिले पनि प्रभातको अनुसरण गर्नेहरू बढ्दै गएको पुष्टि हुन्छ । प्रभात युगको प्रारम्भसँगै स्टेज उद्घोषण, विज्ञापनमा आवाज र भिजेले पेसागत रूप धारण गर्‍यो ।

♦ दिनभरको थकान मेटाउन नृत्यको सहारा लिन आउनेहरूलाई लक्षित गरेर सञ्चालनमा आएका डान्स रेस्टुराँ, बार तथा क्लबको प्रभावले नेपालीहरूलाई छुन थालेपछि डिजेइङ पेसा पनि स्थापित हुँदै गयो । त्यही समयमा बिट मिक्सिङका हिरो डिजे राजुले आफ्नो लोकप्रियता कायम गरे । डान्सबारमा बज्ने नेपाली, अंग्रेजी र हिन्दी भाषाका लोकप्रिय गीतलाई नाच्न योग्य बनाउन बिटहरूमा खेल्ने डिजे राजुसँगै यसमा क्यारियर खोज्नेहरूको ट्रेन्ड नै सुरु भएको छ ।

♦ आमनेपालीले पेसा बनाउन नसकेको सैलुन व्यवसायमा नील डेभिडको पेसागत उपस्थिति प्रेरणादायी हुनसक्छ र काम ठूलो–सानो हुँदैन भन्ने संस्कृतिको विकासमा सहायक पनि । सौन्दर्यसम्बन्धी चेतना बढ्दै जाँदा राजधानीमा महिलाहरूद्वारा सञ्चालित ब्युटी तथा हेन्डसम पार्लरहरूको संख्या पनि वृद्धि हुँदै गयो । यसबीच नीलले छोटो समयमै लोकप्रियता हासिल गर्न सफल भए । त्यतिमात्र होइन, नीलको प्रभावकै कारण युवाहरू पनि यो पेसामा आकर्षित हुन थालेका छन् ।

♦ साइबरनेपाल डटकम डटएनपीबाट अनलाइन मनोरञ्जन पत्रकारिताको जग बसाएका कसजू दाजुभाइ नेपाली सन्दर्भमा यो ट्रेन्डका विकासकर्ता नै हुन् । यो जोडी यतिखेर आफ्नो ड्रिम प्रोजेक्टलाई सफल बनाउने अभियानमा छ ।

♦ नेपाली मोडलिङमा पहिलो पुस्ताका प्रतिनिधि हुन्– प्रशान्त ताम्राकार । र्‍याम्प मोडलिङबाट आफ्नो यात्रा प्रारम्भ गर्ने प्रशान्तले विभिन्न विज्ञापन, म्युजिक भिडियोदेखि लिएर हलिउड चलचित्र लिटिल बुद्धमा समेत अभिनय गरिसकेका छन् । प्रशान्तको मोडलिङ क्यारियरलाई साथ दिन मुलुकबाहिर आयोजना भएका ग्राभिएरा म्यानअफ ९४, म्यानहन्ट इन्टरनेसनल प्रतियोगिता–९५ ले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

विस्तृत पृष्ठ ६ मा



## Sof;]6

### र्‍याप गेम



बलड बदर्सको प्रस्तुतिमा हिपहप गीतिसंग्रह 'र्‍याप गेम' स्रोतामाभ्र आएको छ। रियाज म्युजिक प्रा.लि.ले बजारमा ल्याएकोयो संग्रहमा तिमी यसै लजायौ गीतको रिमिक्स पनि समावेश छ। ९ वटा गीत संग्रहित र्‍याप गेममा उदेश श्रेष्ठ, सुरशा तथा इनवुनलाई फिचरिङ गरिएको छ।

### थाहा पाएँ



थापा वसन्तको लोक-आधुनिक गीतहरूको एल्बम 'थाहा पाएँ' बजारमा आएको छ। मगर दिवसको अवसरमा बुटवलमा विमोचन गरिएको यो एल्बमलाई धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको हो। मायाप्रीतिका १० वटा गीत समावेश गरिएको यो एल्बममा सीता थापा र थापा वसन्तको शब्द तथा सुरेश अधिकारी, आलोकश्री, रोशन लामा, चित्र शर्मा र तेजप्रसाद पाण्डेको संगीत सुन्न पाइन्छ। एल्बमका लागि रामकृष्ण ढकाल, राजेश पायल, उदय सोताङ, मनिला सोताङ, स्वरूपराज, सञ्जीवनी तथा अन्जु पन्तले स्वर दिएका छन्।

### द बिगिनिङ

गायक विशाल श्रेष्ठको नयाँ गीतिसंग्रह 'द बिगिनिङ' श्रोतामाभ्र आएको छ। श्रीगणेश म्युजिक सेन्टरले बजारमा ल्याएको यो संग्रहमा दसवटा गीत समावेश छन्। द बिगिनिङमा शब्द विशाल श्रेष्ठको छ भने म्युजिक एरेन्ज जेम्स प्रधान, मोहित मुनाल तथा सुरज थापाले गरेका छन्।

## रंगमञ्च

-वरिष्ठ नाट्यकर्मी हरिहर शर्माले निर्देशन गरेको नाटक 'किसमिसको बिस्कुन' नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादीमा गत चैत ७ गतेदेखि मञ्चन भैरहेको छ। सामाजिक परिवेशमा आधारित अंग्रेजी नाटक 'रेजिन इन द सन्' को नेपालीकरण उक्त नाटक आगामी आइतबारसम्म मञ्चन हुनेछ। नाट्यकर्मी शर्माका अनुसार मञ्चन भैरहेको यो नाटकले अहिलेको नेपाली परिवेशलाई पनि समेटेको छ।

-विश्व रंगमञ्च दिवस मार्च २७ को अवसर पारेर आधा दर्जन नाट्य समूहले आगामी मंगलबार नेपाल प्रज्ञा-प्रतिष्ठान डबलीमा सामूहिक नाटक मञ्चन गर्नेछन्। समकालीन राजनैतिक परिवेशमा आधारित विषयवस्तुमा ज्योतिपुञ्ज साइन थियटर, रंगसारथी नाट्य समूह, साथसाथ थियटर, किन्स थियटर, सान नाट्य समूह, नवरङ्ग नाट्य परिवारका कलाकारहरूले अभिनय गर्नेछन्। रंगकर्मी कृष्ण शाह यात्रीका अनुसार सोही कार्यक्रममा फाइन आर्टिस्टहरूले प्रतिस्थापन कला प्रदर्शन गर्नेछन्।

-विश्व रंगमञ्च दिवस मार्च २७ को अवसरमा आगामी मंगलबार इन्टरनेसनल थियटर इन्स्टिच्युट (आईटीआई) ले गुरुकुल-पुरानो बानेश्वरमा वरिष्ठ रंगकर्मी प्रचण्ड मल्ललाई डबली पुरस्कारबाट सम्मान गर्ने भएको छ। रंगकर्मी सुनील पोखरेलका अनुसार सोही दिन रंगक्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सहभागितामा प्रभातफेरीको आयोजनासमेत हुनेछ।

## पुस्तक

### विरहका प्रलापहरू

साप्ताहिकका पोखरा प्रतिनिधि शिव शर्मा चञ्चलले रचना गरेका ७५ वटा गीतको संग्रह विरहका प्रलापहरूलाई सविता शेरचनले प्रकाशनमा ल्याएकी हुन्। गीतलाई शब्दमा पढन चाहने पाठकहरूका लागि यो पुस्तक एउटा राम्रो साथी हुन सक्छ। ७५+१५ पृष्ठको यो पुस्तकको मूल्य ७५ रुपैयाँ छ।

## Ubfn/L

-फोटोग्राफर हर्वट ग्रामाटिकोपौलस, आर्ट कलाकार मनिशलाल श्रेष्ठ तथा कवि/गायक मञ्जुलका सृजनालाई समेटेर ग्यालरी ३२ एट डेन्टइनमा चैत १ गतेदेखि एउटा प्रदर्शनी प्रारम्भ भएको छ। प्रदर्शनीमा ग्रीसका हर्वटका तस्बिरलाई कलाकार श्रेष्ठले क्यानभासमा उतारेका छन् भने कवि मञ्जुलले तस्बिर र चित्रमा आधारित रहेर सुन्दर शब्दहरू खर्च गरेका छन्। आगामी वैशाख १ गतेसम्म चल्ने उक्त प्रदर्शनीको उद्घाटन वरिष्ठ कलाकार शशिविक्रम शाहले गरेका थिए। सांस्कृतिक तथा भौगोलिक तस्बिर र चित्रमा मञ्जुलका कविताको प्रयोग अनुपम देखिएको छ।

-अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाएका प्रसिद्ध कलाकार लक्ष्मण श्रेष्ठका श्यामश्वेत चित्रहरूको प्रदर्शनी हिजो बिहीबार सम्पन्न भएको छ। सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा आयोजित उक्त प्रदर्शनीमा राखिएका सम्पूर्ण चित्र बिक्री भएका छन्। भारतको मुम्बईमा बस्दै आएका नेपाली कलाकार श्रेष्ठले प्रारम्भिक दिनमा निकै संघर्ष गर्नुपरे पनि अहिले उनी अन्तर्राष्ट्रिय रूपमै सफल चित्रकारका रूपमा स्थापित छन्।

-फाइन आर्ट डटकम, ललितकला, कलाकर्म र क्यानभास पत्रिकाका युवाहरूको सक्रियतामा अग्रज १ सय ३२ कलाकर्मीको पोस्टरसहित कला पुस्तक, क्याटलग, पत्रिका, पम्प्लेट तथा सूचीपत्रको दुईदिने प्रदर्शनी गत साता सम्पन्न भयो। बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा आयेजित उक्त प्रदर्शनीमा काठमाडौं विश्वविद्यालयद्वारा उपलब्ध गराइएको कलाकार पिकासोसम्बन्धी वृत्तचित्र पनि प्रदर्शन गरिएको थियो। दुई दिनको प्रदर्शनीमा ५० हजार रुपैयाँभन्दा बढीको कारोवार भएको थियो।

-चार दशकको चित्रकारिताको अनुभव सँगालेका वरिष्ठ कलाकार शशि शाहको एकल चित्रकला प्रदर्शनी पर्सि चैत ११ गते आइतबार प्रारम्भ हुने भएको छ। सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा आयोजना हुने उक्त प्रदर्शनीको उद्घाटन सभामुख सुवास नेम्वाङले गर्नेछन्। प्रदर्शनी वैशाख ७ गतेसम्म चल्नेछ।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको उचित सहयोग जुट्नेछ। यात्रा तथा धन आर्जन गर्ने अवसर मिल्नेछ। सजिलै अरूको मन जित्न सकिनेछ। स्वास्थ्यमा समस्या आउने हुँदा खानपिनमा विचार पुर्‍याउनुहोला। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

### सिंह

मानसम्मान मिल्नेछ। आफन्तहरूको उचित सहयोग जुट्नेछ। सोच्ने शक्ति बढ्नेछ। धन आर्जन तथा यात्रा गर्ने अवसर प्राप्त हुनेछ। अध्ययनमा सफलता देखिन्छ। भाग्यले पनि साथ दिनेछ। धार्मिक कार्यमा मन जानेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा बाधा उत्पन्न हुन सक्छ।

### धनु

सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। अधुरा कामहरू पूरा हुनेछन्। यात्रा गर्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान मिल्नेछ। अरूबाट प्रशंसा पनि पाइनेछ। बुधबार तथा बिहीबार स्वास्थ्यमा समस्या देखा पर्न सक्छ। खर्च एवं विवाद बढ्नेछ। विश्वास गरेकाहरूले धोका दिनेछन्। सफलताका लागि गोपनियता अपनाउनु बेस हुन्छ।

### वृष

मानसम्मान मिल्नुका साथै भोजभतेर तथा सभा-सम्मेलनमा सामेल हुने अवसर जुट्नेछ। बोलीको प्रभाव, पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। यात्रा हुनसक्छ। धन आर्जन गर्ने अवसर मिल्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा सोचेजस्तै लाभ प्राप्त हुनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सफलता देखिन्छ।

### कन्या

नैराश्यता एवं उदासीनता बढ्नेछ। स्वास्थ्यमा समस्या आउनाले काममा अवरोध खडा हुनसक्छ। शत्रु बढ्नेछन्। बेलामा बुद्धिले काम नगर्दा अप्ठ्यारो स्थिति आउन सक्छ। आइतबारदेखि मानसम्मान मिल्ने, आम्दानी बढ्ने तथा अरूबाट सहयोग मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता देखिन्छ।

### मकर

द्विविधा एवं गलत विचारका साथै रिसको वेग बढ्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। आइतबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### मिथुन

खर्च एवं विवादका साथै कुरा काट्नेहरू बढ्नेछन्। स्वास्थ्य गडबड रहनेछ। लेनदेनमा समस्या आउनेछ। आफन्त बनेर धोका दिनेहरू सक्रिय हुनेछन्। आइतबारदेखि मानसम्मान मिल्ने तथा भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूबाट सहयोग पनि मिल्नेछ।

### तुला

समयमा निर्णय नगर्दा हात परेको काम पनि फुत्कनेछ। स्वास्थ्यमा समस्या देखा पर्नाले काममा अवरोध उत्पन्न हुनसक्छ। नैराश्यता एवं उदासीनता बढ्नेछ। घरेलु समस्याले सताउनेछ। धोका पनि हुनसक्छ। बुधबार तथा बिहीबार मानसम्मान प्राप्त हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। शत्रु पराजित हुनेछन्।

### कुम्भ

घरेलु समस्याले सताउनेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। खर्च एवं विवाद बढ्नुका साथै झूटा आरोप पनि लाग्न सक्छ। शत्रु, रोग तथा रिसको वेग बढ्नेछन्। अध्ययनमा अवरोध आउन सक्छ। व्यवसायमा उतारचढाव आउनेछ। धार्मिक कार्यमा समय बिताउनु उचित हुन्छ।

### कर्कट

सोच्ने शक्ति बढ्नेछ। अरूको मन जित्न सकिनेछ। मानसम्मान पनि प्राप्त होला। भोजभतेरमा सामेल हुने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला। नयाँ मित्रको आगमनले प्रतिष्ठा बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्यमा समस्या देखा पर्न सक्छ।

### वृश्चिक

यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर मिल्नेछ। सोच्ने शक्ति, बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा अध्ययनमा सफलता मिल्ने देखिन्छ। सोमबारदेखि स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने योग छ। नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्।

### मीन

पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पनि प्राप्त होला। धार्मिक कार्यमा सफलता मिल्नेछ। भाग्यले साथ दिनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। सोमबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा गलत विचार एवं चिन्ता बढ्ने योग छ।

### यो साताको पञ्चाङ्ग

चैत : १० गते विश्व क्षयरोग दिवस, १२ गते चैते दसैं, १३ गते रामनवमी, १५ गते कामदा एकादशी





**तु-आवश्यकता**

नेपाल सरकारद्वारा मान्यता प्राप्त NGO द्वारा संचालित यस संस्थामा Targeted Salary मा सहमति गरी काम गर्न ईच्छुक व्यक्तिहरूले तु: सम्पर्क राख्नुहोला।

आवश्यक संख्या
१. महिला ११ जना
२. पुरूष १७ जना

Targeted Salary - ८,५००/-

सम्पर्क :
DTC

शनिवार पनि अफिस खुल्ला रहने छ।

**सुखी विवाहित जीवनको लागि**

सेवाको १३ वर्ष

विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।

भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५

पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

**जण्डिसको सही उपचार**

वैज्ञानिक आयुर्वेदिक पद्धतिबाट ग्यारेण्टीका साथ।

सम्पर्क :
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
धुम्बाराही चोक, रिङ्गरोड, काठमाडौं।
फोन नं. : ४३७९०९६, ४३७१७७१

## ;ftf ;+If]k

**चैत २–** अन्तरिम संसद्मा संविधानसभा निर्वाचनसम्बन्धी विधेयक प्रस्तुत, जनआन्दोलनका दोषी तथा बैंकको कालोसूचीमा परेका व्यक्तिले चुनावमा भाग लिन नपाउने ।

- राजदरबारका ७५ प्रतिशत कर्मचारी कटौती गरिने, दरबारको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीको संख्या पनि घटाइने ।
- षड्यन्त्र गर्न आएको भन्दै झापामा राप्रपा (नेपाल) का नेता-कार्यकर्तामाथि ८ दलका कार्यकर्ताहरूद्वारा आक्रमण ।
- वीरगन्जमा मधेसी जनअधिकार फोरमका कार्यकर्ता तथा प्रहरीबीच झडप, ७ प्रहरी तथा १३ फोरम कार्यकर्ता घाइते ।
- सरकारमा सामेल हुनु एक दिनपूर्व सेना तथा प्रहरीको उच्च तहमा बढुवा गरिएकोमा नेकपा (माओवादी) द्वारा आपत्ति, निर्वाचनक्षेत्र निर्धारण समितिको गठन प्रक्रियामा पनि माओवादीको विरोध ।
- हिमालमा हेलिकप्टर अवतरणमा रोक, मानवीय उद्धारमा पनि अनुमति लिनुपर्ने व्यवस्था ।

**चैत ३–** अन्तरिम सरकारको नीति तथा कार्यक्रम तयार, सानो आकारको मन्त्रिमन्डल बनाउने तयारी ।

- मधेसी जनअधिकार फोरमका कार्यकर्ताद्वारा पर्सामा नेपाली काङ्ग्रेसका जिल्ला सभापति राजेन्द्रबहादुर अमात्यमाथि आक्रमण, जिल्ला समिति कार्यालय तोडफोड ।
- 'ए' लेभलको परीक्षामा नेपाली विद्यार्थी प्रणय राणा तथा प्रकृति मिश्र विश्वमै उत्कृष्ट ।
- मधेसी जनअधिकार फोरमद्वारा नेपाली भाषाका पत्रिकाको वितरण एवं समाचारमा रोक लगाएको विषयमा पत्रकार महासंघको आपत्ति, सूचना सम्प्रेषणमा बाधा पुऱ्याए फोरमलाई नै घाटा हुनसक्ने चेतावनी ।
- भारतीय डाकाहरूले छाडेको बम बिस्फोट हुँदा झापामा प्रहरीसहित ४२ सर्वसाधारण घाइते ।

**चैत ४–** अन्तरिम सरकारको गृहकार्य पूरा, मन्त्रालयको भागबन्डामा विवाद ।

- वीरगञ्ज तथा गौरमा मधेसी जनअधिकार फोरम तथा माओवादी कार्यकर्ताबीच झडप, ७० घाइते ।
- तीन दिनदेखि गरिएको चुरे भावर बन्द कार्यक्रम फिर्ता ।

**चैत ५–** जेठभित्र संविधानसभाको निर्वाचन गर्न सम्भव नहुने निर्वाचन आयोगको ठहर, आठ दललाई निर्वाचनको मितिका सम्बन्धमा तय गरिएको पुरानो नीतिमा पुनर्विचार गर्न आग्रह ।

- चितवनको रामनगरमा माइक्रोबस र बस जुध्दा ६ को मृत्यु ।
- सरकारद्वारा दरबारलाई सम्पत्ति विवरण बुझाउन गरिएको आग्रहप्रति बेवास्ता, आठ दलका नेताद्वारा कडा कदम चाल्न सरकारलाई दबाब ।
- माओवादीद्वारा होटल व्यवसायी हरि श्रेष्ठलाई चन्दा नदिएको भन्दै अपहरणपछि कुटपिट, ७ दलद्वारा माओवादी क्रियाकलापको भर्त्सना ।

**चैत ६–** प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा प्रक्रिया छोट्याएर भए पनि जेठभित्रै निर्वाचन गराउन निर्देशन ।

- उद्यमी-व्यवसायीहरूलाई नेकपा (माओवादी) का कार्यकर्ताले होटल व्यवसायी हरि श्रेष्ठलाई अपहरण तथा कुटपिट गरेकोमा देशव्यापी विरोध, व्यवसायीहरूद्वारा उद्योग व्यवसाय बन्द ।
- उद्यमी व्यवसायीमाथि आफ्ना कार्यकर्ताले कुटपिट गरेकोमा नेकपा (माओवादी) द्वारा क्षमायाचना, बन्द फिर्ता गर्न व्यवसायीहरूलाई अनुरोध ।

**चैत ७–** सुरक्षा व्यवस्था चुस्त पार्न गृहमन्त्रीलाई प्रधानमन्त्रीको निर्देशन, गृहमन्त्रालयद्वारा सुरक्षा व्यवस्था मिलाइसकेको जानकारी ।

- सरकारद्वारा पूर्वन्यायाधीश अजयप्रसाद सिंहको अध्यक्षतामा निर्वाचन क्षेत्र निर्धारण आयोग गठन ।

### मन्त्रिपरिषद सदस्यहरूको आचारसंहितासहित

# सरकारको साझा नीति तथा कार्यक्रम

**साप्ताहिक समाचार**

काठमाडौं, नेकपा (माओवादी) का कार्यकर्ताहरूका कतिपय विवादास्पद क्रियाकलापका बाबजुद पनि केही दिनभित्रै अन्तरिम सरकार गठन हुने भएको छ । सरकार गठनका विषयमा कुन दलले कुन मन्त्रालय लिने भन्ने विषयमा एक सातादेखि नेतृत्व तहमा छलफल जारी छ । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि नेकपा (माओवादी) को हतियारको त्रास जसरी हट्ने अपेक्षा गरिएको थियो त्यो कायम रहे पनि जेठभित्रै संविधानसभाको निर्वाचन गर्ने प्रधानमन्त्रीको निर्देशनका कारण माओवादीसहितको सरकार गठन हुन लागेको हो ।

यही मेसोमा अन्तरिम सरकारमा प्रवेश गर्न लागेका दलहरूका शीर्ष नेताबीच अन्तरिम सरकारका साझा नीति तथा कार्यक्रम तय भएका छन् । नेतृत्वतहले मन्त्रिपरिषद सदस्यहरूको आचारसंहितासमेत निर्माण गरेको छ । नेपाली राजनीतिमा दुई फरक धारका दल नेपाली काङ्ग्रेस तथा नेकपा (माओवादी) सहित अलग-अलग सोच एवं उद्देश्यका लागि राजनीति गर्ने अन्य पाँच दलका मन्त्रीहरूलाई एकै स्थानमा ल्याउन आचारसंहिता जारी गरिएको जनाइएको छ । एउटै सरकारका काम कारबाही मन्त्रालयपिच्छे फरक नहोस् भन्ने उद्देश्यका लागि सरकारको साझा नीति तथा कार्यक्रम तयार गरिएको सरकारका प्रवक्ता दिलेन्द्रप्रसाद बडुले साप्ताहिकलाई बताए ।

सरकारको नीति तथा कार्यक्रमले शान्तिसुरक्षा, नागरिक सुशासन एवं अग्रगामी निकासलाई सरकारको मुख्य उद्देश्य बनाएको छ । अन्तरिम संविधानले देश संघीय व्यवस्थामा जाने निर्क्यौल गरेपछि राष्ट्रिय विखण्डनको खतराबाट बच्न सरकारले राष्ट्रियताको संवर्द्धनलाई आफ्नो मुख्य एजेन्डा बनाएको छ । यसका लागि लोकतन्त्रको सुदृढीकरण, मुलुकमा दिगो शान्ति, शान्ति सुरक्षामा सुधार, ग्रामीण जनतालाई तत्कालीन राहत एवं जनतालाई तत्कालै प्रत्याभूति हुने कार्यक्रम ल्याउने नीति सरकारले बनाएको छ ।

चार भागमा विभाजित सरकारको नीति तथा कार्यक्रममा भ्रष्टाचार नियन्त्रण, ढिलासुस्तीको अन्त्य, राष्ट्रसंघको बडापत्र तथा पञ्चशीलमा आधारित विदेशी नीति, शरणार्थी समस्याको सामाधान, हिंसा एवं द्वन्द्वपीडितका लागि विशेष व्यवस्था जस्ता महत्त्वपूर्ण कुरा समेटिएका छन् । २०४८ सालदेखि देशले गर्न थालेको आर्थिक सुधार एवं नागरिक स्वतन्त्रता माओवादीको सशस्त्र आन्दोलनपछि कुण्ठित हुँदै गएको ठहर गर्दै अब उप्रान्त कुनै किसिमको हिंसात्मक आन्दोलन हुन नदिन सबै किसिमका माग वार्तावाटै हल गर्नुपर्ने निष्कर्ष सरकारले निकालेको छ ।

यसका लागि गत मंसिरमा भएको त्रिपक्षीय शान्ति सम्झौताको प्रभावकारी कार्यन्वयनबाट त्यसको थालनी गर्ने नीति सरकारले लिएको छ । जनतामा आएको निरासालाई अन्त्य गर्न राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन तथा रायमाझी आयोगले दोषी ठहर गरेकाहरूलाई कारबाही गर्ने प्रतिबद्धता पनि सरकारले गरेको छ ।

सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भए लगत्तै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रक्रिया छोट्याएर भए पनि संविधानसभाको निर्वाचन जेठमै गर्न निर्देशन दिएका छन् । यसले अन्तरिम सरकारको आयु बढीमा चार महिनाको हुने देखिएको छ । संविधानसभाको निर्वाचनपछि प्रधानमन्त्री कोइरालाले आफू पदमा नरहने इच्छा व्यक्त गरेका छन् । यसबाट सरकारको स्वरूप फेरिने मात्र होइन, उसको नीति तथा कार्यक्रममा पनि परिवर्तन आउने विश्लेषण गरिएको छ ।

सरकारको नीति तथा कार्यक्रमसँगै सार्वजनिक भएको मन्त्रिपरिषद आचारसंहिताले पनि वर्तमान सरकारको नीति तथा कार्यक्रमलाई समेट्ने प्रयास गरेको छ । मन्त्रिपरिषदको आचारसंहिताले सरकारको साझा नीति तथा कार्यक्रमको अनिवार्य पालना गर्ने बुँदालाई महत्त्व दिइएको छ । यसैगरी आचारसंहितामा मन्त्रिपरिषदका सदस्यहरूले मितव्ययिताको सिद्धान्त अपनाउने, महङ्गा भ्रमण कार्यक्रममा संलग्न नहुने तथा सम्बन्धित राजनैतिक दलबाट फिर्ता बोलाइएको अवस्थामा मन्त्रिपरिषदबाट राजीनामा दिने जस्ता बुँदा समावेश छन् ।

आचारसंहिताले मन्त्रीहरूलाई मन्त्रालयका कामका बारेमा जनताले गरेका सार्वजनिक गुनासाका सम्बन्धमा अविलम्ब सार्वजनिक जानकारी गराउने कुरा उल्लेख छन् । आचरसंहितामा मन्त्रिपरिषदका सदस्यहरूबीच कम्तीमा सातामा एकपल्ट राष्ट्रिय लगायत महत्त्वपूर्ण विषयमा अनौपचारिक छलफल गर्नुपर्ने तथा आफूले गरेका कामको समीक्षा गर्नुपर्ने कुरा उल्लेख छन् ।

---

-नेपालमा राजनैतिक क्रान्ति धेरै भए, अब सामाजिक क्रान्ति गर्नुपर्छ ।
**मोदनाथ प्रश्रित, नेता, नेकपा (एमाले)**

-लोकतन्त्र प्राप्तिपछि आठ दलले घमन्ड नदेखाएको भए अहिलेसम्म देशले छलाङ मारिसक्थ्यो ।
**पशुपतिशमशेर राणा**
**अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**

-जेठमा संविधानसभाको निर्वाचन हुन नसके प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ ।
**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

-हाम्रो प्रयासमा गणतन्त्र जनताको ढोकैमा आएको छ, भित्र छिर्न दिने कि नदिने त्यो जनताको निर्णय हो ।
**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

-माओवादीले आरोप लगाएको अमेरिकी अधिकारीको हत्या गर्ने षड्यन्त्रको कुनै प्रमाण उपलब्ध भएन ।
**जेम्स एफ मोरियार्टी**
**नेपालका लागि अमेरिकी राजदूत**

-नेपाली काङ्ग्रेस रक्तपातबिना नै नेपालको राजसंस्थालाई बिदा गर्न चाहन्छ ।
**लक्ष्मण घिमिरे, नेता, नेपाली काङ्ग्रेस**

-संविधानसभाको निर्वाचन जेठमै सम्भव छ ।
**अयोधीप्रसाद यादव, निर्वाचन आयुक्त**

-संसदीय व्यवस्था ध्वस्त पार्न नै हामी संसद्भित्र प्रवेश गरेका हौं ।
**सुरेश आलेमगर, विधायक, माओवादी**

-अरू क्रान्तिको कुरा बेकार हो, त्यसैले आर्थिक क्रान्ति गर्नुपर्छ ।
**डा. रामशरण महत, अर्थमन्त्री**

-हामीलाई जनतामाझ बोल्न नदिएर आठ दलले अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप गरेका छन् ।
**रविन्द्रनाथ शर्मा**
**राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)**


मोबाइल धमाका

कुनै पनि मोडलका मोबाइलहरू सट्टापट्टा वा मर्मत गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
Mobile Collection
2075004, 9841269006
मित्रपार्क, चावहिल
यहा मोबाईलका साथै यस सम्बन्धी सम्पूर्ण सामानहरू होलसेल मूल्यमा पाइन्छ

मासिक किस्ता
रू.८४४/- मा
कलर टि.भि
फ्रिज, कम्प्यूटर, वासिङ्ग मेशिन, भ्याकुम, डि.भि.डि., म्यूजिक सिष्टम, आदी ।
क्षेत्रपाटी: ४२६९२०० सितापाइला: ४२७९१४२, कलंकी: ४६७१०१५ माछापोखरी: २१७२७९८, कोटेश्वर: ४४६२८६७, कुमारीपाटी: ५५५४०६८, सूर्यविनायक: ६६१४२६७, चावहिल: ४४९५९६५

फोटोग्राफी गर्नेलाई डिजिटल फोटोग्राफी सित्तैमा
विद्यार्थीको लागि ३३% छुटमा फोटो खिचिन्छ ।
PHOTO पत्रकारिता
70% छुटमा DIGITAL VIDEO EDITING
भिडियोग्राफी गर्नेलाई डिजिटल भिडियो एडिटिङ सित्तैमा
२० जनाको लागि निःशुल्क फोटोसेसन गराइनेछ ।
VIDEO पत्रकारिता
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

# दोधारे नीति र माओवादी

आगो र शत्रुलाई कहिल्यै पनि कमजोर सम्झनु हुँदैन भन्ने एउटा नेपाली उखान नै छ। आगोको एउटा सानो फिलिंगोले सिंगै वन डढाउन सक्छ। यो कुरा अहिले नेपालको सन्दर्भमा नेकपा माओवादीले अपनाउँदै आएको दोधारे नीतिमा स्पष्ट देखिएको छ। सात राजनैतिक दलसँग शान्ति सम्झौता गरेर राजनीतिको मूलधारमा प्रवेश गरिसकेको भए पनि नेकपा माओवादीका भातृ संगठनहरू अहिले पनि जनयुद्धकालीन दम्भमा छन् भन्ने कुरा उनीहरूको क्रियाकलापले देखिएको छ। एकातिर नेकपा माओवादी चाँडोभन्दा चाँडो सरकारमा सामेल भएर संविधानसभासम्म पुग्न हतारिएको छ भने अर्कातिर उसका भातृ संगठनहरूले आमजनतालगायत उद्योगपति, व्यापारी, प्रशासनिक कर्मचारी, किसान, मजदुर, विद्यार्थी सबैलाई आतंकका भरमा आफ्नो नियन्त्रणमा राख्ने रणनीतिलाई अगाडि बढाइरहेका छन्। धेरै भएको छैन, माओवादी कार्यकर्ताको गल्तीका कारण सिंगो तराई आन्दोलित भयो। त्यो आन्दोलनको आगो अझै पनि निभिसकेको छैन। त्यसबेला माओवादी पक्षले आफूहरूबाट गल्ती भएको कुरा सार्वजनिक रूपमै स्वीकार गरे, तर त्यो गल्तीबाट उनीहरूले कुनै शिक्षा लिन सकेनन्। अहिले माओवादी भातृ संगठनहरूले व्यापार–व्यवसायमा संलग्न व्यक्तिहरूलाई अपहरण गर्ने, कुटपिट गर्नेजस्ता कामलाई निरन्तरता दिएका छन्। यसै क्रममा काठमाडौँका एक होटल व्यवसायीले माओवादी दुर्व्यवहार सहनुपरेपछि उद्योगी तथा व्यापारीहरू आन्दोलित भए। ती होटल व्यवसायीप्रति गरिएको दुर्व्यहारका बारेमा माओवादी नेतृत्वले सार्वजनिक गरेको बेग्लाबेग्लै कथनले पनि माओवादी नीतिलाई थप अन्यौलग्रस्त बनाएको छ। होटल व्यवसायीमाथि गरिएको दुर्व्यवहारका बारेमा माओवादी प्रवक्ता कृष्ण महराले घटनामा पार्टीको संलग्नता नभएको र त्यो मालिक तथा मजदुरको आपसी झगडा भएको बताए भने अध्यक्ष प्रचण्डले उक्त घटनामा संलग्न आफ्ना कार्यकर्तालाई सांगठनिक कारबाही भैसकेको कुरा सार्वजनिक गरे। यो स्थितिमा आमजनताले कसको कुरा पत्याउने ?

शान्ति सम्झौतामार्फत हतियार बिसाएर राजनीतिको मूलधारमा आइसकेको राजनैतिक दलका लागि उसका कार्यकर्ताहरू संयमित र मर्यादित हुनु आवश्यक हुन्छ। नेतृत्वतहले मूलधारको राजनीतिलाई अघि बढाउन उसका कार्यकर्ताहरू पनि त्यही बाटोमा हिंड्नु आवश्यक मानिन्छ। नेतृत्वले एउटा कुरा गर्ने, कार्यकर्ताले अर्को व्यवहार गर्ने रणनीति राजनीतिमा कहिल्यै कतै सफल हुन सक्दैन भन्ने कुरा माओवादी नेतृत्वले नबुझेको हुनै सक्दैन। मुलुकलाई साना–मसिना घटनाहरूमा अल्झाएर त्यसको राजनैतिक लाभ लिन चाहने रणनीति जहिले पनि सफल हुन्छ भन्ने कुरा नेपालका सन्दर्भमा पछिल्ला घटनाक्रमहरूले गलत प्रमाणित गरिसकेको छ। यो कुरालाई माओवादी नेतृत्वले समयमै बुझ्न सकेन भने उसको राजनैतिक भविष्यमाथि नै प्रश्नचिह्न उठ्न सक्छ। माओवादीहरू मुलुकमा वास्तवमै शान्ति स्थापना गरेर संविधानसभामार्फत नेपाल र नेपाली जनताको भाग्यरेखा कोर्न चाहन्छन् भने उनीहरूले आफ्ना भातृ संगठनमार्फत् आमजनता, जसमा सबै वर्ग संलग्न छन्, लाई अनाहक प्रताडित गर्ने, अपहरण गरी कुटपिट गर्ने, गैरकानुनी रूपमा चन्दा माग्ने, ज्यान मार्नेसम्मको धम्की दिने, ज्यान मार्नेजस्ता कामहरू तत्काल बन्द गर्नुपर्छ। यस्तो काम जुनसुकै माध्यमबाट अथवा जुनसुकै वर्गबाट गरिए पनि त्यसलाई संगठनको आवरण दिएर गलत कामलाई प्रश्रय दिने काम गर्नुहुँदैन। यो कुरा माओवादी नेतृत्वले जति छिटो बुझ्न सक्छ त्यति नै उसको राजनैतिक भविष्यले सुरक्षित अवतरण पाउँछ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# सुरताल नमिलेका तरंगहरू





डा. डी.पी. भण्डारीसँग
अन्तरंग

**प्रिय विपासना,**

भन्न अति गाह्रो छ इतिहासको कुन निश्चित प्रवाहदेखि मानिसको जात यति धेरै अहंकार, अभिमान र आत्मप्रदर्शनको संयुक्त योगबाट पीडित हुन थाल्यो। अनुमान मात्र गर्न सक्छु कि सभ्यताको रोगनबाट मण्डित हुनुभन्दा पहिले मानिस यति घातक रूपले अहंकारग्रस्त थिएन। शुद्ध निर्वोधतामा एकदमै आधारभूत आवश्यकतापूर्ति गर्नमा विशुद्ध सरल अस्तित्व बाँचिरहेका थिए तिम्रा र मेरा सुदूर अतीतका पुर्खाहरू। जब तिमी आँखा चिम्लेर पूर्वदृष्टि दिन्छौ तिम्रो भावदशा पोएटिक, काव्यात्मक चरित्र ग्रहण गर्न थाल्छ। 'तिम्रो' भित्र 'मेरो' पनि अन्तर्निहित छ। फरक यति मात्र छ कि तिमी एक सुकवि, म एक कुकवि। दोहऱ्याउन चाहन्छु : अतीत-भ्रमणमा मानिस– यदि धेरै ठूलो मूढ छैन भने– काव्यात्मक भावदशामा हुन्छ। बितिसकेका दिनहरू जति टाढा हुँदै जान्छन् त्यति बढी हामी भावाविष्ट हुन्छौं मननशील क्षणहरूमा। त्यो रहस्यलोकबारे थरी-थरीका चिन्तन खेल्न थाल्छन् हाम्रो अन्तरमनभित्र– एक धूमिल, मधुर, तटस्थ उन्मिलन।

धेरै टाढाको समयको मानसिक यात्रामा हामी अचेतनतः आफ्नै अनुहार हेर्न खोज्छौं। निकटको अतीतमा आफ्नै बदलिरहेको अनुहार हेर्न खोज्छौं : हाम्रो राग, हाम्रो रिस, हाम्रो प्रीति-घृणाको लुकामारी सबै ताजा नाचिरहेका हुन्छन् हाम्रो स्मृतिमा। ती दुई थरीका स्मृतिबाट आज अलिकति विचलित भएको अनुभव गरिरहेको छु। हाम्रा पुर्खाहरू वानर थिए कि थिएनन्, म विश्वस्त भएर केही भन्न सक्दिनँ, तर अहिले मानिसहरूको व्यवहारबारे समीक्षात्मक दृष्टिपात गर्दा मानिस वानरको विकसित रूप नभएर पतीतोन्मुख देखिन्छ। हामी वानरजस्तै अहिलेसम्म पनि भोजन, बास र प्रेम क्रीडाका लागि कलह गरिरहेका हुन्छौं– विवेकशीलताको दावी गर्दागर्दै।

स्वदेशमा प्रजातान्त्रिक संग्राम एक चरणसम्म स्वस्थ जागृतिको लक्षण हो भने, मानवीय मूल्य-मान्यताबाट विचलित भएर विकृतितिर उन्मुख हुन्छौं भने त्यहाँ अस्वस्थताको आगमन अनुभूत हुन थाल्छ। संकीर्णता, शक्तिमादकता, विभाजनकारी वृत्ति र व्यवहार, प्रजातान्त्रिक मूल्य र व्यवहारका लागि सहयोगी नभएर असहयोगी हुन्छन्। उद्दात्तता, कल्पनाशीलता, सौहार्द र इमान्दारी आदि शुभलक्षणहरूको अभावमा प्रजातन्त्रजस्तो अति सुन्दर व्यवस्था पनि कुरूपतामा खस्न सक्छ। दम्भ, स्वार्थ, संकीर्णता र शक्ति आकांक्षा यति प्रबल पारदर्शितासित अहिले नेपालमा परिलक्षित भैरहेका छन् कि कुनै शान्त, मौन पलहरूमा भयाक्रान्त हुन्छु कि कतै हामी प्रजातन्त्रसित ऐन मौकामा दुर्व्यवहार त गर्नेछैनौं।

प्रजातन्त्र एक अति नै कोमल व्यवस्था हो। निरन्तर सैद्धान्तिक र व्यावहारिक कठोरता उसका लागि चुनौती भएर आएका छन्– अक्सर आएका छन् इतिहासको गतिभित्र। जोड दिएर पुनरुक्त गर्नुपर्ने सत्य हो : प्रजातन्त्रको अभ्यास अवसर मात्र नभएर चुनौती पनि हो। जुन समाजले यो मर्म बुझ्न सक्यो त्यहाँ प्रजातान्त्रिक व्यवस्था सफल मात्र होइन, अनुकरणीय पनि भएको छ– विशेषतः पश्चिमा देशहरूमा। विश्लेषकहरू भन्न थालिसके– भारतजस्तो विशाल देश पनि स्वतन्त्रता प्राप्तिको छ दशकपछि एक सफल भाइब्रेन्ट डेमोक्रेसीका रूप लिएर जाँदैछ आफ्ना अन्तर्निहित सिमानाहरूका बाबजुद।

आस्था र इमान्दारीसित सञ्चालन गर्न सक्यो भने नेपाल एक्काइसौं शताब्दीको प्रथम सोपानमा नै विश्वसनीय संकेत दिनसक्छ प्रजातान्त्रिक कौशलको। पुरानै संस्कार र शिथिलताबाटै ग्रस्त भैरहन्छौं भने हामी त्यही हुन नियतिबद्ध हुनेछौं जो हामी सार्वजनिक मञ्चहरूमा ओजपूर्ण भाषणा दिंदा वा संवादमा संलग्न हुँदा चाहदैनौं। उत्साही भाषणहरूमा नेपालको भविष्य सधैंभरि चम्किलो, सुकिलो, प्रकाशपूर्ण मात्र देखिएको छ, मैले अहिलेसम्म ग्रहण गरेको अनुभवमा। हाम्रो आन्तरिक, जैविक र नैतिक संविधान मध्यकालीन छ, सपना अत्याधुनिक चौतर्फी प्रगतिको छ– कहिले स्पष्ट, कहिले संदिग्ध।

प्रिय ! राजनीति, ध्यान र आध्यात्मिक साधनाबारे एकै लेखमा चर्चा गर्ने प्रयास अवश्य पनि संगति मिलेको यत्न होइन, तर आज बिहानको मननशील मुद्रामा के-के भाव-तरंगहरू उर्लिरहे म सबैको सानो वृत्तान्त पनि दिन सक्दिनँ। कहिले मन अराजक हुन्छ, कहिले बढी तार्किक र संयमित हुन्छ। बुद्धको विपासना, कविरको मस्ति, मीराको नृत्य, ओशोको क्रान्ति, जिसस क्राइस्टको बलिदान, शेक्सपियरको कला र विश्वदृष्टि मेरो मानसिक चञ्चलताभित्र एक प्रकारको नाच नाचिरहेका थिए, विश्व र नेपालमा घटिरहेका राजनैतिक घटना र चिन्तनहरू अर्कातिर र तिम्रो कविता र गजलहरूको मधुरता अर्को किनारामा गुञ्जित भैरहेका थिए।

तिमीसित सिकेको विपासना ध्यानको स्मृति सर्वाधिक धक्का दिइरहेको थियो। जहाँ हाम्रो मन एकाग्रतामा रमण गर्न असमर्थ हुन्छ तब हामी वैचारिक र भावनात्मक रूपले विभाजित हुन बाध्य हुन्छौं। आजको उषाकालमा मेरो स्थिति यस्तै थियो। एकाग्रताको शून्यतामा पशुपति भ्रमणमा गएँ। केही शान्तिको अनुभूति त पाएँ तर लघुकालीन रह्यो त्यो स्थिति। सोचें आन्तरिक कोलाहललाई शब्दित गर्नुपऱ्यो। त्यही निर्णयको नतिजा हो यो पत्र। प्रतिमासम्पन्नहरू मेरो स्थितिलाई अति सुन्दर शैलीमा प्रस्तुत गर्न सक्छन् भने मजस्ता प्रतिभाविहीनहरू अभिव्यक्ति दिने प्रयासमा लडखडाउन मात्र सक्छन्। अनि म तिम्रो कविता र तिम्रा निबन्धहरू सम्झेर ईर्ष्यामा छटपटिन थाल्छु।

त्यही बिहान सुनें कि विश्वकपको एक चरणमा भारत र पाकिस्तानले अति नै नमीठो पराजय बेहोर्नुपऱ्यो। क्रिकेटबारे निपट अनाडी हुँदाहुँदै पनि म आफैं चकित हुन पुगें बंगलादेशजस्तो कमजोर टिमसित भारतजस्तो बलियो टिम पराजित भएकोमा। भारतमा निकै लामो समयसम्म विद्यार्थी-जीवन बिताएकाले, त्यहाँका स्थूल-सूक्ष्म मुद्रा, भावभंगिमा, हास-आश्रु र अरू सांस्कृतिक-सामाजिक अन्तर-कुन्तरसित राम्रै परिचय पाएकाले पनि हुन सक्छ, मेरो भारतप्रतिको सहानुभूतिको कारण। मलाई राम्रै ज्ञान छ, भारतीय सामाजिक मनोविज्ञान र दैनन्दिनी जीवनमा देखा पर्ने छटा र छविबारे।

पूर्वदृष्टि दिँदा सामान्य शिक्षितहरूको मूल्यपद्धति र रुचिबारे म सकारात्मक धेरै कम छु, निषेधात्मक धेरै बढी छु, तर नेपालमा बसेर भारत बसाइकालको स्मरण गर्दा म विधायक मूल्यांकन गर्नतिर बढी लच्किरहेको हुन्छु। भारतमा बस्दा नेपालको बढी माया लाग्छ। नेपालमा बस्दा विदेशमा देखे-भोगेका घटनाहरूको सम्झना बढी मीठो हुँदो रहेछ। यही मनोविज्ञान हो भारत हारेकोमा दिक्क हुने कारण। अन्ततः क्रिकेटयुद्ध नेपालमा चलिरहेको राजनैतिक रंग लिएर आएको संकीर्ण क्षेत्रीयता, जातीयताको धारणाभित्र अन्तर्निहित युद्धको मेट्याफर बनेर आयो। खेलमैदानको युद्धमा सिर्जनात्मक स्वाद आउछ, साम्प्रदायिक कलहमा अस्वाद आउँछ, पीडा पुग्छ।

*इस जिस्म की केचुली में इक नाग भी है/आवाजे- शिकस्ते-दिल मे इक राग भी है*
*बेकार नही बना है इक तिनका भी/खामोश दियासलाई में आग भी है।*

**पो.ब.नं. २९७४**



## नीति-नियम

**दुष्ट व्यक्तिको संगत भएपछि उसको कामलाई हेरेर अपराधको अनुमान हुन्छ। लुटिएको धन–द्रव्य देखेर नै बुद्धिमान् मानिसले अपराध तत्त्व बुझिहाल्छ।**

**व्यवहार (मुद्दा लड्न) मा आउन नसक्ने वा नजान्ने वादी–प्रतिवादी आदि जो सुकैले पनि कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि बनाउनुपर्छ र आदेश अनुसार कार्य गराउनुपर्छ।**

**यदि कसैले कसैलाई प्रतिनिधि बनाएर कुनै काम गराएको छ भने उसले पनि आफ्नै काम गरेको सम्झनुपर्छ जुन फेरि उल्टिन नसकोस्।**

**–शुक्रनीति**

**अनुवाद : रामहरि बन्जारा**



## चिठी पत्र

### उचित सम्मान होस्

नेपाली जनताले शान्ति र लोकतन्त्रका पक्षमा गगनभेदी नारा लगाउँदै सुरु गरेको संघर्ष अब एक वर्ष पूरा हुन लागेको छ। २०६२ चैत २४ गतेदेखि मानवसागर निरन्तर रूपमा १९ दिनसम्म उर्लिरह्यो। निरंकुशताका अवरोधहरू छिचोल्दै गाउँ, सहर, हिमाल, पहाड र तराई आन्दोलनमय बने। प्रत्येक व्यक्ति, अनि घर-घर आन्दोलित बने। हिंसाको भूमरीमा बाँचिरहेका नेपालीहरू यतिबेला शान्तिको खुला आकाशमा रमाइरहेका छन्। मुलुक नयाँ नेपाल निर्माणको सँघारमा उभिएको छ।

मुलुकलाई यो स्थितिसम्म ल्याइपुऱ्याउन थुप्रै नेपालीको महत्त्वपूर्ण योगदान छ। लोकतन्त्र र शान्तिको लडाइँ लड्ने क्रममा देशभरिबाट साढे सात हजार व्यक्ति घाइते बनेका छन्। कयौंले आँखाको ज्योति गुमाएका छन्। कसैले हातखुट्टा गुमाएका छन्, कोही अझै अस्पतालका शैयामा मृत्युसँग लडिरहेका छन्, नेपाली आमाका २१ जना वीर सन्तानले ज्यान गुमाए।

जनआन्दोलनको बलमा सरकार पुनः स्थापित भयो। नेताहरू सडकबाट संसद्मा पुगे, तर जनताको काँध टेकेर सरकारमा पुगेका नेताहरूले जनआन्दोलनको भावना र मर्मलाई भुलिसके जस्तो लाग्छ। आफ्नो अमूल्य ज्यान गुमाउने सहिदका परिवारलाई १० लाख दिएर सरकारले भुलायो। कारण सहिद परिवारलाई दिइने भनिएको मासिक पाँच हजार आगामी असारभन्दा उता दिने-नदिने अनिश्चित छ।

सबैभन्दा बढी पीडा खेप्ने जनआन्दोलनका घाइतेहरू छन्। जनआन्दोलनका घाइतेहरूका लागि गठित संसदीय टोलीमा अहिलेसम्म करिब सात हजार घाइतेको विवरण आइसकेको छ। सरकारले पटक-पटक घाइतेहरूलाई क्षतिपूर्ति र रोजगारी दिलाउने आवश्वासन दियो तर पूरा गरेन, कार्यान्वयन भएन। यसरी घाइतेहरूलाई पूर्ण रूपमा बेवास्ता गरेको देखियो। कार्यक्रमहरूमा नेता ठूल्ठूला भाषण गर्छन् तर भोलिपल्ट आफूले गरेका वाचा भुलिसक्छन्।

अहिले सरकारले घाइतेहरूलाई परिचयपत्रको व्यवस्था गरिदिने निर्णय गरेको छ। प्रजातन्त्र दिवसको मौका पारेर पहिलो चरणमा घाइतेहरूलाई गृहमन्त्रीबाट सम्मानपत्र पनि दिइयो तर कागजमा लेखिएको त्यो सम्मानपत्रले मात्र के गर्नु ? त्यसैले घाइतेहरूलाई शिक्षा, स्वास्थ्य, यातायात जस्ता कुराहरूमा सुविधाका साथै रोजगारी एवं उचित क्षतिपूर्ति पनि दिनुपर्छ।

**नरेन्द्र रौले, आरआर क्याम्पस, काठमाडौं**
**जनआन्दोलनका घाइते**
**(पुरस्कृत पत्र)**

### नरमाइलो लाग्छ

म 'साप्ताहिक' को नियमित पाठक हुँ। यसको कुनै एक अंक मात्र हेर्न र पढ्न नपाउँदा ज्यादै नरमाइलो लाग्छ। 'साप्ताहिक' मा प्रकाशित गजल, कविता र लघुकथामा पारिश्रमिकको व्यवस्था छ कि छैन ? जानकारीको अपेक्षा राखेको छु। पारिश्रमिकको व्यवस्था छ भने त्यससम्बन्धी नियमहरू के छन्, बताइदिनुहोला, साथै 'साप्ताहिक' को उत्तरोत्तर प्रगतिको कामना !

**–बद्रीप्रसाद शिवाकोटी, सुनखानी ८, दोलखा**

*(गजल, कविता, लघुकथा, जीवनको गोरेटोजस्ता कतिपय स्तम्भमा पारिश्रमिकको व्यवस्था गर्न सकिएको छैन। पारिश्रमिक उपलब्ध हुने सामग्रीहरूका लागि साधारणतया रचना प्रकाशित भएको तीन सातापछि सोमबार, बुधबार र शनिबार ११ बजेदेखि ३ बजेभित्र आफ्नो परिचयपत्रसहित पब्लिकेसन्सको लेखा शाखामा सम्पर्क राख्नुपर्छ। आफ्नो पारिश्रमिक तीन महिनाभित्र लिइसक्नुहुन अनुरोध छ। –सम्पादक)*

### समान होस्

देशका बेरोजगार युवावर्ग एवं सीप सिक्नेहरूका लागि आवश्यक विज्ञापन साप्ताहिकमा प्रकाशन हुन्छन्। यसका लागि साप्ताहिकलाई धन्यवाद नदिइरहन सकिँदैन। किनकि यसले गर्दा देशको जनशक्ति रोजगार हुनेछ। साप्ताहिक उपत्यकामा मात्र बिक्री हुँदैन, यो त पूरै देशको युवावर्गको लोकप्रिय पत्रिका हो। यसमा प्रकाशित हुने विज्ञापनहरू काठमाडौंका मात्र हुन्छन्। यसबाट उपत्यका बाहिरका बेरोजगारलाई के फाइदा ? त्यसकारण विज्ञापन समान रूपमा सबै क्षेत्रका लागि उपयुक्त हुनेगरी प्रकाशित होस्, यसबाट साप्ताहिक अझ लोकप्रिय हुने थियो।

**सुनामी पोखेल, झापा**

## तीतो सत्य

-हाँसोविनाको जीवन नीरस हुन्छ।

-अविश्वासको बजारमा विश्वास लिलाम हुन्छ।

-नियतिले ठगेको मानिसलाई सबैले हेंला गर्छन्।

-जीवन संघर्ष एवं सम्झौताको नाम हो।

-कुवाको पानी नसकुन्जेलसम्म पानीको महत्त्व थाहा हुँदैन

**सुवासचन्द्र भेटवाल**

-गरिब हुनु एउटा भयंकर रोग हो। यो रोग लागेपछि आफ्नो मानिसले पनि पराई सम्झन्छ।

-पहिले गलाको हार भएको मानिस पछि गएर घाँटीको पासो बन्न सक्छ।

-हाम्रा हरकुराको अन्तिम लक्ष्य मृत्यु नै हो।

**राघव श्रेष्ठ, तुलसीपुर, दाङ**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

# संविधानसभा व्यक्ति-अभिव्यक्ति

हरेक दलले आफ्नो भावी कार्यक्रम र सिद्धान्तलाई गाउँका वडा-वडासम्म पुऱ्याउन सक्ने वातावरण बनेन भने निष्पक्ष र भयरहित निर्वाचन हुन सक्तैन। दलहरूको आफ्नो नीतिलाई गाउँसम्म पुग्ने अभियानलाई रोक्नु निर्वाचन भाँड्नु हो। दुर्भाग्यका साथ भन्नुपर्छ, संविधानसभा हुनुपर्छ भनेर कराउनेहरू नै निर्वाचन बिथोल्ने काममा लागेका छन्।

**पशुपतिशमसेर राणा**
**अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**

हामीलाई सरकारमा लाने हो भने जेठ मसान्तसम्ममा संविधानसभाको निर्वाचन गराएरै छाड्छौं। यो कुनै काल्पनिक कुरा होइन, निर्वाचन आयोगलाई सहयोग गर्ने र उसले युद्धस्तरमा काम गर्ने हो भने यसो गर्न सम्भव छ। यति भन्दाभन्दै पनि हामीलाई सरकारमा लगिँदैन भने बुझ्नुपर्छ– सात दलमध्ये धेरैलाई जेठमा संविधानसभाको निर्वाचन गर्ने इच्छा छैन।

**कृष्णबहादुर महरा**
**नेता, नेकपा माओवादी**

मुलुक आमूल परिवर्तनको सँघारमा उभिएको वर्तमान घडीमा संक्रमणकालको व्यवस्थापनमा नेकपा (माओ-वादी) बाधक भएको छ। हिंसाको बाटो परित्याग गरी शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोमा आएको नेकपा (माओवादी) अझै पनि पुरानो हिंसाजन्य राजनीतिको धङधडीबाट मुक्त हुन सकिरहेको छैन। संविधानसभाको मिति तोक्न नसकिनु माओवादीको यही शैलीको परिणाम हो।

**युवराज कार्की**
**नेता, एमाले (बुधबार साप्ताहिक)**

जेठभित्र संविधानसभाको निर्वाचन गर्ने भन्ने आधारमा नै सबै समय-तालिका निर्धारण भयो। समयले भ्याउँछ कि भ्याउँदैन भनेर विचार-विमर्श गरिएन। जेठ महिनाभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्न सबै इमान्दार भएर एउटै विचारमा उभिएर अघि बढ्नुपर्छ भन्ने देखिएन। आठ दलभित्रै खुट्टा तानातान सुरु भयो।

**राजेन्द्रप्रसाद पाण्डे**
**स्थानीय विकासमन्त्री (बुधबार साप्ताहिक)**

निर्वाचन आयोगले दिएको तालिकाअनुसार अहिले पनि हामी अघि बढ्यौं भने जेठमा निर्वाचन हुन सक्छ, तर मुलुकमा हतियारको बोलवाला चल्ने यही किसिमको परिस्थिति कायम रहने हो भने कसरी जेठमा निर्वाचन होला ? अहिले पनि गाउँ-गाउँबाट एमाले, काङ्ग्रेस लखेटिइरहेका छन्। त्यसैले संविधानसभा निर्वाचन गर्ने कि नगर्ने माओवादीको हातमा छ।

**अर्जुननरसिंह केसी**
**नेता, नेपाली काङ्ग्रेस (दृष्टि साप्ताहिक)**

मुलुक यतिखेर अन्त्यन्त गम्भीर राजनैतिक मोडमा छ। यो ऐतिहासिक परिवर्तनलाई स्थायी रूपमा संस्थागत गर्न जेठमा संविधानसभाको निर्वाचन गर्नैपर्छ। बन्द, हड्तालजस्ता विरोधले बेलैमा निर्वाचन हुन नदिने प्रयत्न गरेको छ। यसमा गम्भीर षड्यन्त्र लुकेको देखिन्छ।

**डा. गोविन्दबहादुर थापा**
**बुद्धिजीवी (बुधबार साप्ताहिक)**

माओवादीले संविधानसभाको कुरा उठाए भनेर उनीहरू नै संविधानसभाको निर्वाचन गर्न हतार गरिरहेका छन् भन्नु गलत हो। कुरा उठाएकै आधारमा विश्लेषण गर्ने हो भने सबैभन्दा पहिले नेपाली काङ्ग्रेसले संविधानसभा निर्वाचनको कुरा उठाएको हो। हिजो संविधानसभाका बारेमा कसले के भने होइन, अहिले संविधानसभाको निर्वाचनमा कसले बाधा दिइरहेको छ, त्यो कुरा मनन गर्नुपर्छ।

**सुजाता कोइराला**
**केन्द्रीय सदस्य, नेपाली काङ्ग्रेस (दिशानिर्देशमा विजयकुमारसँग)**

संविधानसभाको निर्वाचन भए नेपालमा निश्चित रूपमा गणतन्त्र आउँछ। त्यो गणतन्त्र सबै नेपाली जनता विशेष गरी आदिवासी-जनजाति, मधेस, महिला, पिछडिएका क्षेत्र तथा वर्गलाई समेट्ने सम्भावना देखिन्छ। त्यसैले संविधानसभा निर्वाचनमा ढिलाइ गर्न विभिन्न बखेडा झिकिँदैछ।

**रामसिंह श्रीष**
**अध्यक्ष, नेकपा (एकीकृत) (नेपाली पत्र)**

दरबारकै चलखेलका कारण २०१५ सालसम्म लम्बिँदै गएर संविधानसभाको निर्वाचन हुन सकेन। अहिले पनि दरबारकै चलखेलका कारण जेठमा हुने भनिएको निर्वाचन गर्न गाऱ्हो परेको छ। दरबारको सिता खाएकाहरू चर्को गणतन्त्रवादी भएर तराईको आन्दोलनमा भेटिनुले हामीलाई संविधानसभा २०१५ सालकै जस्तो हुने हो कि भन्ने चिन्ता लागेको छ।

**मानबहादुर विश्वकर्मा**
**राज्यमन्त्री, वातावरण, विज्ञान तथा प्रविधि (घटनाविचार साप्ताहिक)**

अब संविधानसभाको निर्वाचनले राजा फ्याँक्छ भन्ने कुरामा कसैले पनि द्विविधा नमाने हुन्छ। त्यसपछि राजाले सहजै जनताको फैसला मान्छन् ? के तिनले सहजै वाकओभर देलान् ? विगतका क्रियाकलाप अध्ययन गर्दा त्यो फैसला मान्न गाऱ्हो छ। यसका लागि नेपालका राजनैतिक दल र नेपाली जनताले अर्कोएउटा निर्णायक धक्काका लागि तयार बस्नैपर्छ।

**कृष्ण पोखरेल, प्राध्यापक**

दामनमा स्तम्भकारको भेला भयो। त्यहाँ संविधानसभाको विषयमा पनि छलफल भयो। म परें साहित्यिक स्तम्भकार। त्यसो भन्दैमा म पनि संविधानसभाको रनाहाबाट किन बच्थें र ? अब यस्तो साहित्यिक सिर्जना गर्नुपऱ्यो, जसले मलाई संविधानसभाको निर्वाचनमा प्रवेश गराओस्।

**डा. ध्रुवचन्द्र गौतम, साहित्यकार**

देशमा आर्थिक स्थायित्व हुन पनि चाँडै संविधानसभाको निर्वाचन गर्नुपर्छ, किनभने राजनैतिक स्थायित्वबिना आर्थिक सुधार सम्भव छैन। मैले संविधानसभापछिको नेपाललाई आर्थिक सुधारका रूपमा बुझेको छु।

**डा. गोविन्दबहादुर थापा, अर्थशास्त्री**

संविधानसभाको निर्वाचन भएन भने के हुन्छ ? यसको जवाफ सीधा छ– गृहयुद्ध हुन्छ। देखनुभएन, मधेसी, जनजाति, आदिवासी, दरबारियाहरू अहिलेदेखि तातेका ? किनभने उनीहरू यही संविधानसभा नहोस् भन्नेतर्फ नै सङ्केत गरिरहेका छन्। हाम्रा नेताहरूले यसतर्फ ध्यान दिनुपर्छ।

**शम्भु श्रेष्ठ, पत्रकार**

संविधानसभाको निर्वाचन गर्न हामीलाई सरकारमा लानैपर्छ भन्ने होइन। सरकारलाई लाग्छ कि माओवादीलाई सरकारमा लाँदा संविधानसभा निर्वाचनले अझ वैधानिकता प्राप्त गर्छ, त्यस्तो अवस्थामा मात्र हामी सरकारमा जाने हो। संविधानसभाको निर्वाचन गर्न माओवादीको भूमिका सहयोगीको नै हुनेछ।

**प्रचण्ड अध्यक्ष, नेकपा (माओवादी)**
**फायरसाइड, कान्तिपुर टेलिभिजन**

कसले भन्यो जेठभित्र संविधानसभाको निर्वाचन हुँदैन भनेर ? प्रधानमन्त्रीले भनेपछि निर्वाचन जेठमै हुन्छ। रह्यो निर्वाचन आयोगका अप्ठ्यारा फुकाउने कुरा, त्यसका लागि हामी एक साताभित्रै कानुन बनाएर निर्वाचन आयोगलाई जिम्मा दिन्छौं।

**आमोदप्रसाद उपाध्याय**
**नेता, नेपाली काङ्ग्रेस**

संविधानसभाको निर्वाचन गराउने आँट तथा नेपालमा सरकार बनाउने अधिकार आठ दलको मात्र हो भन्ने कुरा निरङ्कुशवादी सोच हो। जनआन्दोलनले स्थापित गरेको मान्यतालाई मैले स्वीकार गरेपछि संविधान मेरो र मेरो दलको पनि एजेन्डा हो। यसलाई तेरो एजेन्डा होइन भन्न पाइँदैन।

**सूर्यबहादुर थापा, अध्यक्ष**
**राष्ट्रिय जनशक्ति पार्टी (इमेज च्यानल)**

मेरा लागि संविधानसभा निर्वाचनले खासै अर्थ राख्दैन। हाम्रो दल संविधानसभाको निर्वाचनमा भाग लिँदैन। स्वतन्त्र व्यक्तिका रूपमा संविधानसभामा हाम्रा मानिस भने पठाउँछौं। सबैले बुझ्नुपर्ने कुरा के हो भने माओवादीहरू एकाधिकारवादी भएकाले यो निर्वाचनको अर्थ छैन।

**मोहनविक्रम सिंह**
**महामन्त्री, नेकपा (मसाल)**

संविधानसभाले गणतन्त्रको निर्णय गऱ्यो भने त्यसलाई राजाले मान्नुपर्छ। किनभने जन्मँदै गणतन्त्रवादीहरूले पनि जनताले राजतन्त्र रोजे त्यसलाई हामी मान्छौं भनिसकेका छन्। चुनाव लडेपछि हारजित हुन्छ। जित्नेले खुसी मान्नु र हार्नेले हार स्वीकार गर्नु प्राकृतिक कुरा हुन्।

**केशरबहादुर विष्ट**
**नेता (राष्ट्रिय जनशक्ति पार्टी)**

## संविधान सभा जिज्ञासा

**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**

**प्रश्न : संविधानसभाका लागि आवश्यक राजनैतिक वातावरण नेपालमा छ कि छैन ? छ भने त्यसले संविधानसभाका लागि आमजनतालाई कसरी उत्प्रेरित गरिरहेको छ ?**

**–दीप खतिवडा, झोराहाट, झापा**

**उत्तर** : संविधानसभाका लागि नेपाली जनता मानसिक रूपमा तयार भैसकेका छन्, यद्यपि संविधानसभाका लागि निष्पक्ष र स्वतन्त्र वातावरणको पूर्वाधार बन्न अझै पनि बाँकी छ, तैपनि नेपाली जनता संविधानसभाको माध्यमबाट आफ्नो भविष्य आफैँ कोर्न उत्साहित छन्, किनभने संविधान-सभाबाट नेपाली जनता नेपालको इतिहासमा प्रथम पटक कुनै बन्देजमा नरही नेपाल राज्यको पुनःसंरचना गर्न उत्साहित छन्। यही कुराले नेपाली जनतालाई संविधानसभाका सम्बन्धमा उत्प्रेरित गरिरहेको देखिन्छ।

**प्रश्न : संविधानसभालाई सजिलोसँग कसरी बुझ्न सकिएला ?**

**–दिनेश अविरल, तानसेन पाल्पा**

**उत्तर** : संविधानसभा जनता आफैँले आफ्नो संविधान बनाउने सन्दर्भमा आफ्ना प्रतिनिधि निर्वाचित गरी गठन गर्ने सभा हो। यसले जनताको सार्वभौम अधिकार प्रयोग गरी संविधान लेखन, अनुमोदन र जारी गर्ने कामसमेत गर्छ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**

# महोत्सवको बाधक विमानस्थल र सडक

पहिलो पटक पाथीभरा महोत्सव मनाउने तयारी गरिरहेका ताप्लेजुङवासीलाई अपेक्षाअनुरूपको तीर्थयात्रि आउँछन् कि आउँदैनन् भन्ने चिन्ता खड्किरहेको छ। यो चिन्ताको मुख्य कारण सुकेटार विमानस्थल र मेची राजमार्गको स्थिति हो।

ताप्लेजुङमा आज चैत ९ देखि पाथीभरा महोत्सवको आयोजना गरिएको छ, तर न त सुकेटार विमानस्थलमा हवाईसेवा नियमित छ, न त मेची राजमार्गमा यातायातका साधन नै। सरकारी उदासीनताका कारण ताप्लेजुङ जोड्ने यातायातका साधनहरू हिउँदमा पनि निर्वाध चल्न नसकेपछि जिल्लावासीहरू महोत्सव लक्ष्यअनुरूप सफल हुने कुरामा सशंकित छन्।

सुकेटार विमानस्थल निर्माण भएको तीन दशक बितिसकेको छ। विमानस्थलमा अहिलेसम्म दोहोरो धावन मार्ग छैन, ग्राभेलिङ गरिएको छैन र विमानस्थलमा भएका खाल्टाखुल्टीसमेत पुरिएको छैन। विमानस्थलको दूरावस्थाकै कारण निजी विमान कम्पनीहरू भित्रिन सकेका छैनन् भने यति एयरलाइन्सले पनि आफ्नो सेवा बन्द गरिसकेको छ। नेपाल वायुसेवा निगमले सातामा दुई पटक उडान भर्ने निर्धारित तालिका भए पनि आक्कल-झुक्कल महिनामा एक-दुई पटक उडान भर्ने गरेको छ।

विमानस्थल निर्माणको नारा लिएर प्रधानमन्त्री, पर्यटन मन्त्रीहरूसहित अनेकौंले सुकेटार विमानस्थलमा हेलिकप्टर उडाइसकेका छन् तर विमानस्थलपूर्वको जमिन सरकारले अधिकरण गर्न र मुआब्जा दिन नसक्दा दोहोरो धावनमार्ग बनेको छैन। धावनमार्ग मर्मत नहुँदा खाल्टाखुल्टी बढी भएकाले जहाज अवतरण र उडान गर्ने समयमा समस्या हुने गरेको चालकहरू बताउँछन्। एकोहोरो धावन मार्ग भएकाले तमोर र कावेली खोलामाथिबाट उठ्ने कुहिरोले अधिकांश समय विमान अवतरणमा समस्या पार्ने गरेको छ। २ हजार ७ सय मिटरको उचाइमा रहेकाले यहाँ मध्यान्हदेखि चलेको हावाका कारण दिउँसो जहाज अवतरण गर्न सकिँदैन।

सुकेटार विमानस्थलको विकल्पका रूपमा सदरमुकाम फुङ्लिङछेउको याङ्लीजुङमा विमानस्थल निर्माण गर्ने कार्यमा जिल्लावासी जुटेका भए पनि पर्यटन मन्त्रालयबाट इन्जीनियरहरू दोस्रो चरणको सर्वेक्षण गर्न नआएका कारण योजनामा प्रगति हुन नसकेको याङ्लीजुङ विमानस्थल निर्माण समितिका संयोजक हेमन्त उप्रेती बताउँछन्।

सदरमुकाम ताप्लेजुङ जोड्ने एक मात्र मेची राजमार्गको अवस्था पनि उस्तै दयनीय छ। निर्माण सुरु भएको डेढ दशक बितिसकेको फिदिम, ताप्लेजुङ सडकखण्डमा अहिलेसम्म ग्राभेलिङसम्म पूरा भएको छैन। ३५ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न गर्ने भनिएको राजमार्गको लागत ७२ करोड पुगिसकेको सडक डिभिजन कार्यालय फिदिमका इन्जिनियरहरू बताउँछन्। यहाँ ८६ किलोमिटरको दूरी पार गर्न पूरा एक दिन लाग्ने गरेको छ। सिमसिम पानी परिदिए त्यो पनि सम्भव हुँदैन। सडकमा यात्रीले बस ठेल्दै, डोरीले तान्दै र गाडीबाट उत्रिएर हिंड्दै यात्रा गर्नुपर्ने बाध्यता कायमै छ।

सडक निर्माण हुन नसक्नुमा ठेकदार कम्पनीले लापरवाहीपूर्वक काम गर्नु, कमिसनको खेल र बाटोको क्षमताभन्दा बढी सामान बोकेका ढुवानीका साधनहरू चल्नु मुख्य कारण रहेको उद्योग वाणिज्य संघ ताप्लेजुङका अध्यक्ष सन्तोष खतिवडा बताउँछन्। ६० मेट्रिक टन क्षमता भएको मेची राजमार्गमा ९५ मेट्रिक टन सामान बोकेका ढुवानीका साधन चल्ने गरेका छन्। ती साधनले बाटो पार गर्न नसकेपछि बाटै छेकेर बसिदिने र बसका यात्रुहरूले ठेलेर, तानेर निकालिदिँदै आफ्नो गन्तव्यतर्फ लाग्नुपर्ने बाध्यता रहेको मेची बस काउन्टरका जंग मुखिया बताउँछन्। यसो गर्दा यात्रीहरू कहिल्यै निश्चित गन्तव्यमा समयमै पुग्ने गरेका छैनन्। यातायात व्यवस्थालाई हेर्न पाँचथरको फिदिममा ट्राफिक प्रहरी पोस्ट राखिए पनि हालसम्म यस्ता गतिविधि नियन्त्रण हुन नसकेको गुनासो बस व्यवसायीहरूको छ। कच्ची बाटो भएकाले थोरै मात्रै यातायातका साधन चल्ने र यात्रिहरूको भीड लाग्ने गरेकाले बसको छतमा समेत यात्रा गर्नुपर्दा यात्रासमेत जोखिमपूर्ण हुने गरेको छ। काउन्टरले एउटै सिट दुई वा अझ बढीलाई बेच्ने गरेकाले बसमा बूढाबूढी एवं केटाकेटीहरूले अत्यन्तै दुःख पाउने गुनासो यात्रीहरूको छ।

**–सीता गौतम, ताप्लेजुङ**

## मेरो विचार

# दलको भूमिका महत्वपूर्ण

छोटो समय र जटिल परिस्थितिका कारण आउँदो जेठमा संविधान सभाको चुनाव सम्पन्न गर्न गाऱ्हो पर्न सक्ने देखिएपछि नेपाली जनताले वर्षौं संघर्ष गरेर प्राप्त गर्न लागेको संविधान बनाउने अधिकार फेरि तुहिने सम्भावना बढेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई संविधानसभाको निर्वाचनअघि कांग्रेस एकीकरण गर्नुपर्ने दबाब परेबाट तथा नेकपा माओवादीलाई पनि तत्काल निर्वाचन भए तराईमा माओवादी नराम्रोसित पराजित हुनसक्ने आशंकाले पिरोलेपछि जेठमा गर्ने भनिएको निर्वाचन कात्तिक–मंसिरमा सर्ने त होइन भन्ने परेको हो, तर प्रमुख राजनैतिक दलहरूले चाहने हो भने जेठमा निर्वाचन सक्न अझै ढिला भैसकेको छैन। यसका लागि दृढ इच्छाशक्ति तथा काममा तीव्रताको आवश्यकता छ।

जेठमा संविधानसभाको निर्वाचन गर्नका लागि राजनैतिक दलहरूले आफ्ना गाउँस्तरसम्मका संयन्त्रमार्फत् मतदाताहरूलाई जागरूक बनाउनुपर्छ, किनकि मतदातालाई जागरूक बनाउने र कस्ता प्रतिनिधि छान्ने भन्ने विषयमा ज्ञान दिने काम दलहरूमार्फत नै सम्पन्न हुन्छ। यसका लागि दलहरूले निर्वाचन आयोगको समेत सल्लाह लिई चाँडो छुट्टै साझा कार्यक्रम घोषणा गरिहाल्नुपर्छ। संविधान सभाको निर्वाचन गराउने निकाय निर्वाचन आयोग भए पनि यसलाई सफल पार्ने दायित्वं राजनैतिक दलहरूको हो। राजनैतिक दलहरूले अब बन्ने संविधानमा के-कस्ता विषय समावेश गर्ने हुन्, तिनलाई सूचीकृत गरेर आजैदेखि आफ्ना कार्यकर्तामार्फत गाउँ तथा सहर दुवैतिरका मतदातासम्म पुऱ्याउनुपर्छ। संविधानसभामा प्रस्तुत हुने विषय राजनैतिक दलहरूले केन्द्रबाट मात्रै नलादी ग्रामीण तहका कार्यकर्तासमेतको रायसुझावका आधारमा मान्यता एवं दृष्टिकोण बनाए संविधानसभा वास्तविक अर्थमा सार्वभौमसत्ता सम्पन्न सभा बन्छ र यसरी तयार हुने संविधानबाट नेपाली जनताको भविष्य उज्ज्वल बन्नेछ।

**–विश्वमणि अधिकारी, पीपलटार, तनहुँ**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रत्येक प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

# फरक धारमा उत्कृष्टता

पृष्ठ १ बाट जारी

'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ।' महाकवि लक्ष्मीप्रसाद देवकोटाका यी हरफले प्रत्येक व्यक्तिलाई महत्त्वाकांक्षी बन्न अग्रसर गराउँछ, तर चन्द्र छुने यो अभियानको यात्रा भने सोचेजस्तो सरल हुँदैन । आफूलाई सफल बनाएकाहरूको कथा धेरैका निम्ति प्रेरणादायी हुनसक्छ । लामो समयदेखि मनोरञ्जन क्षेत्रसँगै जोडिएका यी पाँच युवाहरूले आफ्नो सफलताको कथा रचिसकेका छन् ।

व्यावसायिक एफएमको ट्रेन्ड विकास हुँदै गर्दा आरजे (रेडियो जक्की) लाई पेसा बनाएर स्टेसन म्यानेजर बनेका प्रभात रिमाल, नेपाली मोडलिङको क्षेत्रमा मोडल, कोरियोग्राफर हुँदै इभेन्ट म्यानेजमेन्ट कम्पनी स्थापना गरेका प्रशान्त ताम्राकार, अनलाइनमा मनोरञ्जन समाचार र फोटोग्राफीको सुरुवात गरेर त्यसको ट्रेन्ड विकास गर्ने अभिनव कसजू, डान्सपार्टीहरूका लागि डिजेइङको ट्रेन्ड विकास गर्ने मियो अर्थात् डिजे (डान्स जक्की) डिजे राजु र नेपाली परिवेशमा पुरुषहरूले सैलुन व्यवसायलाई स्वीकार नगरिसकेको अवस्थामा अन्तर्राष्ट्रिय हेयर स्टाइलिस्ट कोर्स गरेर आएका हेयर स्टाइलिस्ट नील डेभिड आ-आफ्नो क्षेत्रमा नयाँपुस्ताका आदर्श बन्न सफल व्यक्तित्व हुन् ।

'भगवानके घरमे देर है, अन्धेर नही ।' यो उक्ति रेडियो कार्यक्रम प्रस्तोता (आरजे) प्रभात रिमालको जीवनसँग जोडिएको छ । काठमाडौंको मुटु भनिने न्युरोडछेवैको मखनटोलमा जन्मिएर हिप्पी संस्कृतिसँगै हुर्किएका रिमालको अहिलेको परिचय हो, मुलुककै लोकप्रिय एफएम स्टेसन कान्तिपुर एफएमको स्टेसन म्यानेजर । हन्ड्रेड मेगाहर्जमा तीन घण्टाको समय खरिद गरेपछि कार्यक्रम चलाउनका लागि कान्तिपुरले 'बी अ रेडियो स्टार' भनेर एउटा विज्ञापन गरेको थियो । साथीको आग्रहमा अन्तर्वार्ता दिन पुगेका प्रभातले अनुहार नदेखिने तर आवाजले चिनिने यो पेसा अपनाएको एक दशक बितिसकेको छ । आरजेदेखि स्टेसन म्यानेजरसम्मको यो यात्रा तय गर्ने क्रममा प्रभातको जीवनशैलीमा पनि थुप्रै परिवर्तन आइसकेको छ ।

हिप्पीहरूको आवतजावत भैरहने गल्ली, पश्चिमा संस्कृतिलाई पछ्याइरहेको तत्कालीन झोंछे स्ट्रिट र देशकै सम्पन्न व्यक्तिहरूको बसोबास क्षेत्रमा हुर्किएका प्रभातको कलिलो मगजमा स्थापित हुन पैसा कमाउनु आवश्यक छ भन्ने कुराले जरो गाडेको थियो । त्यस क्रममै एसएलसी दिएलगत्तै ४० को दशकमा उनले टिक एन्ड टक भिडियो पार्लर सञ्चालन गरे । त्यसपछि पर्यटन क्षेत्रमा जागिरे हुँदै व्यवसाय पनि सञ्चालन गरे । पर्यटन व्यवसायी हुने क्रममा ओरालो लागिरहेको व्यवसायमा लगानी गरेका प्रभातले त्यसअघि कमाएको पैसा पनि गुमाए । मुलुककै ठूला व्यावसायिक गृह खेतान, चौधरी, अमात्य परिवारका सदस्यहरू साथी भएका प्रभातले व्यवसाय असफल भएपछि आफ्नो भाग्यमा जागिरे जीवन नै लेखिएको रहेछ भन्ने सोचे । प्रभातले भने- 'मेहनत गर्दा अझै पनि केही गर्न सकिन्छ भन्ने कुरा कान्तिपुरमा पहिलो पटकको तलब थाप्दा अनुभूति भएको थियो ।'

रेडियो कार्यक्रम प्रस्तोतामा हुनुपर्ने खुबी, कर्णप्रिय आवाज र बोल्न सक्ने क्षमता हो तर यसका अतिरिक्त प्रभात नेपाली, नेवारी र अंग्रेजी तीनवटै भाषामा कार्यक्रम प्रस्तुत गर्न सक्ने भएकाले उनलाई यो पेसाले नाम दियो । प्रभात भन्छन्- 'सपना देख्नु नै छ भने किन सानो देख्ने ? त्यसैले सानैदेखिका मेरा हरेक सपना महत्त्वाकांक्षी हुन्थे ।' लोकप्रिय आरजे भैसकेपछि प्रभात स्टेज उद्घोषण, डकुमेन्ट्री र विज्ञापनमा आवाज दिन त्यत्तिकै व्यस्त भए । प्रभातका अनुसार उद्घोषणलाई पेसागत बनाउने काम त्यतिबेलै प्रारम्भ भएको हो । आरजे मात्र होइन, उनको परिचय भीजे (टेलिभिजन प्रस्तोता) का रूपमा पनि स्थापित भयो ।

उनले नीर शाहको साङ्ग्रिला च्यानलका लागि कार्यक्रम उत्पादकका रूपमा र नेपाल टेलिभिजनमा 'फेस टु फेस' कार्यक्रम पनि चलाए । पछिल्लो अवधिमा प्रभातलाई अर्को पेसाले पनि चिनाउँछ, त्यो हो- डिजेइङ, । व्यापारिक प्रतिष्ठानहरूका लागि उनी डिजेइङ गर्छन् । रेडियोबाट लोकप्रियता पाएपछि पैसा कमाउन व्यवसाय नै गर्नुपर्छ भन्ने उद्देश्य पूरा गर्न उनले 'भोग इभेन्ट म्यानेजमेन्ट कम्पनी' पनि सञ्चालन गर्दै आएका छन् । ●

नील डेभिड, झट्ट नाम सुन्दा विदेशी हो कि भन्ने लागे पनि यिनी वास्तवमा नीलेन्द्र कटुवाल हुन् । फोटोसेसनको क्रममा आफ्नो पोज आफैं तयार पार्ने यी युवाको पेसाले नै उनी स्टाइलिस्ट छन् भन्ने जनाइरहेको थियो । काठमाडौं मलस्थित व्यस्त पार्लरमा व्यस्त अवस्थामा भेटिएका नील झापाको लक्ष्मीपुरमा जन्मिएका हुन् । नीलेन्द्रलाई आजको नील डेभिड बनाउने उनका कर्मपिता डेभिड भाइनाल बेलायती नागरिक हुन् । नेपाल आएको समयमा आपत् परेको अवस्थामा एउटा ठिटोले गरेको सहयोगको गुण तिर्न नै भाइनालले नीललाई उच्च शिक्षाका लागि सहयोग गर्ने वचन दिएका थिए । भाइनालको सहयोगमा हेयर स्टाइलिस्ट बनेका नीलले छोटो समयमै लोकप्रियता हासिल गरिसकेका छन् ।

लोकप्रियताकै कारण काठमाडौं मलका अतिरिक्त नयाँ बानेश्वरमा पनि शाखा खोलिसकेका नीलले आगामी महिना पोखरामा पनि अर्को शाखा खोल्दैछन् । त्यति मात्र होइन्, काठमाडौं मलमै अर्को एउटा कोठामा पनि नीलको पार्लर सञ्चालनमा आउने प्रक्रियामा छ । आमनेपालीले पेसा बनाउन नसकेको सैलुन व्यवसायमा नीलको पेसागत उपस्थिति धेरैलाई प्रेरणादायी बन्नसक्छ ।

विकसित मुलुकमा राम्रो अवसर पाए पनि नीलले आफ्नै देश फर्किएर यो व्यवसाय अँगाल्ने निर्णय गरे । नील भन्छन्- 'मलाई स्वदेशमै काम गरेर नाम कमाउने इच्छा थियो, राम्रो सेवा दिएकै कारण हुनसक्छ, छोटो समयमै धेरैले माया दिनुभएको छ ।' नीलले बानेश्वरस्थित शाखामा प्रशिक्षण कक्षा पनि सञ्चालन गर्दै आएका छन् ।

झापाको कन्काई विद्यालयबाट प्रवेशिका र विराटनगरको महेन्द्र मोरङबाट स्नातक गरेका यी युवाले हेयर स्टाइलिस्ट बन्ने क्रममा 'हबिब्स इन्डिया'मा डिप्लोमा कोर्स गरेका थिए । त्यस्तै कस्मो हेयरड्रेसिङ स्कुल, थाइल्यान्डबाट उनले डिप्लोमा एडभान्स्ड कोर्स हासिल गरे भने यसै वर्ष विश्वकै चर्चित हेयर स्टाइलिस्ट टोनी एन्ड गाइजबाट पनि एड्भान्स्ड कोर्स गरे । अस्ट्रेलियामा काम गर्ने सुवर्ण अवसरलाई लत्याएर उनी नेपाल आएका थिए । नील भन्छन्- 'विदेशीहरूले नाम बेचेकै भरमा पैसा असुलिरहेको अवस्थामा स्थानीय नेपाली युवालाई सीप सिकाउन तथा सेवा प्रदान गर्ने उद्देश्यले स्वदेश फर्किएको हुँ ।' ●

डिजे अर्थात् डान्स जक्की, मानिसहरूको हूललाई हाई भोल्युमको संगीतमा नचाउन सक्ने क्षमता भएको व्यक्ति । रातको १० बजेतिर होटल हयात रिजेन्सीमा भेटिएका डिजे राजु डिजेइङको त्यो दुनियाँमा मस्त थिए । 'बिट मिक्सिङ गरेर घन्काएको संगीतले क्राउड (भीड) कन्ट्रोलमा राख्नुपर्छ,' डिजे राजु ठूलो स्वरमा भन्दै थिए- 'डान्सब्रेक हुन दिनु हुँदैन, नाच्नेलाई नियमित नचाइरहनुपर्‍यो नि ।'

राजुभन्दा अघि पनि डिजेहरू नभएका होइनन्, तर पश्चिमी संस्कृतिलाई अनुसरण गर्दै आएको नयाँ पुस्ताका बीचमा राजु लोकप्रिय भए । डिजेइङमा राजुपछि पनि अहिले नयाँ पुस्ताका करिब एक दर्जन डिजे चर्चामा छन्, तर डिजेलाई पेसाका रूपमा अपनाएर नाम र पैसा कमाउन सक्ने व्यक्तिमा डिजे राजु पहिलो व्यक्ति हुन् भन्ने कुरामा कसैको दुईमत नहोला । अनामनगरस्थित बुम इन्टरनेसनलमा डिजे प्रशिक्षण कक्षा सञ्चालन गर्दै आएका राजु भन्छन्- 'डिजे प्रशिक्षण महँगो भए पनि अहिलेको पुस्तामा यस क्षेत्रलाई क्यारियर बनाउनेहरूको उल्लेख्य संख्या देखेर प्रशिक्षण पनि दिन थालेको हुँ । अहिले मैले करिब १५ जना युवालाई डिजे बनाइसकेको छु ।' कक्षा ४ मा हुँदा आफूभन्दा 'सिनियर' दाइहरूको रकब्यान्डमा सम्मिलित राजुमा त्यस बेला अंग्रेजी संगीतप्रति बढी मोह थियो ।

'त्यस बेला झोंछे स्ट्रिट, दरबारमार्ग र विकासको क्रममा रहेको ठमेल सबैतिर अंग्रेजी गीतकै क्रेज थियो,' राजु सम्झन्छन्- 'भूषण दाहालको सन्डे पप होस् वा माइकल चन्दको म्युजिकल आवर्स, त्यसबेलाका लोकप्रिय कार्यक्रममा त्यसको प्रभाव स्पष्ट देख्न सकिन्थ्यो ।' लामो-लामो कपाल, राम्रो पेन्टलाई पनि च्यातेर लगाउने ट्रेन्डलाई उनीहरूको ब्यान्ड 'न्हाथ चाइल्ड ब्यान्ड' का सदस्यहरू राजु, टीका, अनिल र दिलले पनि पछ्याएका थिए । पब्लिक युथ क्याम्पसमा अध्ययन गर्दागर्दै उनीहरूले क्यासिनो अन्नामा गीत गाउने जागिर पाएका थिए ।

त्यसपछि बी.कम. अध्ययनरत राजु ब्यान्डसहित जर्मनी पुगे । ६ महिने डिजेकोर्स गरेर ब्यान्डका अन्य सदस्यलाई छोडेर उनी नेपाल फर्किए । त्यसपछि राजुले डान्स रेस्टुराँहरूमा डिजेइङ गर्न थाले । डान्स रेस्टुराँको प्रभावका प्रारम्भिक दिनमै डिजे राजुको यो पेसाले पनि स्थापित हुने मौका पायो । स्कुले जीवनदेखि ब्यान्ड बनाएर लोकप्रियता हासिल गरेका राजु सुरुमा ब्यान्डका 'ड्रमर' थिए, त्यसपछि 'डिजे' भए, त्यसपछि कम्प्युटरलाई पेसा बनाउने क्रममा 'डिजाइनर' बने । ●

साइबर संसार डटकम धेरै युवाले इन्टरनेट एक्सप्लोर गर्नेबित्तिकै हेर्ने वेबसाइट हो । नेपालको परिप्रेक्ष्यमा अनलाइनमा मनोरञ्जन पत्रकारिता प्रारम्भ गर्न यो वेबसाइटको अनुकरण गर्दै अहिले यस्तै प्रकारका करिब एक सयवटा वेबसाइट सञ्चालनमा छन् । साइबर संसारमा मोडलहरूको आकर्षक तस्बिर राखिएका कारण पनि यसले छिट्टै चर्चा पायो ।

अभिनव कसजूको कन्सेप्टको यो वेबसाइटले लोकप्रियता कमाएकै कारण हुनसक्छ, उनको कम्पनी ड्रिम्स एन्ड आइडियाजले अहिले विभिन्न क्षेत्रलाई समेटेर करिब एक दर्जन अनलाइन वेबसाइट आफैंले नियमित सञ्चालन गरिरहेको छ । ड्रिम्स एन्ड आइडियाज भन्नेबित्तिकै अभिनवको मात्र नाम लिनु उचित हुँदैन । अभिनवको यो यात्रामा उनका भाइ दीपकंरको पनि त्यत्तिकै सहयोग छ । अनलाइन मनोरञ्जन समाचारको दुनियाँमा पायोनियर मानिएको दाजुभाइको यो जोडीले अहिलेसम्म आफ्नो प्रयोजनबाहेकका दुई सयभन्दा बढी वेबसाइट निर्माण गरिसकेका छन् । पाल्पाको व्यापारिक नेवार समुदायका यी सदस्यद्वयका पत्रकार पिता विनय कसजूले परम्परागत व्यापारलाई छाडेर ग्रामीण पत्रकारितामा काम गरेका थिए । पिताको पत्रकारिता अभियानलाई साथ दिने क्रममै अनलाइन पत्रकारिता सुरु गरेका उनीहरू अहिले पत्रकारितालाई व्यापारिक दृष्टिकोणले प्रयोग गर्न पनि त्यत्तिकै सफल भैसकेका छन् ।

बुबाको पत्रिका निकाल्न पाल्पामा कम्प्युटर लगिएको थियो तर बिग्रन्छ भनेर हामीलाई चलाउन दिइएको थिएन, अभिनव पुराना दिन सम्झँदै भन्छन्- 'हामी दाजुभाइ त्यहाँ काम नभएको बेलामा साँचो चोरेर छिर्थ्यौं । नगर्नु भनेको काममा उत्सुकता धेरै हुन्छ भनेजस्तै हामीले त्यो अचम्मको वस्तु (कम्प्युटर) मा रहेका धेरै कुरा आफैं जान्यौं । हामी राम्रोसँग कम्प्युटर चलाउन जान्ने भयौं भन्ने थाहा पाएपछि सहयोगीका रूपमा काम गर्ने मौका दिइयो ।' दाजुभाइको यो टोलीले स्कुल अध्ययनपश्चात् नै पाल्पामा साइबर क्याफे चलायो ।

काठमाडौंमा इन्टरनेट आएको छ भन्ने सुनेपछि काठमाडौं हान्निएका उनीहरूले आफ्नो सीप देखाएर केही समय वर्ल्ड लिङ्कमा काम गरे पनि पछि आफ्नै व्यवसाय प्रारम्भ गरे । उनीहरू यतिखेर आफ्नो महत्त्वाकांक्षी प्रोजेक्ट ई-नसा डटकमलाई सफल बनाउने अभियानमा सरिक छन् । बृहत् वेब पोर्टल अर्थात् उपभोक्ताका निम्ति चाहिने सबै विषयवस्तुलाई समेट्ने ई-नसा डटकम ड्रिम्स एन्ड आइडियाजको ड्रिम प्रोजेक्ट नै भएको अभिनव बताउँछन् । ई-नसा डटकम पछिल्लो अवधिको वेबपोर्टल हो, जहाँ प्रविधिलाई आत्मसात् गरेको नेपाली पुस्ताले अन्तर्राष्ट्रिय स्वाद भेट्नेछन्, अभिनवले भने ।

इन्टरनेटको संसारमा जमेको दाजुभाइको यो जोडी कुनै बेला पैसा कमाउने अभिलाषामा अमेरिका जाने तयारीमा लागेको थियो, तर भिसा नपाएपछि त्यसकै झोंकमा अभिनवले अनलाइन बिजनेसको खाका कोरेका थिए । त्यसमा केही साथीहरू थिए, उनीहरू पनि बिदेसिएपछि दाजुभाइले ड्रिम्स एन्ड आइडियाजको स्थापना गरे । ●


सन् १९९२ तिर राइजिङ नेपाल अंग्रेजी दैनिकमा एउटा मोडल वान्टेड छापिएको थियो । प्रशान्त ताम्राकार आफ्नो बुबाको सल्लाहमा त्यहाँ पुगे । त्यहाँ प्रशान्तको २-४ सट तस्बिर खिचियो । सानै उमेरदेखि तस्बिर खिचाउन रुचाउने प्रशान्त न्याम्प मोडलिङ 'हिमालयन एक्स्पो' का लागि छनौट भए । प्रशान्त भन्छन्- 'तस्बिर खिचेर फर्कंदा नै मलाई मोडलिङको मोहले तानिसकेको थियो । पछि न्याम्पमा सहभागिता जनाएपछि क्यारियर यसमै बनाउने निधो गरे ।'

त्यसयता फेसनसँग सम्बन्धित दर्जनौं इभेन्टमा सहभागिता जनाइसकेका यी हिरो नेपाली मोडलहरूको पहिलो पुस्तामा पर्छन् । 'त्यसबेलाको हाम्रो समूहका प्रायः सदस्य हाल यो क्षेत्रमा छैनन्,' प्रशान्त भन्छन्- 'सामान्य जीवन बिताउन मसँग पैसा कमाउने अन्य विकल्प थिए, तर मैले यसमै क्यारियर खोज्ने प्रयास गरें ।' यो क्षेत्रसँग नजिकिन खोज्ने नयाँ पुस्तालाई मोडलिङमा प्रवेश गराउन पनि प्रशान्तको भूमिका त्यतिकै महत्त्वपूर्ण मानिन्छ । पेसाले हाल वीज इन्टरनेसनल इभेन्ट म्यानेजमेन्ट कम्पनी चलाउँदै आएका प्रशान्तले मोडलिङको क्यारियरसँगै कोरियोग्राफीमा समेत दक्षता पुष्टि गरिसकेका छन् ।

मोडलिङमा सक्रिय हुनुअघि करिब आधा दर्जन व्यापारिक संस्थाको लेखा व्यवस्थापनको काम गरेर पैसा कमाउन सक्ने बाटो रोजेका प्रशान्तले मोडलिङमा आएको केही समयमै हलिउड चलचित्र लिटिल बुद्धमा अभिनय गर्ने अवसर पाए । 'एकातर्फ होटलहरूमा सानदार शैलीमा फेसन सोहरूको आयोजना हुन्थ्यो भने अर्कातर्फ हलिउड चलचित्रको छायाङ्कन,' प्रशान्तले मोडलिङको त्यो बेलालाई सम्झँदै भने- 'मलाई लाग्यो, नेपाली मोडलिङको क्षेत्र छोटो समयमै निकै माथि पुगिसकेको छ ।' त्यसबीच उनले पत्रपत्रिकाको विज्ञापनदेखि टेलिभिजनको विज्ञापनसम्म अभिनय गर्ने मौका पनि पाए । 'तर मैले सोचेजस्तो अवस्था आइसकेको रहेनछ ।'

प्रशान्तको मोडलिङ क्यारियरलाई साथ दिन भारतमा आयोजना भएको ग्राभिएरा म्यानअफ ९४, सिंगापुरमा आयोजना भएको म्यानहन्ट इन्टरनेसनल प्रतियोगिता-९५ ले महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यहाँका कार्यक्रममा उपाधि जित्न नसके पनि सहभागिताले मात्र पनि उनलाई नेपाली मोडलिङलाई स्थापित गर्ने काममा सक्रिय हुने प्रेरणा दियो । 'नेपालमा आयोजना हुने फेसन सोभन्दा विदेशका सो धेरै फरक लाग्यो,' प्रशान्त भन्छन्- 'उपाधि नजिते पनि मैले त्यहाँ बुझेका कुरालाई आधारित गरेर यो क्षेत्रमै लाग्ने निर्णय गरें, जुन सही सावित भयो ।' मोडलिङमा एक समय चुचुरोमा रहन सफल भए पनि सधैं त्यही स्थानमा रहन सकिँदैन भन्ने बुझाइकै आधारमा उनले यो क्षेत्रलाई निरन्तरता दिन कोरियोग्राफी तथा इभेन्ट म्यानेजमेन्टमा हात हाले ।

# परीक्षामा आत्मविश्वासको महत्व



भवसागर घिमिरे

कठोर परिश्रम र निरन्तर अभ्यासद्वारा कुनै पनि व्यक्ति प्रतिभाशाली बन्न सक्छ। यसका निम्ति उसमा आत्मविश्वास आवश्यक छ। भनिन्छ, आत्मविश्वास-बिनाको मानिस जरा काटिएको रूखसरह हुन्छ। केही क्षण त टाठो होला तर पछि ओइलाइहाल्छ। अन्य वातावरणका साथसाथै जसरी एउटा बोट बढ्न, फुल्न र फल्नका निम्ति त्यसको जरा बलियो हुनु आवश्यक छ, त्यसै गरी चौतर्फी विकासका लागि दह्रो आत्मविश्वास आवश्यक छ। ठूला-ठूला लेखक, कवि, वैज्ञानिक, कलाकार आदिको जीवनी पढ्ने हो भने उनीहरूको सफलताको धरातलमा उनीहरूमा निहित आत्मविश्वास नै भेटिन्छ।

एसएलसी परीक्षा-२०६३ नजिकिँदै छ र सञ्चारका विभिन्न माध्यममा एसएलसीका पाठ्यक्रमका साथसाथै यसका अन्य विभिन्न पक्षमा चर्चा-परिचर्चा भएको पाइन्छ, जुन परीक्षाको तयारीमा जुटेका विद्यार्थीका निम्ति लाभदायक कुरा हो। आफूले परीक्षा दिने विषय तथा परीक्षाको वातावरण आदिको जानकारीसँगै विद्यार्थीलाई आफूभित्रको क्षमता र प्रतिभाका बारेमा पहिचान हुन सके अझ राम्रो हुन्छ। यसको अर्थ आफ्नो ज्ञानको परीक्षा आफैँले बेलाबेलामा लिने र आफ्नो अवस्था एवं तयारीका सम्बन्धमा आफैँलाई झकझकाइरहनु फलदायी हुन्छ।

एकथरी विद्यार्थी यस्ता हुन्छन्, जो परीक्षा हलमा छिरेपछि हतोत्साही हुन्छन् र जानेका कुरा पनि लेख्न सक्दैनन्। अर्का थरीले आफूले थोरै मात्र जानेको कुरामा पनि सुहाउँदा उदाहरण र पूरक प्रसङ्गहरू गाँसेर उत्तरलाई प्रभावकारी ढंगमा प्रस्तुत गर्न सक्छन्। यी दुवै थरीका बीचमा फरक छ त केवल उनीहरूमा रहेको आत्मविश्वास, जसले उनीहरूको मस्तिष्कलाई तिखार्ने काम गर्छ।


भिक्टर फ्रयाङ्कले भनेका छन्, 'हरेक मानिसभित्र हिटलरजस्ता क्रूर व्यक्तिले पनि पराजित गर्न नसक्ने शक्ति हुन्छ।' उनी लाखौँ यहुदीलाई मार्ने क्रममा हिटलरले राखेको कन्सन्ट्रेसन क्याम्पबाट सकुशल फुत्कन सफल भएका थिए। त्यस बेला उनको सहयोगी साथी अरू कोही नभएर उनीभित्रकै आत्मविश्वास थियो। यसबाट के भन्न सकिन्छ भने मानवीय सोच र प्रयासलाई सफलताको उच्चतम विन्दुमा पुऱ्याउने आत्मविश्वास नै हो। यसको अर्थ यो होइन कि आत्मविश्वास छ भन्दैमा हामी नपढी पास हुन सक्छौँ। जतिसुकै तयारी गरे पनि यदि आत्मविश्वासलाई साथ लिन सकिएन भने आशातीत सफलता हात पार्न कठिन हुन्छ।


हामीले देखेका छौँ, कैयौँ विद्यार्थी परीक्षाको समयमा तनावमा रहने, डरले काम्ने, चिढिनेजस्ता प्रवृत्ति देखाउँछन्। एसएलसी परीक्षालाई 'फलामे ढोका' संज्ञा दिनुले पनि विद्यार्थी मानसिकतामा एक प्रकारको डर पैदा भैरहेको हुन्छ। केहीले त यो ढोका पार गर्नु छ भनेर कठोर मेहनत गर्छन्, तर धेरै विद्यार्थी १० कक्षामा टेक्नेबित्तिकै अरूले मनमा गहिरोसँग रोपिदिएको एसएलसीको डर पालिरहेका हुन्छन्। बिस्तारै बढ्दै गएको यही डर नै परीक्षाको समयमा उनीहरूलाई मनको बाघ बनेर तर्साउँछ। यस्ता मनोवैज्ञानिक असरका कारण पनि परीक्षामा धेरै विद्यार्थी असफल हुन्छन्। सहज रूपमा ग्रहण गर्न सके एसएलसी परीक्षा फलामे ढोका नभएर विद्यार्थीका निम्ति खुला मैदान हुन सक्छ, तर यसका लागि उनीहरूमा अनुशासन, लगन, परिश्रमका साथसाथै आत्मविश्वास पनि आवश्यक छ।


कन्फ्युसियसले भनेका छन्– 'अँध्यारोलाई सरापिरहनुभन्दा उज्यालोका निम्ति एउटा दियो बाल्नु उत्तम हुन्छ।' त्यो दियो हाम्रो मनमा आत्मविश्वास बनेर उदाउन सक्छ। हामीले यसका लागि निम्न कुरामा ध्यान दिन सक्छौँ :


- आफ्नो स्वास्थ्य, समय र परिस्थितिले जति पढ्न भ्याइयो त्यसैबाट, 'म जे लेख्छु राम्रो लेख्छु' भन्ने सकारात्मक सोचको विकास गर्नु उत्तम हुन्छ। मैले थोरै पढेको छु पूरै पुनरावलोकन गर्न भ्याइनँ जस्ता चिन्ता मनबाट हटाउनु नै राम्रो हुन्छ।
- बेला-बेलामा पुराना प्रश्नपत्र लिई परीक्षाकै जति समय लगाएर त्यसका उत्तर लेख्ने अभ्यास गर्नुपर्छ। यसो गरे कुन खण्डलाई, कुन प्रश्नलाई कति समय दिने अनुमान गर्न सहज हुन्छ। आफ्नो कमजोरी के हो भन्ने कुरा एसएलसीको परीक्षामा होइन, त्यसअघि नै पत्ता लाग्छ र त्यसलाई सच्याउन सकिन्छ।
- आफूमा रहेको क्षमतालाई सम्मान गर्नुपर्छ। प्रत्येक बिहान उठ्नेबित्तिकै ऐनाअगाडि उभिएर आफूलाई राम्रो मान्नु र आफैँलाई धन्यवाद दिनुपर्छ। हिजोसम्म गरेका सबै तयारी राम्रो भयो, आज पनि राम्रो गर्छु भन्ने सकारात्मक धारणा राख्नाले शरीरमा स्फूर्ति छर्ने रसायनहरू पैदा हुन्छन्। यसले आत्मविश्वासलाई अझ दरिलो बनाउँछ।
- जे लेख्छु म आफैं लेख्छु र अरूको भर पर्दिनँ भन्ने सोच लिएर परीक्षाको तयारी गर्नु र परीक्षा हलमा उपस्थित हुनु लाभदायक हुन्छ। अरूको केही उत्तर नक्कल गरुँला र पास अंक पुऱ्याउँला भन्ने मनसायले जहिले पनि अन्यौल, डर र अनिश्चितता मात्र निम्त्याउँछ।
- परीक्षाको घडी नजिकिँदा घरायसी तनाव तथा चिन्ताहरूबाट मुक्त हुनु आवश्यक छ। यदि परिवारमा घर-व्यवहारका कुरा भैरहेको भए आफू त्यो स्थानबाट अलि पर गएर अध्ययन गर्नु उत्तम हुन्छ। तनाव र चिन्ताले आत्मविश्वासलाई धक्का पुऱ्याउँछ।
- आफूलाई परीक्षाको पाठ्यक्रममा मात्र सीमित नराखेर दिमागलाई चुस्त र स्फूर्त राख्न पत्रपत्रिकाका रमाइला लेख-रचनाहरू, सफलताका कथाहरू, मनोरञ्जनात्मक रेडियो तथा टेलिभिजन कार्यक्रमहरूका लागि दैनिक केही समय छुट्याउनु उपयुक्त हुन्छ। यसले आत्मविश्वासमा मलजल गर्ने काम गर्छ।


सम्बन्धित विषयहरूमा आफूले सकेको तयारी गरेर आत्मविश्वासका साथ परीक्षामा उपस्थित भए जोसुकैको सोचले सार्थकता पाउन सक्छ।















- काठमाडौंस्थित एक ट्राभल एण्ड टुर्स एजेन्सीको लागी स्नातक तह उत्तिर्ण, अंग्रेजी भाषामा दक्ष टिकेटिङ/टुरिज्म अफिसरको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा न्युनतम् २ वर्षको अनुभवप्राप्त व्यक्तिले आफ्नो सम्पुर्ण व्यक्तिगत विवरण सहित पोष्ट बक्स नम्बर १९२३२ वा bestbuy @wlink.com.np मा आवेदन दिनुहोला।
- काठमाडौंस्थित एक कम्पनीका लागि टुरिष्ट आइटम सम्बन्धी होम डेकोरेशनको सामान उत्पादन गर्न एसएलसी उत्तिर्ण १० महिला तथा ९ पुरूष, त्यसैगरी साधारण लेखपढ गरेका १३ महिला तथा ९ पुरुषको आवश्यकता छ। इच्छुक व्यक्तिले फोन नम्बर २१४३१७० मा सम्पर्क राख्नुहोला।
- काठमाडौंस्थित एक आइटी कम्पनीका लागि न्यूनतम प्लस टु उत्तीर्ण स्पेसलिष्ट कस्टमर केयर, ब्याचलर इन कम्प्युटर साइन्स वा इन्जिनियरिङ उत्तीर्ण टेक्निकल सपोर्ट अफिसर, न्यूनतम प्रमाणपत्र तह उत्तीर्ण डाटा इन्ट्री अफिसरको आवश्यकता छ। अंग्रेजी भाषामा दक्ष तथा सम्बन्धित क्षेत्रमा अनुभवप्राप्त व्यक्तिले फोन नम्बर २१२२४१३ मा सम्पर्क राख्नुहोला।
- काठमाडौंस्थित एक ट्राभल अफिसका लागि टिकेटिङ अफिसर, होलिडे प्याकेज स्पेसलिष्ट, एक्जुकेटिभ सेक्रेटरी तथा सिनियर एकाउन्टेन्टको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभवप्राप्त व्यक्तिले फोन नम्बर ४७८०८७५ मा सम्पर्क राख्नुहोला।
- काठमाडौंस्थित एक गैरसरकारी संस्थाका लागि अनुभवी महिला एकाउन्टेन्टको आवश्यकता छ। कम्प्युटरसम्बन्धी ज्ञान भएका महिलाले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोष्टबक्स नम्बर ८६५४ काठमाडौंमा आवेदन दिनुहोला।
- काठमाडौंस्थित एक संस्थाका लागि अंग्रेजी भाषामा दक्ष महिला रिसेप्सनिष्ट/क्यासियरको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभवप्राप्त महिलाले फोन नम्बर ४७८३४११ मा सम्पर्क राख्नुहोला।
- -काठमाडौंस्थित एक फाइनान्सियल इन्स्टिच्युसन लिमिटेडका लागि स्नातकोत्तर उत्तीर्ण एक प्रमुख कार्यकारी अधिकृतको आवश्यकता छ। प्रमुख कार्यकारी अधिकृत, सञ्चालक वा अधिकृत स्तरमा बैंक तथा वित्तीय संस्थामा न्यूनतम् ५ वर्ष कार्य अनुभव भएका व्यक्तिले फोन नम्बर ४२१२७७० मा सम्पर्क राख्नुहोला।

# भ्यागुताको संसार

वैज्ञानिकहरूले हालसम्म एक हजार प्रजातिका भ्यागुता पत्ता लगाएका छन्, जसको गुण र स्वभाव फरक-फरक पाइन्छ। जीवविज्ञानमा ढाडमा हाड हुने जन्तुको पूर्वज यही भ्यागुतालाई मानिन्छ। हाम्रो घरको वरिपरि पाइने भ्यागुता र मेडागास्कारमा पाइने भ्यागुता अति डरपोक हुन्छन्।

**राना टिग्रिना**

नेपालमा पाइने राना टिग्रिना भनिने भ्यागुतोको आवाज संगीतमय हुन्छ।

**बुलफ्रग**

क्यानाडामा पाइने बुलफ्रग भनिने भ्यागुताको आवाज एक माइल टाढासम्म सुन्न सकिन्छ।

**फ्लाइङ फ्रग**

जाभामा पाइने फ्लाइङ फ्रग नामक भ्यागुताको पछाडिको खुट्टामा रहेको झिल्लीले पौडन सहयोग गर्छ भने औंलाको स्राव ग्रन्थिले भित्तामा चढ्न मद्दत गर्छ।

**पेडुसा**

दक्षिण अमेरिकामा पाइने फिल्लो पेडुसा नामक भ्यागुताको अधिकांश समय रूखमा बित्छ। यसले झारपात बटुलेर रूखमा गुँड बनाउँछ, अन्डा पनि गुँडमै पार्छ। अन्डाबाट लार्भा बनेपछि त्यसलाई पानीमा खसालिदिन्छ। पानीमै लार्भाको विकास भै भ्यागुतामा परिणत हुन्छ।

## जानकारी

# मोटोपन र आदिवासी

मोटोपनका कारण लाग्ने मधुमेह रोगका विरुद्ध अभियान सञ्चालन गर्न ढिलाइ भए यो शताब्दीको अन्त्यसँगै विश्वमै आदिवासी जनजातिहरू विनाश भैसक्ने चेतावनी वैज्ञानिकहरूले दिएका छन्।

खासगरी आदिवासी जनजातिहरूले आफ्नो परम्परागत खाना र व्यवहार परित्याग गरी पश्चिमी शैलीको खाना र जीवनशैली अवलम्बन गर्न थालेपछि उनीहरूमा मोटोपनको विकास भएको र त्यसले मधुमेह रोग संक्रामक रूपमा उनीहरूमा फैलन थालेको आधारमा वैज्ञानिकहरूले त्यस्तो चेतावनी दिएका हुन्।

अनुसन्धानका क्रममा आदिवासी तथा जनजातिका ६ वर्ष उमेरसम्मका बालकमा मधुमेह रोग लागेको कुरा पत्ता लागेको थियो। अनुसन्धानमा दोस्रो विश्वयुद्धसम्म आदिवासी जनजातिहरूबीचमा अपरिचित मधुमेह रोग प्रशान्त महासागरीय देश नाउरुमा ४५ प्रतिशत आदिवासी तथा अमेरिकाका ३० प्रतिशत आदिवासी रेड इन्डियन मधुमेह रोगबाट पीडित भएको पत्ता लागेको थियो।

| | | | |
|---|---|---|---|
| | आशिस्त कार्की<br>२०५९ चैत १२ | समीक्षा भट्टराई<br>२०५४ चैत १० | प्रतीक्षा ढकाल<br>२०६० चैत ११ |
| पुष्पा बस्याल<br>२०५७ चैत १२ | सान्त्वना थापा<br>२०६२ चैत १२ | कञ्चन थापा<br>२०५८ चैत ११ | अमन श्रेष्ठ<br>२०५४ चैत १२ |
| राज पौडेल<br>२०५८ चैत ९ | सुमिन केसी<br>२०५५ चैत ९ | सृविका गुभाजू<br>२०५५ चैत ९ | |

## जन्मदिनको शुभकामना

कुपन

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :.................................................

ठेगाना : .................................................

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ

फरक-बल, ब्याट, जुत्ता, हात, लुगा, विकेट।

# आफैंले हर्न बजाउँदै दौडने कार

जापानको एउटा मोटर कम्पनीले गुड्नेदेखि लिएर ढोका खुल्ने, बन्द हुने र हर्न आफैंले बजाउने कार बजारमा ल्याउने भएको छ। यो कारलाई के-४ किट कार नाम दिइएको छ। यो कार सञ्चालनका लागि त्यसमा जडान गरिएका पार्ट्सहरूका बारेमा म्यानुयलको माध्यमले जानकारी लिनुपर्ने हुन्छ। त्यसका लागि तीन दिन समय लाग्नसक्छ। ८ फिट अग्लो यो कार ५० किलोमिटर प्रतिघण्टाका दरले गुड्न सक्छ।

# राम्रो ऊनका लागि नयाँ भेडा

वैज्ञानिकहरूले भेडाबाट राम्रो मासु र बढी ऊन प्राप्त गर्न सकिने नयाँ उपाय पत्ता लगाएका छन्। अस्ट्रेलिया तथा न्युजिल्यान्डका वैज्ञानिकहरूले बढी मासु र राम्रो ऊन दिने भेडाको डीएनए किसानहरूलाई उपलब्ध गराइने जानकारी दिएका छन्। मानिस र कुकुरमा शुक्रकीट संकलन गर्ने प्रक्रिया अब भेडामा पनि अवलम्बन गरी गुणस्तरीय मासु र ऊन उत्पादन गर्ने भेडाको नयाँ प्रजाति जन्माउन सकिने भएको छ।

### तल दिइएको चित्रमा कति समानहरू लुकेका छन्?

लुकेका समानहरू : कुखुरा, हाँस, लाटोकोसेरो, सुगा, सर्प।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भा | र | त | पो | र्ट | अ | फ | श्री |
| न | से | अ | कि | र्गि | ज | स्ता | लं |
| न्द्र | ग्रे | अ | स्ट्रे | लि | या | न्यु | का |
| ट | फ | ने | के | न्ट | पि | जि | र्स |
| बं | र | गा | न्या | त | हा | ल्या | जि |
| ग | आ | ब्रि | ज | टा | उ | न्ड | ज |
| ला | न्ट | जि | म्बा | वे | टी | पा | पा |
| दे | स्ता | ज | स | ला | न | रू | स |
| श | टा | न | र्ज | पा | कि | स्ता | न |

माथि दिइएका अक्षरहरूमा नवौं विश्वकप क्रिकेटमा सहभागी आठ मुलुकका नाम लुकेका छन्। के तिमी ती नामहरू खोज्न सक्छौ?

लुकेका नामहरू : भारत, श्रीलंका, पाकिस्तान, बंगलादेश, अस्ट्रेलिया, न्युजिल्यान्ड, जिम्बाबे, केन्या।

# चुरोट खाए पनि रोगी, नखाए पनि रोगी

धूम्रपान गर्ने मात्रा घटाउँदै लगेर धूम्रपानका कारण लाग्न सक्ने रोगबाट बच्न सकिन्छ भन्ने धारणा मिथ्या प्रमाणित भएको छ। ५० हजार नर्वेलीमा लामो समयसम्म गरिएको अनुसन्धानपछि सो कुरा प्रकाशमा आएको हो। कम चुरोट पिउनेहरू पनि अधिक मात्रामा चुरोट पिउनेहरूसरह नै हृदय रोगहरू, मुटुमा रक्तसञ्चारको मात्रा घट्ने रोग र क्यान्सर रोगबाट पीडित बन्ने निष्कर्ष अनुसन्धानले निकालेको छ।

अहिलेसम्म बढी चुरोट पिउनेहरूले चुरोटको मात्रा ५० प्रतिशत कम गरे धूम्रपानजन्य रोग लाग्नबाट बच्ने सम्भावना ५० प्रतिशत बढी हुने मान्यता थियो। जीवनमा चुरोट सेवन नै नगरेका, पहिलो सेवन गरी परित्याग गरेका पहिलेभन्दा सेवन गर्ने मात्रा घटाएका तथा अधिक चुरोट पिउने उल्लेखित ५० हजार जनामा वर्षौं लगाएर गरिएको उक्त अध्ययन-अनुसन्धानले त्यस्तो निष्कर्ष दिएको हो।

# साप्ताहिक

## मेलिनालाई दक्षिणा पुगेन !



नायिका मेलिना मानन्धरलाई चार वर्षअघि एउटा म्युजिक भिडियोमा अभिनय गरेबापतको पारिश्रमिक अपुग भएको छ। एक वेबसाइटमा उनले अन्तर्वार्ताको क्रममा भनेकी छिन्- 'मैले त्यो म्युजिक भिडियोबाट दक्षिणा थोरै पाएँ। चार वर्षअघि गायिका नलिना चित्रकारको 'पानी-पानी भएँ...' को म्युजिक भिडियोमा अभिनय गरेको प्रसंग निकाल्दै मेलिनाले उक्त कुरा सार्वजनिक गरेकी हुन्। 'पानी पानी...' गीतले निकै चर्चा पाएको थियो भने मेलिनाको प्रस्तुतिले पनि राम्रै स्यावासी बटुलेको थियो।

चार वर्षपछि मेलिनाले उक्त कुरा उदिन्नुको कारण के हो त ? गायिका नलिना भन्छिन्- 'यतिबेला आएर किन त्यो कुरो उठ्यो मलाई थाहा छैन, तर मैले उनलाई अरू मोडललाई भन्दा बढी नै पारिश्रमिक दिएकी थिएँ। नलिना भन्छिन्- 'उक्त म्युजिक भिडियोमा उनले लगाएको बाह्र हजार बराबरको पहिरन पनि मैले उनैलाई दिएकी थिएँ।'

नलिनाले उक्त म्युजिक भिडियोकी नायिका मेलिनालाई के दिइन्-दिइनन्, त्यो उनीहरू नै जानून् तर मेलिनाको गुनासो हास्यास्पद रह्यो। किनभने आफूलाई दक्षिणा नपुगेको उनको गुनासो छ। मेलिनाजी ! दक्षिणा पुग-अपुग हुँदैन। दक्षिणामा दलाली पनि हुँदैन। दक्षिणा भन्ने कुरो दिनेको इच्छामा भर पर्छ। पारिश्रमिकको कुरा हो भने बेग्लै कुरा हो।

## बाजीमा ठकुरीको प्रसंग

लोकप्रिय टेलिभिजन एंकर तथा म्युजिक भिडियो निर्देशक सुरजसिंह ठकुरी विवाहित हुन् कि अविवाहित ? हालै एक समारोहमा उपस्थित केही युवा-युवतीबीच वहसै चल्यो। कोही सुरजलाई विवाहित बताउँदै थिए भने कोही अविवाहित। कोहीचाँहि भन्दै थिए- उनी अर्ध विवाहित हुन् अर्थात् उनकी गर्ल फ्रेन्ड छिन् तर विवाह भएको छैन। छलफल लम्बिंदै जादा बाजी ठोक्नेसम्मको कुरा आयो। केही डेढ अक्कलीले त सुरजसँगै कल कान्तिपुरमा देखापर्ने माल्भिकालाई पनि जोडे तर धेरैले यस्तो उडन्ते कुरा नगर्न भनेपछि उनीहरू चुप लागे। यद्यपि मूल कुराको टुङ्गो लागेन- सुरज विवाहित हुन् कि अविवाहित वा अर्ध विवाहित ? बाजी ठोक्ने युवा-युवतीहरू अहिले यही तथ्य पत्ता लगाउन प्रयासरत छन्। तपाईंलाई सत्य कुरा थाहा छ भने उनीहरूलाई मद्दत गर्ने कि ?



## ऋचाले शोषण स्वीकार गरिन्

नायिका ऋचा घिमिरेले नायिकामाथि हुने शोषण स्वीकार गरेकी छिन्। कान्तिपुर टेलिभिजनबाट प्रसारित बहस कार्यक्रममा अन्तर्वार्ताको क्रममा उनले चलचित्र नायिकामाथि हुने आर्थिक शोषण स्वीकार गरेकी हुन्।

तर्कपूर्ण जवाफ दिने क्रममा ऋचाले भनिन्- 'पहिले-पहिले शारीरिक शोषण हुन्थ्यो भन्ने कुरा यदाकदा सुनेकी थिएँ, तर अहिले त्यो सम्भावना छैन।' उनले थपिन्- 'अहिले ट्यालेन्टेड तथा आफूलाई सुरक्षित राख्न सक्नेहरू नायिका भएका छन् तर पारिश्रमिकको कुरामा चाहिं नायिकाहरू शोषित छन्,' -उनले निर्धक्क भएर भनिन्। पुरुष एवं महिला कलाकारको पारिश्रमिकमा देखिएको विविधताको प्रश्नमा उनले आर्थिक शोषणको प्रसंग थपेकी थिइन्।

नायिकाहरू कुनै पनि प्रश्नमा विषय प्रवेश नै गर्न सक्दैनन्। उनीहरू अध्ययन गर्दैनन् भन्ने जस्ता आरोप लागिरहेको बेला टेलिभिजनको सवाल-जवाफमा ऋचा खरो उत्रिइन्। दर्शकले आफैं बुझ्े- कला र कलाकारिता मात्रै होइन, मुलुक बुझ्ेका नायिका पनि रहेछन् नेपाली चलचित्र उद्योगमा।



## चर्चा मह सालिकको

त्यो दिन किरण केसीले निकै भावुक भएर भने- म आफ्ना गुरु महप्रति कृतज्ञ छु। सरकारले ठाउँ उपलब्ध गरायो भने म उहाँहरूको सालिक आफ्नै खर्चमा निर्माण गराउँछु, मैले सरकारी अधिकारीहरूसँग त्यसका लागि पहल पनि गरिसकेको छु। आफ्नै गीति एलबम 'ए राता मकै' विमोचन गर्न आएका मह अर्थात् मदनकृष्ण श्रेष्ठ-हरिवंश आचार्यका अगाडि यस्तो कुरा गरेपछि धेरैले ताली पिटेर उनको भावनाको कदर अनि प्रस्तावको समर्थन पनि गरे। यद्यपि जब आफ्नो बोल्ने पालो आयो तब मदनकृष्ण र हरिवंश दुवैले केसीको भावनाको सम्मान गर्दै भने- तर हामी सालिकको आकांक्षी छैनौं। श्रेष्ठको भनाइ थियो- हामी दर्शकहरूको मनमा बस्न चाहन्छौं, हामीलाई आफ्नो मनमा राखिदिनुहोस्, हामीलाई सालिक बन्ने इच्छा छैन। उता हरिवंश भन्दै थिए- देशमा हाम्रो सालिक बनाउने



भन्दा धेरै महत्त्वपूर्ण काम थाती छन्, लोकतन्त्रलाई संस्थागत गर्नु छ। हामीभन्दा धेरै काम गरेका, योगदान पुऱ्याएका स्रष्टा तथा नेताहरूको सालिक बन्न बाँकी नै छ। पहिले ती कामहरू पूरा गरौं। मूल कुरा, देशलाई उन्नति-प्रगतिको बाटोमा डोऱ्याऔं।

## अझै कुरा मिलेन

नेपाली चलचित्र उद्योग सानै भए पनि यो उद्योगभित्र संलग्न व्यक्तिबीचको विवादले भने लामै रूप लिने गरेको छ। निर्माता दिनेश पाख्रिन र रोज राणाबीचको विवाद अझै टुङ्गोमा पुग्न सकेको छैन। विवादको विषय त्यति ठूलो नभए पनि यो विवादले दुवै पक्षलाई फाइदा नहुने निश्चित छ, तर निष्कर्षमा पुग्ने प्रयास भने भएको पाइँदैन।

दुवै निर्माताले बनाउन लागेको चलचित्रको नाम एउटै भएपछि उनीहरूबीच विवाद बढेको हो। दिनेश पाख्रिनले बनाएको चलचित्रको नाम डन हो भने अर्को निर्माता रोज राणाले डन द अन्डरवर्ल्डको सुटिङ सुरु गरिसकेका छन्। अर्को रोचक प्रसंग दिनेशको डनका निर्देशक मदन घिमिरे हुन्, जसले यसअघि रोज राणाले निर्माण गरेको दादागिरीको निर्देशन गरेका थिए। कतिले त निर्माता रोज राणा दादागिरीमा मदनको कामप्रति असन्तुष्ट भएर यस्तो गरेको पनि भन्छन् तर निर्देशक घिमिरे र निर्माता राणा स्वयंले आफूहरूबीच कुनै मनमुटाव नभएको प्रस्ट्याउँदै आएका छन्।

विवाद टुङ्ग्याउनका लागि सहयोगीहरू लागिपरे पनि दुवै निर्माताले नाम फेर्न नसकिने अडान राख्दै आएका छन्। नेपाली चलचित्र उद्योगमा यस किसिमको विवाद यो नै पहिलो भने होइन। यसअघि पनि



नामकै विषयमा निर्माता सुनीलकुमार थापा र निर्देशक नारायण पुरीबीच यस्तै विवाद भएको थियो। पुरीले आफ्नो चलचित्रको नाम मेरो हजुर राखेका थिए भने थापाले ए मेरो हजुर राखेका थिए। दुवै निर्माताले एउटै नाम राख्दा व्यापारमा असर पर्छ भनेर डराए पनि परिणाम भने सोचेजस्तो भएन। दर्शकहरू नामभन्दा पनि विषयबाट प्रभावित हुन्छन् भन्ने कुरा ती चलचित्रको व्यापारवाट पुष्टि भयो।

# माया बस्यो नेपाली सिरियलमा



एकताका हिन्दी धारावाहिक भनेपछि हुरुक्कै हुने राधा दंगाल अहिले नेपाली सिरियल हेरेर मनोरञ्जन लिन्छिन्। एक समय हिन्दी धारावाहिक 'कसौटी जिन्दगीकी' फ्यान राधा अहिले हिन्दी सिरियलप्रति खासै ध्यान दिन्नन्। हिन्दीको तुलनामा नेपाली नै राम्रो लाग्छ अहिले उनलाई।

राधा मात्रै होइन, उनीजस्तै अरू धेरै गृहिणीलाई नेपाली सिरियलले नै प्रभाव पारेको छ। नेपाली चलचित्र हेर्न नाक खुम्च्याउने दर्शकहरू पनि सिरियल भनेपछि भुतुक्कै भएको थुप्रै उदाहरण पाइन्छ। नेपालमा आकाशे च्यानलको बाढी आएपछि ती च्यानलहरूले दर्शक आकर्षित पर्ने प्रमुख कार्यक्रममध्ये सिरियललाई महत्त्वपूर्ण मानेका छन्। नेपाल टेलिभिजन, कान्तिपुर, नेपाल वान, च्यानल नेपाल तथा इमेज च्यानल सबैले अहिले सिरियललाई प्राथमिकता दिन थालेका छन्।

नेपाली टेलिभिजन च्यानलमा सिरियलको बाढी आएकै कारण दर्शकहरू नेपाली सिरियलप्रति आकर्षित भएको धारणा निर्देशकहरूको छ। निर्देशक ऋषि लामिछाने भन्छन्- नेपाली च्यानलले टेलिचलचित्र प्रसारणमा ध्यान दिएपछि हिन्दी सिरियलका दर्शकहरू नेपाली सिरियलप्रति आकर्षित भएका हुन्। यही क्रम जारी रहे नेपाली सिरियलको क्रेज अझ बढ्ने उनको ठहर छ।



प्राविधिक पक्षलाई छाड्ने हो भने हिन्दी र नेपाली सिरियलबीच खासै अन्तर देखिंदैन। हिन्दी र नेपाली धारावाहिकको परिवेश एकै खालको हुनाले पनि हिन्दी भाषाका सिरियल हेरिरहेका दर्शकहरू नेपाली भाषाप्रति बढी आकर्षित भएका हुन्। भाषाका साथै नेपाली सिरियलमा नेपाली परिवेशको छनकसमेत मिल्ने गरेको छ। नेपाली सिरियलले आफ्नो स्वरूप स्थापना गरिसक्दा-नसक्दै दर्शकहरूबाट प्रशंसा पाउनुलाई भने कम आँक्न मिल्दैन। अर्का निर्देशक श्याम भट्टराई नेपाली सिरियलले आफ्नो स्वरूप निर्धारण गर्न नसकेको आरोप स्वीकार गर्दैनन्। उनी भन्छन्- हाम्रा हरेक कुरालाई भारतीय च्यानलसँग दाँज्ने चलन छ। त्यसैले नेपाली सिरियल पनि 'कपी' भएको आरोप लाग्छ तर यो सत्य होइन। सिरियलप्रति दर्शकको आकर्षण बढ्नु भनेकै सफलतातर्फ उन्मुख हुनु हो भन्ने धारणा राख्ने भट्टराई नेपाली परिवेश र लगानी अनुरूप सिरियलबाट सन्तुष्ट हुन सक्नुपर्ने धारणा राख्छन्।

नेपाली च्यानलबाट प्रसारण भैरहेका सिरियलमध्ये कुनै पनि निर्देशकले मेरो सिरियलमा यो कमजोरी छ भनेर खुट्याउने गरेका छैनन्। सबैजसो निर्देशक आफ्नो सिरियलको बखान गर्न तम्सन्छन्। कति त अरूको भन्दा आफ्नो राम्रो भएको दाबी गर्न पनि पछि पर्दैनन् तर हाल प्रसारण भैरहेका समग्र सिरियलको कथावाचन शैलीमा तात्त्विक अन्तर भने देखिंदैन। कसैको संवाद समेत भद्दा र अपत्यारिलो छ भने कतिले चुस्त संवाद राख्ने प्रयास पनि गरेका छन्। यति हुँदाहुँदै पनि नेपाली धारावाहिकका दर्शक भने घटेका छैनन्।

तस्बिर : शिव शर्मा



**सुटिङको खाना-** सुटिङको व्यस्तताका कारण कलाकारहरूलाई खाना खाने समय निकाल्न पनि गाऱ्हो हुन्छ। त्यसमाथि खाने समयको कुनै टुङ्गो हुँदैन। पोखरामा छायाङ्कन भएको चलचित्र 'मर्यादा' की नायिका अरुणिमा लम्साल तथा रञ्जना शर्मा सुटिङको ग्यापमा पोखराको शान्ति वनवाटिकामा सँगै खाना खाँदै।

## गफै त हो

# स्त्रीप्रेमी भुवन




'आफ्नो परिवारमा असर पर्दैन वा पर्न सक्ने असर सहन सकिन्छ र सम्बन्ध राखिने व्यक्तिलाई हानि हुँदैन भने वैवाहिक सम्बन्धबाहिरको यौनसम्पर्क अपराध होइन ।' -भुवन केसीले हालै इ-नशा डटकममा अन्तर्वार्ता दिने क्रममा आफ्नो यौन उदारतालाई यसरी अभिव्यक्त गरेका छन् । यौनका मामिलामा नायक भुवन केसी कमजोर मानिएका छन् । कमजोर यस अर्थमा कि उनी कुनै पनि युवतीमाथि आँखा गाड्न सक्छन् । चलचित्र क्षेत्रमा एउटा भनाइ नै छ- 'उनलाई सबै कुरामा विश्वास गर्न सकिन्छ, तर युवतीका मामिलामा पटक्कै सकिन्न ।' तरुनी घुमाउने वा पट्याउने विषयमा उमेरले पचासको हाराहारीमा पुगे पनि उनी भर्खरका तन्नेरीहरूलाई उछिन्न सक्छन् । के.सी.ले अर्को कुरा पनि भनेका छन्– 'रूप, जात, शिक्षा, बोलीचाली, धन र कुमारीत्वजस्ता मापदण्डहरूमा उत्तीर्ण भएपछि मात्र कसैलाई 'आई लभ यु' भन्ने मानसिकता मलाई मन पर्दैन । मलाई त यी सबै मापदण्डमा फेल भए पनि कुनै युवती मनले खाए पुग्छ । यदि मनले खाएन भने बत्तीसै लक्षणकी भए पनि मलाई ती युवती चाहिँदैन ।' वैधानिक रूपमा दुईवटी पत्नीका पति भुवन केसी आफ्नो उदारता अझै यसरी व्यक्त गर्छन्- 'विवाह भयो भन्दैमा अर्की स्त्रीसँग प्रेम हुँदैन भन्ने होइन, हुन्छ, फरक यति हो– कसैले व्यक्त गर्छ, कसैले गर्दैन ।' भुवनजी तपाई घरबाहिर/भित्र, दायाँ/बायाँ जतासुकै प्रेम गर्नुहोस् । दरबारमार्गका डान्स रेस्टुराँ हुन् वा ठमेलका दोहोरी रेस्टुराँ वा नगरकोट, धुलिखेल र पोखरामा 'लङ ड्राइभ'मा जाँदाखेरिका महिला मित्रहरू, तपाईं सबैलाई पालैपालो प्रेम गरिरहनुभएको छ । बरु द्वन्द्व र विरोधको स्वर उठिरहेका बेलामा तपाईंको प्रेमवर्षाले नेपालीहरूलाई किन प्रभावित पार्न नसकेको होला ?

## जम्का भेट

# मेरो पहिलो प्राथमिकता परिवार हो

सञ्चिता लुइँटेल



**किन हो तपाईं हिजोआज थोरै चलचित्रमा मात्र देखिनुहुन्छ नि ?**

म एउटा चलचित्रमा साइन गरेपछि अरू चलचित्रमा काम गर्दिनँ । ग्यापिङ बढी हुने भएकाले त्यसो भएको हो । थोरै तर स्तरीय चलचित्र खेल्ने मेरो उद्देश्य हो ।

**विवाहपछि चलचित्र नपाएर त्यसो भन्नुभएको त होइन ?**

मैले केही समय पढाइलाई पनि दिएँ । विवाहपछि पनि अभिनय गर्ने अफर आएको हो, नआएको होइन । विवाहपछि छ-सात महिना मात्र ब्रेक भएको हो ।

**अब कहिलेसम्म अभिनय गर्नुहुन्छ त ?**

अझै पाँच वर्ष निरन्तर चलचित्रमा काम गर्छु । त्यसपछि भने सोच्नुपर्ला ।

**अनि शिशु जन्माउने कहिले नि ?**

(लामो हाँसो) पहिलो प्राथमिकता अभिनयलाई बनाएकी छु । अबको पाँच वर्षसम्मका लागि त कुनै योजना छैन ।

**पारिवारमा कसरी समय म्यानेज गर्नुहुन्छ ?**

मेरो पहिलो प्राथमिकता परिवार हो । परिवारकै कारण मैले चलचित्रमा अभिनय गर्न पाएकी छु । परिवारले सपोर्ट नगरेको भए अहिले म चलचित्रलाई निरन्तरता दिन सक्ने थिइनँ ।

**तपाईंका अबका चलचित्र ?**

रघुवीर, मुत्युजन्य, युद्ध, इतिहास तथा मर्यादा ।

**चलचित्रबाट पाउने पारिश्रमिकबाट सन्तुष्ट हुनुहुन्छ ?**

आफूले गरेको मेहनतअनुसारको फल पाएकी छु । सन्तुष्ट नै छु ।

**चलचित्रमा नायकको तुलनामा नायिकाको भूमिका गौण भएको हो ?**

हरेक चलचित्रमा एउटा नारी पात्रको महत्त्वपूर्ण भूमिका हुन्छ । नायिकाकै सेरोफेरोमा चलचित्रको कथा बगेको हुन्छ । सबै नेपाली चलचित्रमा नायकको भूमिका गहन र नायिकाको भूमिका सहायक छ भन्ने मलाई लाग्दैन ।

# लगानी गर्दै नायिका



टेलिचलचित्र मुक्तिबाट अभियनयात्रा प्रारम्भ गरेकी सरिता लामिछानेको साइनो अभिनयसँगै निर्माणसँग पनि छ । हाल प्रसारित टेलिचलचित्र परिचयकी निमात्री सरिताले अभिनयजस्तै निर्माणकार्यबाट पनि राम्रै जस पाएकी छिन् । आजसम्मको सफलताले उनलाई अभिनयसँगै निर्माणलाई पनि निरन्तरता दिन मन लागेको छ । सरिता भन्छिन्– 'आफूले बुझेको क्षेत्रमा लगानी गर्दा खासै अप्ठयारो महसुस हुँदो रहेनछ ।' आगामी दिनमा टेलिचलचित्रका साथै सेल्युलाइड चलचित्र बनाउने उनको योजना छ ।

अभिनेत्री रेखा थापाले पहिलो पटकमै सेल्युलाईड चलचित्र 'अजम्बरी नाता' बनाइन् । त्यसबाट राम्रै नाफा हात लाग्यो । यस अर्थमा उनी भाग्यमानी अभिनेत्री मानिन्छिन्, जसले सफल अभिनयसँगै निर्माणबाट समेत राम्रो मुनाफा आर्जन गरेकी छिन् । रेखाको दोस्रो चलचित्र हिम्मतले पनि मोफसलका कतिपय स्टेसनबाट हिटको उपाधि पाइसकेको छ भने उनी तेस्रो चलचित्रका विषयमा सोच्न थालिसकेकी छिन । रेखा भन्छिन्– 'दुई-तीनवटा चलचित्रको कन्सेप्ट जुरिसकेको छ, तर के बनाउने भन्ने निर्णय भैसकेको छैन ।'

रेखाजस्तै भाग्यशाली अभिनेत्रीका रूपमा चिनिन्छिन् झरना थापा । तीन वर्षअघि प्रदर्शनमा आएको 'ए मेरो हजुर' बाट राम्रै मुनाफा आर्जन गरेकी झरनाको पछिल्लो चलचित्र 'तकदीर' पनि चर्चामा छ । चलचित्र प्रदर्शनमा निकै चलाख मानिने सोभित बस्नेतको 'चोर-सिपाही' सँगै मोफसलमा प्रदर्शन गरिएको तकदीरले अहिलेसम्म राम्रै व्यापार गरेको छ ।

अभिनयमै लागेर जीविकोपार्जन गर्दै आएका अभिनेत्रीहरू पछिल्ला दिनमा निर्माणमा समेत सक्रिय हुन थालेका छन्, जसलाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ । यही क्षेत्रमा केही वर्ष बिताएकाहरूले यो क्षेत्रलाई बुझ्ने हुँदा उनीहरूको लगानी सुरक्षित हुने अनुमान गरिन्छ । तर पनि नेपालमा निर्माण कर्ममा नायिकाको सक्रियता उत्साहजनक भने छैन । निर्माणसँगै अभिनयलाई पनि निरन्तरता दिने उद्देश्यले 'लगनगाँठो' मा लगानी गरेकी शर्मिला मल्लले अपेक्षित सफलता हात पर्न सकिनन्, तर पनि चलचित्र निर्माण गर्ने उनको मोह सेलाएको छैन । 'समय राम्रो हुँदैछ । अब फेरि चलचित्र बनाउनुपर्ला,' शर्मिलाले बताइन् । एक पटक 'जंगवीर'





नामक चलचित्र घोषणा गरेकी रेजिना उप्रेतीलाई पनि अहिलेको वातावरण देख्दा चलचित्र बनाऊँ कि जस्तो लागेको छ, तर बनाउने आँट भने आइसकेको छैन । रेजिना भन्छिन्– 'हेर्दै जाऊँ, समय अनुकूल भयो भने बनाउनुपर्ला ।'

नायिका जल शाह टेलिसिरियल 'घर' निर्माणको अन्तिम तयारीमा थिइन, तर अमेरिका गएपछि उनको उक्त योजना तुहियो । 'करुणा' नामक व्यावसायिक सिरियल बनाएकी मेलिना मानन्धरले राम्रै सफलता पाएकी छिन् । अर्की नायिका प्रज्ञा जोशी पनि सेल्युलाइड चलचित्र बनाउने सपना पाल्दापाल्दै सिरियल निर्माणमै थन्किएकी छिन् । सेल्युलाइडको तुलनामा सिरियलमा जोखिमको सम्भावना कम हुने भएकाले सिरियलमा लगानी गरेको उनको कथन छ । पछिल्लो पटक अभिनेत्री जेनी कुँवरले सेल्युलाइड प्रविधिमै चलचित्र 'घायल' बनाउने घोषणा गरेकी छिन् । यद्यपि चलचित्र निर्माणमा सबैभन्दा तीतो अनुभव करिश्मा मानन्धरको छ, जसले बनाएको चलचित्र बाबुसाहेबले पानीसम्म माग्न पाएन भने त्यसकै तोडमा उनी अमेरिका पलायन भइन् ।





# लभगुरु रेखा



प्रश्न : म १५ वर्षीय किशोर हुँ। म युवतीहरू देख्नेबित्तिकै उत्तेजित हुन्छु। आकर्षक युवती देख्दा प्रेम गरूँ, उसलाई श्रीमती बनाऊँ जस्तो भावना मनमा आउँछ। कुनै युवतीसँग स्पर्श हुँदा पनि म रोमाञ्चित हुन्छु। टेलिभिजन, चलचित्र वा पत्र–पत्रिकामा कुनै ग्ल्यामरस दृश्य हेर्दा पनि मेरो छटपटी बढ्छ। मन अध्ययनमा भन्दा त्यस्तै कुरा हेर्ने–पढ्नेतिर ढल्कँदै गएको छ। यसले मेरो पढाइ बिग्रने हो कि भन्ने कुराले म चिन्तित छु। कुनै प्रेमिका फेला परे मेरो समस्या समाधान हुन्थ्यो कि भन्ने लाग्छ। कहिलेकाहीं त यो कतै कुनै यौनरोग त होइन भन्ने पनि लाग्छ। मैले आफूलाई सामान्य बनाउन के गर्नुपर्ला ?

– ज्ञानी

तपाईंको जस्तो घटना तपाईंका उमेरका प्राय: सबैजसो किशोरमा देखा पर्छ। खालि घटीबढीको फरक मात्र हो, तसर्थ यसमा डराउनुपर्ने वा चिन्ता लिनुपर्ने कुनै कारण छैन। तपाईंको उमेरमा देखा पर्ने यस्तो आकर्षणलाई स्वाभाविक मानिन्छ। यो एक किसिमको यौन आकर्षण हो जुन निश्चित उमेर पुगेपछि आफैं घट्दै जान्छ, अर्थात् समाधान हुन्छ। मनमा शंका लिने, त्रसित हुने काम छोडेर आफ्नो काममा ध्यान केन्द्रित गर्नुहोस्। यो कुनै रोग होइन। बरु त्यस्तो आकर्षण नभएको भए तपाईंमा समस्या छ कि भन्ने हुन सक्थ्यो। तपाई सामान्य हुनुहुन्छ। यौनजन्य सामग्रीबाट ध्यान हटाउन वा कम गर्न आफ्नो पढाइमा मन केन्द्रित गर्नुहोस्। सुरुचिपूर्ण साहित्य, कला आदिको अध्ययन गर्नुहोस्। सुगम संगीतमा मन लगाउँदा पनि मन हल्का हुन्छ। राम्रा र सकारात्मक कामहरू गर्नुहोस्। खेलकुदमा ध्यान दिनुहोस्। सकिन्छ भने मर्निङवाक, इभिनिङ वाक वा योग आदिको सहयोग लिनुहोस्। अश्लील सामग्री वा गतिविधिहरूबाट टाढै रहनुहोस्। यदि त्यस्तो संगत छ भने त्यसको पनि परित्याग गर्नुहोस्। आफ्नो दैनिक जीवनलाई नियमित बनाउनुहोस्। उत्तेजक भोजन, मरमसला तथा मासु-रक्सी आदिबाट टाढै रहनुहोस्। यी कुरालाई ध्यानपूर्वक इमानदारीताका साथ पालना गर्नुभयो भने पक्कै पनि तपाईंको समस्या हल हुनेछ। प्रयासका बाबजुद समस्या कायम रहे कुनै मनोविज्ञको सहयोग लिन सकिन्छ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## सिम्पल फेसन सो



**साप्ताहिक समाचार**

काठमाडौं– शनिबार साँझ छ बजेपछि थापाथलीस्थित गार्डेन डेक्याफेमा आठ जना मोडल रंगीचंगी भएर र्‍याम्पमा देखा परे। एक घण्टादेखि पर्खिरहेका दर्शकहरू सम्भवत: पर्खाइका कारण दिक्क भैसकेका थिए। एक घण्टा ढिलो कार्यक्रम आरम्भ भए पनि उनीहरूको धैर्यताको बाँध भने टुटेको थिएन। महिला मोडलहरू 'क्याटवाक' गर्दै र्‍याम्पमा देखिन थालेपछि दर्शक खुसी भएर ताली पिट्न थाले। आईआईएफटी अर्थात् इन्टरनेसनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजीका उत्पादनहरूलाई 'फेसन फिवर' शीर्षक दिइएर उक्त फेसन सोमा प्रदर्शन गरिएको थियो।

सीएनएन फेसन टचका सञ्जय केसीको व्यवस्थापनमा सम्पन्न उक्त सोमा कुल सातवटा फेसन सिक्वेन्सलाई दुई घण्टाको अवधिमा प्रस्तुत गरिएको थियो, जसमा लेहंगा तथा साडीका अतिरिक्त रमाइलो देखिने जंगली पहिरन पनि थिए। डन पावर अफ मिडियाको आयोजनामा पाँच जना पुरुष मोडल पनि सहभागी भएको फेसन सो अन्त्यमा डान्सपार्टीमा परिणत भएको थियो। सो हेरेर रमाइलो मानेका एक दर्शक पछि भन्दै थिए– 'भेरी सिम्पल फेसन सो।'

## फिल्मी खबर

-विगतमा थुप्रै चलचित्रमा खलनायकको भूमिका निर्वाह गरेका नरेन्द्र थापाको निर्देशनमा निर्माण हुन लागेको चलचित्र 'देशदेखि विदेश'को छायाङ्कन काठमाडौं उपत्यकामा भैरहेको छ। केही समय विदेश बसेर आएपछि आफूले देखे-भोगेको पीडालाई थापाले कथाको स्वरूपमा ढालेर आफ्नै लगानीमा चलचित्र निर्माण गर्न लागेका हुन्। दिलीप रायमाझी, निखिल उप्रेती, ऋचा घिमिरे, अरुणिमा लम्साल आदि कलाकारको मुख्य भूमिका रहने उक्त चलचित्रमा शम्भुजित बाँस्कोटाको संगीत छ।

-वीरगन्जमा सम्पूर्ण दृश्य छायाँङ्कन गरिएको चलचित्र 'अग्निज्वाला'को सम्पादन कार्य सकिएको छ। हाल स्वराङ्कन कार्य भैरहेको उक्त चलचित्रको प्रदर्शन केही महिनाभित्रमै थालिने बताइन्छ। निखिल उप्रेती, विराज भट्ट, अरुणिमा लम्साल, रेजिना उप्रेतीका साथै चलचित्रका निर्माता नन्दु श्रीवास्तवले पनि मुख्य भूमिकामा अभिनय गरेको चलचित्र 'अग्निज्वाला' मा महेश खड्काले संगीत दिएका छन्।

-तराईलाई विषय बनाएर निर्माण गरिएको चलचित्र 'अहंकार' प्रदर्शनका लागि तयार छ। सञ्जीव प्रधानले निर्माण गरेको उक्त चलचित्रको छायाङ्कन तराई आन्दोलन सुरु हुनु केही महिनाअघि रौतहटको चन्द्रनिगाहपुरमा गरिएको थियो। सुशील क्षेत्री, ध्रुव कोइराला, ऋचा घिमिरे आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रका निर्देशक दिनेश कार्की हुन्। तराई आन्दोलन साम्य भएलगत्तै जनचेतना जगाउने विषयमा आधारित चलचित्र 'अहंकार' सार्वजनिक गरिने कुरा निर्माता प्रधानले बताए।

-निर्देशक सोभित बस्नेतका सहोदर भाइ तथा चलचित्र नायक जयकिशन बस्नेतले निर्माण गरेको चलचित्र 'बारुद' प्रदर्शनका लागि तयार छ। तीन जना निर्माता साजिद, जान्हवी तथा ब्रबिमको सहयोग लिई बस्नेतले निर्माण गरेको उक्त चलचित्र नयाँ वर्षको आरम्भसँगै सार्वजनिक हुनेछ। द्वन्द्व निर्देशक राजेन्द्र खड्गीले पनि नायकको



भूमिका निर्वाह गरेको चलचित्र बारुदमा निखिल उप्रेती, रमित ढुंगाना, जयकिशन तथा विक्रान्त बस्नेत नायक छन्। झरना थापा र रेजिना उप्रेती दुई नायिकाले अभिनय गरेको उक्त चलचित्रमा शिव विकले पहिलो पटक नृत्य निर्देशन गरेका छन्। चलचित्रका निर्देशक सोभित बस्नेत नै हुन्।



## नारीको चैत अंक बजारमा उपलब्ध छ



साइबर गर्ल

# सफलता प्राप्त गर्नका लागि

लाहुरे बाबुकी एक्ली छोरी बुटवल-बेसक्याम्पकी २१ वर्षीया निरु गुरुङको एउटै संकल्प छ- भविष्यमा सफल कलाकार बन्ने । सानो छँदा ऐना हेरेर नाच्ने अनि रुने-कराउने एक्टिङ गरेर मम्मी-ड्याडीलाई हैरान गरेको झल्झली सम्झने निरु अहिले भने 'यो कस्तो जीवन' टेलिसिरियल, मगर भाषाको भिडियो चलचित्र 'फेर्च्हे नमखान' तथा यम बरालको 'सिर्जना' एल्बमको 'सबैको नजरमा' गीतको म्युजिक भिडियोमा अभिनय गर्न पाएपछि दङ्ग छिन् । एक वर्षअघि अभिनय क्षेत्रमा हाम फालेकी निरुको तस्बिर 'बुटवल सिटी डटकम' मा राखिएपछि धेरैको नजर उनीतिर तानिएको छ । मोडलिङले आत्मविश्वास बढाउँछ अनि धेरैले चिन्छन् भन्ने बुझेकी निरु मोडलिङलाई राम्रोसँग नबुझेकाहरूले मात्र आलोचना गरेको बताउँछिन् ।

अभिनेत्री सरिता लामिछानेलाई मन पराउने निरु आफू पनि सफल कलाकार बनेर बुटवलको नाम राख्ने दृढता व्यक्त गर्छिन् । घर-परिवारबाट राम्रो साथ पाएकी निरुले वीरेन्द्र हमालसँग अभिनयको तालिम तथा स्थानीय सरगम संगीतालयबाट नृत्य प्रशिक्षण लिएकी छिन् । फुर्सदको समयमा टेलिभिजन हेर्न र गीत सुन्न मन पराउने निरु सफलता प्राप्त गर्न एक-एक खुड्किलो चढ्दै जानुपर्छ, हाम्फाल्दै होइन भन्ने परिपक्व विचार राख्छिन् ।

**– टोपराज शर्मा**

# सरस्वतीको माई लाइफ डायरी


समाजसेवी तथा कलाकार सरस्वती सुब्बाको जीवनमा आधारित 'माई लाइफ डायरी' नामक डकुमेन्ट्री गत शुक्रबार धरानमा प्रदर्शन गरियो । हाल क्यान्सरपीडित सरस्वतीले 'टेलिफोनमा मोहनी' नामको एकल गीतिएल्बम निकालेकी थिइन्, त्यसबाहेक म्युजिक पिपुलसहित केही एल्बममा उनले गीत गाइसकेकी छिन् । लामो समयदेखि कलाक्षेत्रमा लागेकी सुब्बाले गरिब-दुखीहरूलाई विभिन्न सहयोग गर्दै आएकी छिन् । सुकुम्बासी बस्तीका विद्यार्थी तथा अपाङ्गहरूलाई विभिन्न सहयोग गर्दै आएकी कलाकार सरस्वतीका बारेमा डकुमेन्ट्री बनाएर युवाहरूरुलाई प्रेरणा दिन खोजिएको डकुमेन्ट्रीका लेखक तथा निर्देशक सालिक सतक बताउँछन् ।

पचास हजारको लगानीमा बनेको यो डकुमेन्ट्रीको सिडी बिक्रि गरेर जम्मा भएको रकम अपाङ्गहरूलाई सहयोग गर्ने उद्देश्य रहेको आयोजक प्रेनिङ प्रायस राईले बताए । डकुमेन्ट्रीमा सरस्वतीले गाएका गीत, क्यारिकेचर, सरस्वतीले गरेको सेवा-सहयोग, उनीहरूको प्रतिक्रिया आदि समेटिएको छ । डकुमेन्ट्रीको लेखन-निर्देशन सालिक सतक, छायांकन देवराज चाम्लिङ, आवाज दीपक राई तथा सम्पादन ड्रिमवर्क डिजिटल धरानको छ । जमघट साहित्यिक त्रैमासिक पत्रिकाले धरानको सैनिक भवनमा आयोजना गरेको डकुमेन्ट्री प्रदर्शन कार्यक्रममा अपाङ्ग साहित्यकार नेत्र कैदी तथा चालीस वर्षदेखि रिक्सा चलाइरहेका खड्गबहादुर बोहोरालाई सम्मान गरिएको थियो । कार्यक्रममा स्थानीय गरिमा डान्स सेन्टरले विभिन्न नृत्य प्रस्तुत गरेको थियो ।

**– गोपाल दाहाल**

## rnlrq

### द नेमसेक




बलिउड चलचित्र उद्योगमा आज शुक्रबार मीरा नायरद्वारा निर्देशित चलचित्र 'द नेमसेक' सार्वजनिक हुँदैछ। प्रदर्शनमा आउनुअगावै चर्चा बटुल्न सफल द नेमसेकले अपेक्षाअनुसारको व्यापार गर्ने विश्लेषण गरिँदैछ। यो चलचित्र हिन्दी, अंग्रेजी तथा बंगाली तीनवटा भाषामा निर्माण गरिएको छ। विवाहेत्तर सम्बन्धमा आधारित यो चलचित्रमा इरफान खान, तब्बु, सुकन्या, सब्यसाची चक्रवर्ती, सुप्रिया चौधरी, सिन्डी तोलन, झुम्पा लहिरी आदिले अभिनय गरेका छन्। कमेडी, ड्रामा तथा रोमान्सले भरिपूर्ण यो चलचित्रको कथा झुम्पा लहरीले लेखेका हुन्। मीरा नायर तथा लिडिया पिलचरले निर्माण गरेको चलचित्र नेमसेकमा नितिन साहनेको संगीत सुन्न पाइन्छ। मीराले केही समयअघि दुबइमा आयोजित एक कार्यक्रममा आफ्नो ड्रिम प्रोजेक्टअन्तर्गत नेमसेक निर्माण-निर्देशन गर्ने बताएकी थिइन्। वैवाहिक तथा शारीरिक सम्बन्धजस्ता विषयमा चलचित्र निर्माण गर्दै आएकी मीराको यो चलचित्रको भविश्य भने दर्शकको हातमा छ।

### सुटर




हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'सुटर' सार्वजनिक हुँदैछ। सैनिक जीवनमा आधारित कथामा निर्माण भएको यो चलचित्रको निर्देशन एनटोइन फुकाले गरेका हुन्। चलचित्रमा मुख्य भूमिकामा अभिनय गर्ने कलाकार मार्क वालबर्ग तालिम प्राप्त पूर्वसैनिक हुन्। सैनिक मिसन खराब बाटोमा गएको विश्लेषण गर्दै मार्क सैनिक जीवन त्याग्छन्। पछि फेरि उनलाई मिसनमा आउन दबाब दिइन्छ। फौजका लागि भरपर्दा सैनिक भएकाले फेरि बोलाइए पनि उनीमाथि गोली प्रहार हुन्छ। उक्त घटनाको बदला लिने क्रममा उनी मुलुककै सबैभन्दा शक्तिशाली व्यक्ति ठहरिन्छन्। मार्कका अतिरिक्त माइकल पेना, ड्यानी ग्लोभर, केट मारा तथा एलियास कोटिजले चलचित्रमा प्रमुख भूमिका निर्वाह गरेका छन्। एक्सन/एडभेन्चर र थ्रिलरले भरिपूर्ण यो चलचित्रको छायाङ्कन भ्यानकोभर, ब्रिटिस कोलम्बिया तथा क्यानाडामा गरिएको छ। अमेरिकामा निर्माण भएको यो चलचित्रका निर्माता एरिक होउसाम, मार्क जोहन्सन तथा लरेन्जो डि बोनाभेन्टुरा हुन्।

## हिमांशु र दीक्षा किङ, क्विन



**कमल रिमाल**

विराटनगर– 'भगवान्ले पूरा गरिदिए देशमा शान्ति आओस् भन्ने वरदान माग्छु' भन्ने निर्णायक जवाफ दिने शिक्षा संग्रौला र उत्कृष्ट दसमा समेत परिँदैन भनेर आशा मारेर बसेका हिमांशु उपाध्याय 'लिटिल क्विन तथा मास्टर किङ विराटनगर २००७' भएका छन्। गत शनिबार विराटनगरको वीरेन्द्र सभागृहमा ४ देखि १२ वर्षसम्मका बालबालिका सहभागी भएको लिटिल क्विन र मास्टर किङ प्रतियोगिताको उपाधि जित्ने दुवै एउटै विद्यालयमा अध्ययनरत छन्।

विराटनगरको सेन्टजोसेफ स्कुलमा कक्षा ६ मा अध्ययनरत दीक्षा तथा कक्षा ३ मा अध्ययनरत हिमांशुले २६ बालिका एवं १६ बालकलाई जितेर उपाधि हात पारेका हुन्। दर्शकको मतले भने उनीहरूलाई हराएको थियो। दर्शकले सर्मिन रिजाल तथा सेकेन्ड रनरअप हुने मसिहाकृष्ण श्रेष्ठलाई जिताएका थिए। प्रतियोगिता द एरो मोडलिङ एजेन्सीले आयोजना गरेको हो।

बौद्धिक र शारीरिक क्षमता देखाउँदै लिटिल क्विनतर्फ समृद्धि ढुंगेल फस्ट रनरअप र जैसी सारडा सेकेन्ड रनरअप घोषित भए। मास्टर किङतर्फ प्रियसराज तिम्सिना फस्ट रनरअप र मसिहाकृष्ण श्रेष्ठ सेकेन्ड रनरअप भए।

प्रतियोगिताका विजयी लिटिल क्विन र मास्टर किङ काठमाडौंमा हुने राष्ट्रिय प्रतियोगितामा सहभागी हुने भएका छन्। यसअघि वीरगन्ज, पोखरा र बुटवलमा यस्तै प्रतियोगिता भैसकेको छ। विराटनगरपछि धरानमा यस्तै प्रतियोगिता आयोजना गरिनेछ। पाँचवटै ठाउँबाट छानिएका विजेतालाई काठमाडौंको प्रतियोगितामा सहभागी गराइनेछ।

## छानिए मिस्टर एन्ड मिस



परिचयात्मक, क्याजुएल, बेस्ट ड्रेस, टप टेन तथा टप फाइभ गरी पाँच चरणमा विभाजित करिब ४ घन्टा लामो प्रतिस्पर्धा। १५ जना पुरुष तथा ११ जना महिला प्रतिस्पर्धीहरू। मिस्टर एन्ड मिस काठमाडौंको उपाधि लक्ष्य। गत शुक्रबार राजधानीस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको ल्होत्से हलमा सम्पन्न 'मिस्टर एन्ड मिस काठमाडौं २००७' शीर्षकमा सञ्चालित मोडल प्रतियोगिताको दर्शकदीर्घाले खचाखच भरिएको प्रेक्षालयको मध्यभागमा बनाइएको र्याम्पमा कालो सुट पहिरिएर पुरुष मोडलहरूले आ-आफ्नो परिचय दिएलगत्तै साडीमा सजिएका महिला सहभागीहरूले उपस्थित निर्णायक एवं दर्शकसमक्ष आफूलाई परिचित गराए। त्यसपछि क्याजुएल राउन्डमा जिन्स र टी सर्टमा प्रस्तुत भएका पुरुष सहभागीहरू बेस्ट ड्रेस राउन्डमा आ-आफ्नो रोजाइअनुसारको क्याजुएल, फर्मल, ट्र्याडिसनल, एथनिक आदि पहिरनमा प्रस्तुत भए भने महिला सहभागीहरू क्याजुएल राउन्डमा चुज जिन्स र स्लिभलेस टीसर्टमा प्रस्तुत भए। बेस्ट ड्रेस राउन्डमा महिला प्रतिस्पर्धीहरूमध्ये कोही बेहुलीको पहिरनमा देखिए भने कोही नेपाली जनजाति झल्काउने पहिरनमा, कोही डिजाइनर वेयरमा भने कोही साडी, लेहेंगा, कुर्ता-सलबार आदिमा।

एक्सपोज नेपाल डटकमको प्रस्तुतिमा दर्शन शाहीको आयोजना, दिनेश शाहीको संयोजन, दिनेश खड्काको व्यवस्थापन तथा सविन श्रेष्ठको कोरियोग्राफीमा सम्पन्न उक्त प्रतियोगितामा प्रतिस्पर्धी मोडलहरूका अतिरिक्त एक दर्जन अतिथि मोडल तथा एक दर्जन बालबालिकाको फेसन सो पनि समेटिएको थियो। अतिथि युवा मोडलहरूको फेसन सोले कार्यक्रममा आकर्षण थपेको थियो भने फुच्चा-फुच्चीको क्याटवाकले कार्यक्रमलाई छुट्टै रौनक प्रदान गरेको थियो।

प्रतियोगितामा पुरुषतर्फ दीपक थापा र महिलातर्फ सबन भण्डारीको जवाफ उत्कृष्ट ठहरिए र क्रमशः दीपक र सवनम छनौट भए– मिस्टर एन्ड मिस काठमाडौं।



## ;fgf] kbf{



**इमेज** च्यानलकी कार्यक्रम प्रस्तोता महिमा भट्टराई उक्त च्यानलबाट प्रसारण भैरहेका दुईवटा प्रत्यक्ष कार्यक्रमको सञ्चालन गरेर चर्चामा छिन्। इमेज एफएममा नो हर्न प्लिज, म्युजिक फ्लास, फर्स्ट गियर, टेक इट इजी तथा टिकट प्लिजजस्ता कार्यक्रम सञ्चालनसमेत गरिरहेकी भट्टराई इमेज च्यानलबाट हरेक दिन साँझ प्रत्यक्ष प्रसारण हुने कार्यक्रम 'म्युजिक अफ योर च्वाइस' र 'म्युजिक क्विज' पनि सञ्चालन गर्छिन्। विगत नौ वर्षदेखि सञ्चारमाध्यममा कार्यरत भट्टराई यसअघि च्यानल नेपालमा समाचारवाचिका थिइन्।

**नेपाल** वान टेलिभिजनबाट हरेक आइतबार प्रसारण हुँदै आएको सांगीतिक कार्यक्रम 'मायाको डोरी'को पहिलो संस्करण सकिएको छ। युगल गायन प्रतियोगिताका रूपमा प्रसारण हुने उक्त कार्यक्रमको पहिलो संस्करणका विजेता काठमाडौं गौरीघाटका पारसमणि ढुंगाना तथा विराटनगरकी सुनीता वाग्ले भएका छन्। अडिसन राउन्डमा एक हजारभन्दा बढी जोडीबाट ६४ जोडी छनौट गरी आरम्भ गरिएको उक्त प्रतियोगितामा गायक दिपेशकिशोर भट्टराई तथा संगीतकार सुरेश अधिकारी निर्णायक थिए। सुपर मेघा राउन्डमा ३२ जोडी बाहिरिएपछि बाँकी ३२ जोडीबीच उक्त प्रतियोगिता सञ्चालन भएको थियो। गायक सुगम पोखरेलद्वारा सञ्चालन गरिएको उक्त प्रतियोगिताको सेमीफाइनल राउन्डमा छ जोडी मात्र छनौट भए भने त्यसपछि फाइनलमा चार जोडीले मात्र प्रवेश पाए। ती चार जोडीमध्ये दर्शक एसएमएस मतका आधारमा पारसमणि र सुनीताको जोडीलाई विजेता घोषणा गरियो। अडिसन राउन्डमा अलग/अलग आएका पारसमणि र सुनीता त्यहीं गायन जोडी बनेका थिए।

**हङकङस्थित** टेलिभिजन ब्रोडकास्टिङ RTHK (Radio Television Hongkong) ले हङकङमा रहेका अल्पसंख्यक जातिहरूको चिनारी, हङकङमा तिनीहरूको भूमिका, रहनसहन तथा गतिविधिमा आधारित टेलिसिरियल निर्माणका लागि पर्वत पैंयूँखोला समाज, हङकङलाई अनुरोध गरेअनुसार गत आइतबार ताइमोसानस्थित कन्ट्रीपार्कमा नेपालीहरूसम्बन्धी सुटिङ सम्पन्न भएको छ। हङकङमा रहेका अल्पसंख्यक जातिमध्ये नेपालीहरू आफ्नो छुट्टै अस्तित्व राख्न सफल छन्। उक्त टेलिसिरियलमा हङकङमा रहेका नेपालीहरूको रहनसहन तथा गतिविधिलाई चित्रण गर्ने जमर्को गरिएको कुरा पर्वत पैंयूँखोला समाज, हङकङका अध्यक्ष चुकप्रसाद गुरुङले बताए। हङकङलाई कर्मथलो बनाएका नेपालीहरूले त्यहाँको भाषा, संस्कार र संस्कृतिमा घुलमिल हुन नसक्दा भोग्नुपर्ने दुःखकष्टलाई उक्त श्रृंखलामा चित्रण गरिएको छ।

## नाच्नुको मज्जा नै छुट्टै



गत शनिबार काठमाडौं मलको सबैभन्दा माथिल्लो तल्ला साँझ नपर्दै मादकतामा झुमेको थियो। चर्को आवाजमा बिट मिक्सिङ गरेर बजाइएका गीतको तालमा टिनएजका युवायुवतीदेखि अधबैंसे उमेरसम्मका सबै नाच्नमा मस्त थिए। जाभा इभेन्ट प्रा.लि.ले काठमाडौं मलस्थित इडेन रेस्टुरेन्ट एन्ड बारमा आयोजना गरेको 'फ्यामिली डान्स पार्टी विथ डिजे आर डान्स पार्टीमा सहभागी भएका रविन कटुवाल भन्दै थिए- 'पार्टी एनिमलहरूका साथमा नाच्नुको मज्जा नै छुट्टै छ'। डान्सपार्टीमा साडी चोलोमा सजिएकी एक महिलाले खुलेर युवाहरूलाई साथ दिएको दृश्य मनमोहक थियो भने बाहिरको जाडो छल्न ज्याकेट लगाएर आएका युवतीहरूले ज्याकेट फ्यालेर स्लिभलेस पहिरनमा गरेको नृत्य पनि आकर्षक देखिन्थ्यो। डान्स पार्टीको थिम नै पारिवारिक भनिएकाले त्यहाँ परिवारको उल्लेख्य उपस्थिति रहेको आयोजक सुबास बस्नेतले बताए, तर रात छिप्पिँदै जाँदा जोडी बनाएर आएका युवायुवतीहरू मात्र पार्टीमा देखिए। डान्स पार्टीको अर्को मुख्य आकर्षण हेयर स्टाइलिस्ट नील डेभिड थिए। साढे सातमा डान्स पार्टीमा पुगेका नीललाई त्यहाँको मस्तिमा झुमिरहेकाहरूले 'कमन नील' को ठूलो आवाजमा स्वागत गरेका थिए। नीलसँग नाच्न चाहने युवायुवती पनि त्यत्तिकै थिए।

## धरान उत्सवको रौनक



**राजु घिसिङ**

धरान– तराईमा भएको बन्दै-बन्दले दुई महिना ढिलो आयोजना गरिएको धरान उत्सवले धरानबासीलाई केही राहत दिएको छ। पर्यटक भित्र्याउने लक्ष्य लिएर वि.सं. २०५५ मा सुरु भएको महोत्सव यसपालि चैतको २, ३ र ४ गते सडक उत्सवका रूपमा सीमित भयो।

उत्सवका क्रममा भानुचोकदेखि छाताचोकसम्म १ सय ६० वटा स्टल राखिएका थिए। केही व्यावसायिक र पर्यटन प्रवर्द्धनका बाहेक सबै स्टल आधुनिक तथा जातीय परिकारका थिए। इटालियन पिज्जादेखि नेवारी छोइलासम्म खानेहरूको घुइँचो ती स्टलमा देखिन्थ्यो। साँझ ५ बजेपछि सडक उत्सवमा भीड देखिन्थ्यो। राति १० बजेसम्म ट्युबलाइटको उज्यालोमा व्यवसायीहरू आफ्नो उत्पादन बिक्री गर्न व्यस्त देखिन्थ।

नयाँ-नयाँ फेसन यही उत्सवमै देखिएको थियो। पुरानो पंक फेसन फेरि युवापुस्तामा फर्किएको प्रतीत हुन्थ्यो। मेटल र हिपहपको फेसन त अग्रपंक्तिमै थियो। उत्सवमा युवा-युवतीहरू आपसमा ठेलामठेल गर्दै मनोरञ्जन लिइरहेका देखिन्थे। भीडमा रेलजस्तै मान्छेको लस्कर बनाएर दौडने युवा-युवतीको संख्या पनि कम थिएन।

तीनदिने उत्सवमा युवा कलाकार रोजन राईले बाँसको जरामा बनाएका विभिन्न आकृति तथा नारीमूर्ति प्रमुख आकर्षण बने। उत्सवको उद्घाटन प्रख्यात व्यक्ति वा उच्च ओहदाका अधिकारीबाट नभै आठवटा जनजातिका बालिकाबाट भएको थियो।

## साताको स्वर



## दिनेश अधिकारी

**बोझ नहोस् मेरो माया......(स्वरः कर्णदास) कस्तो प्रकारको गीत हो ?**
यो प्रेमगीत हो । सामान्यतया प्रेममा विछोड हुँदा एकले अर्कोलाई दोष दिने प्रवृत्तिको विकल्पमा यदि सम्बन्ध बिग्रँदैछ भने सल्लाहले नै छुटेर जीवनभर मित्रवत् व्यवहार कायम राख्नु राम्रो हुन्छ भन्ने भावमा यो गीत तयार भएको हो ।

**यो गीतका लक्षित श्रोता को हुन सक्छन् ?**
खासगरी प्रौढ उमेरबाहेकका सबै श्रोताले यो गीत सुन्छन् ।

**गीतकारको दृष्टिकोणमा यो गीतको विशेशता के हुनसक्छ ?**
पहिलो विषवस्तु र दोस्रो प्रस्तुति दुवै दृष्टिकोणले यो गीत पृथक् छ ।

**यो गीत लोकप्रिय हुन्छ भन्ने आधार ?**
अहिलेको अवस्थामा यो गीतलाई जसरी बढी महत्त्व दिएर मिडियाले ग्रहण गरिरहेको छ, त्यसबाट श्रोताहरूले मन पराएको स्वतः पुष्टि हुन्छ । त्यस्तै मेरो सम्पर्कमा रहेका प्रायः सबैले यो गीतका विषयमा सकारात्मक टिप्पणी गर्नुभएको छ ।

**गीतलाई अझ लोकप्रिय बनाउन म्युजिक भिडियो निर्माण गर्ने होइन ?**
अहिले तत्काल त्यस्तो योजना छैन, गीत लोकप्रिय हुन म्युजिक भिडियो अनिवार्य सर्त होइन ।

**गायक** सविन राईको चर्चित गीत 'गुराँसको फेदमुनि...' कम्पोज गर्ने पुराना संगीतकर्मी नवराम राई ४० वर्षे उमेरमा पहिलो पटक आफ्नै स्वरमा एकल गीतीसंग्रह बजारमा ल्याउने तरखरमा छन् । उक्त संग्रह नयाँ वर्षसँगै बजारमा आउनेछ ।

**गायक** राजनराज शिवाकोटीले बोक्सी, डाइनी प्रथा तथा चेलीबेटी बेचबिखनविरुद्ध सामाजिक जनचेतनामूलक लोकदोहोरी गीतिसंग्रह 'हुन्न रे हुन्न रे...' श्रोतामाझ आएको छ । रिवेल क्रिएसनले बजारमा ल्याएको उक्त गीतिसंग्रहमा गायक शिवाकोटीका अतिरिक्त गायिका सिन्धु मल्लको आवाज छ । संग्रहको भाग १ मा हुन्न रे..हुन्न रे.. तथा भाग २ मा होसियार गीत छन् ।

**गायक** सुगम पोखरेल नयाँ गीतिसंग्रहको तयारीमा जुटेका छन् । त्यसका लागि उनले केही गीत रेकर्डसमेत गरिसकेका छन् । गायक पोखरेलका अनुसार उक्त नयाँ संग्रहमा स्कुले विद्यार्थीलाई लक्षित गरी स्पोर्ट्स सङ, लोकगीतका पारखीका लागि लोकपप तथा पप-हिपप गीतहरू समावेश हुनेछन् । उक्त संग्रहमा समावेश एउटा गीत पूर्वेली लोकभाकादेखि पश्चिमेली लोकभाकासम्म समेटेर तयार भएको छ । त्यसैगरी देउडा गायक नरेन्द्र रेग्मीको सहयोगमा उनले एउटा देउडा गीत पनि रेकर्ड गराएका छन् ।

**गायक** सबु थापाको दोस्रो एकल गीतिसंग्रह 'साइनो' श्रोतामाझ आएको छ । एक औपचारिक कार्यक्रमबीच ब्रिटिस गोर्खाले सञ्चालन गरेको रेडियो ब्रिटिस फोर्सेस ब्रोडकास्टिङ सर्भिस (बीएफबीएस) का स्टेसन म्यानेजर किशोर गुरुङले थापाको संग्रहको विमोचन गरेका थिए । २०६१ सालमा आएको थापाको पहिलो गीतिसंग्रह 'फर्मुला' ले सोचेजस्तो सफलता पाउन सकेको थिएन ।

**मोक्ष** समूहका तीन जना सदस्यले गत शनिबर राजधानीको गुरुकुलमा पूर्वी तथा पश्चिमी संगीतको मिश्रण अर्थात् फ्युजन प्रस्तुत गरे । समूहका तीन सदस्य दीपक राई, मञ्जिल मुकारुङ एवं जीवन राईले शान्तिको संगीतमार्फत आरम्भ गरेको उक्त सांगीतिक समारोहमा त्यसपछि उनीहरूले 'फिलिङ्स इन म्युजिक' शीर्षकमा लामो सांगीतिक कोसेली प्रस्तुत गरे । त्यसपछि उनीहरूले बजाएको 'फूलको थुंगा बगेर गयो, गंगाको पानीमा' तथा 'भिज्यो तिम्रो रातो पछ्यौरी' जस्ता सदाबहार गीतमा दर्शकहरू दंग परेका थिए ।

**गायक** भरत सिटौलाको चर्चा उनको दोस्रो एल्बम 'म अनि तिमी'को गीत 'रिया'का कारण निकै बढेको छ । अब केही समयभित्रै उक्त गीत टेलिभिजन च्यानलहरूमा पनि बज्नेछ । जिटुवान प्रोडक्सनले हालै उक्त गीतको म्युजिक भिडियोको छायाङ्कन सकेको छ । हालै कान्तिपुर एफएमद्वारा आयोजित होली कार्यक्रममा सिटौलाले उक्त गीत गाएका थिए । भिडियोमा उनी आफैंले अभिनय गरेका छन् भने रियाको चरित्रलाई गोप्य राखिएको छ ।

**एकताका** चर्चामा रहेका गायक दीपेशकिशोर भट्टराई आजभोलि हराएका छन् । साप्ताहिकले उनलाई सम्पर्क गर्दा थाहा भयो कि उनी गीतकार योगेन्द्रमणि दाहालको एल्बम 'अक्षर-दुई' को रेकर्डिङमा उनलाई सघाइरहेका छन् । एक वर्षअघि गायक भट्टराईकै संलग्नतामा गीतकार दाहालको 'अक्षर' एल्बम बजारमा आएको थियो । त्यतिबेला उक्त एल्बमका प्रायः सबै गीतको म्युजिक भिडियो पनि निर्माण गरिएको थियो । यस पटकको 'अक्षर-दुई' एल्बममा गायक भट्टराईको संगीतमा दाहालका शब्द सुन्न पाइनेछ । एल्बमका प्रायः सबै गीतको म्युजिक भिडियो पनि तयार भैसकेको छ, जसमा गायक तथा संगीतकार भट्टराईका अतिरिक्त सुगम पोखरेल, सरोज दत्त, दीपक लिम्बू आदिले स्वर दिएका छन् । यसबीच गायक भट्टराईको स्वरमा रेकर्ड गरिएको गीत 'तिम्रो साथ'को म्युजिक भिडियोको निर्माण आरम्भ भएको छ । एल्बम आउँदो नयाँ वर्षको अवसरमा बजारमा ल्याइने गीतकार दाहालले साप्ताहिकलाई बताए ।

**गायिका** प्राश्ना शाक्य घाँटीमा समस्या देखिएकाले हाल केही दिन गीत गाउन नसक्ने भएकी छिन् । चिकित्सकहरूका अनुरूप उनले केही दिन आराम गर्नु उचित हुन्छ । यसबीच गायिका शाक्यका लागि आएको एउटा गीतको प्रस्ताव अर्की गायिका जुना प्रसाईं कहाँ पुगेको छ । एक-अर्काबीच गायन पेसामा प्रतिस्पर्धा भए पनि अति मिल्ने साथी भएकाले गायिका प्रसाईंले मित्रताको धर्म निर्वाह गर्दै उक्त प्रस्ताव अस्वीकार गरेकी छिन् । प्राप्त जानकारीअनुसार गायिका शाक्य हाल प्रसाईंको निवासमा बसोबास गरिरहेकी छिन् र उनको स्याहार पनि प्रसाईंले नै गरिरहेकी छिन् । एउटै पेसामा लागेकाहरूबीच खुट्टा तान्ने प्रवृत्ति बढ्दै गएको वर्तमान परिस्थितिमा जुना र प्राश्नाको यस्तो मित्रता उदाहरणीय बनेको छ ।




डिजे राजु अटोग्राफ भर्दै । तस्बिर : साइबर संसार डटकम

**उद्योगपति** एवं गीतकार वसन्त चौधरीको बुझाइमा शान्ति खल्बलाउने र शान्ति ल्याउने कार्य मानिसबाटै हुन्छ । त्यही बुझाइलाई उनले गत शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा गीतिसंग्रहमार्फत सार्वजनिक गरेका छन् । झन्डै छ वर्षअघि रोमान्टिक गीतहरूको संग्रह 'माया बल्झेछ' सार्वजनिक गरिसकेका चौधरीको यो दोस्रो संग्रह हो । 'तिम्रो नाममा' शीर्षकको उक्त एल्बममा न्ह्यु बज्राचार्यले संगीत भरेका छन् भने बाला भट्टराईले स्वर दिएका छन् ।

**धेरै** पछि गायक राजेश पायल राईले एक समारोहको आयोजना गर्दै आफ्नो म्युजिक भिडियो सार्वजनिक गरेका छन् । एल्बममा गीत गाउने, म्युजिक भिडियो निर्माण गर्ने र विदेशी मुलुकहरूमा आयोजना हुने कार्यक्रममा व्यस्त हुने गायक राईले गत शुक्रबार साँझ आफ्नो पछिल्लो एल्बम 'कामना'मा समावेश गीत 'खास त' को म्युजिक भिडियो सार्वजनिक समारोह आयोजना गरेका हुन् । गायक प्रमोद निर्वाणले संगीत भरेको हङ्कङमा छायाङ्कन गरिएको उक्त गीतको म्युजिक भिडियोमा मिस हङ्कङ मनिता गुरुङले अभिनय गरेकी थिइन्, तर हाल फेरि उक्त गीतको म्युजिक भिडियो निर्माण गरिएको छ । गायक राईका अनुसार उक्त गीतको म्युजिक भिडियो केही प्राविधिक कारणले गर्दा यहाँका टेलिभिजन च्यानलहरूमा प्रसारण गर्न नमिल्ने बताइएपछि ह्वाइट प्लसको निर्माणमा फेरि म्युजिक भिडियो तयार गरिएको हो । शुक्रबार सार्वजनिक गरिएको उक्त म्युजिक भिडियोमा चलचित्र नायक धीरेन शाक्यलाई मोडलिङ गराइएको छ ।

**तीन** महिनाअघि कार्यक्रमको सिलसिलामा आफ्नो समूहका सदस्यसहित अमेरिका पुगेका मंगोलियन हार्ट समूहका गायक राजु लामा समूहसहित उतै गायब भएको कारण देखाउँदै कार्यक्रम आयोजक हिमालयन बुद्धिस्ट कम्युनिटीले उनीमाथि कारबाहीको मागसहित अमेरिकी दूतावासलाई पत्र काटेको छ । उक्त पत्रको एक प्रति क्यालिफोर्नियास्थित अमेरिकी सिटिजनसिप एन्ड इमिग्रेसन अफिसलाई बोधार्थसमेत पेस गरिएको छ । कार्यक्रमका लागि गायक निमा रुम्बा, मिग्मा शेर्पा, गायिका सिन्धु मल्ल, अनुप दास आदि पनि अमेरिका पुगेका थिए । उनीहरू समयमै स्वदेश फर्किए पनि मंगोलियन हार्टका सदस्यहरू भने कार्यक्रम सकिएलगत्तै हराएका थिए । आयोजकले गायक लामालाई उनीहरूलाई खोज्न दबाब दिए पनि अन्ततः लामा पनि हराएको आयोजक संस्थाले जनाएको छ । यता नेपालमा राजुजस्ता चर्चित गायक स्वदेश नफर्किएको र अवैधानिक रूपमा हराएको भन्दै फर्केर आएका गायकहरूले दुःख व्यक्त गरेका छन् । उनीसँगै गएका गायकहरूका अनुसार नेपाली कलाकारहरूका लागि अमेरिकामा आयोजना गरिने कार्यक्रम कमाउने बाटो भए पनि यस प्रकारको व्यवहारले उक्त बाटो बन्द हुनसक्ने सम्भावना छ ।

**यसै** साता रियाज म्युजिकले संगीत मात्र मन पराउने श्रोताहरूका लागि दुईवटा संगीत मात्र समावेश गरिएको 'इन्स्टुमेन्टल म्युजिक' सिडी सार्वजनिक गरेको छ । उक्त कम्पनीका एक सञ्चालक तथा गायक सुमन श्रेष्ठका अनुसार केही विशेष श्रोताबाट त्यस्ता संग्रहको माग आएकाले उक्त दुई संग्रह क्रमशः 'स्मृति' र 'इफ्युजन' सार्वजनिक गर्नुपरेको हो । यसका साथै बेलायती सैनिकमा कार्यरत गायक भीमसेन लामाको दोस्रो एल्बम 'प्ले'लाई पनि यसै साता बजारमा पठाइएको उनले बताए । औपचारिक रूपमा विमोचन नगरिएको उक्त एल्बममा गायक लामाले चलचित्र 'चिनो'को गीत 'बतासैले उडाइलग्यो माया मेरो' लाई डिजे सन्तोषमार्फत रिमिक्स गरेका छन् भने सिमोस सुनुवारको निर्देशन एवं ग्राफिक सम्पादनमा म्युजिक भिडियोमार्फत एक्सन दृश्यहरू दिएका छन् । यसका साथै कम्पनीले विभिन्न रिमिक्स गीतका म्युजिक भिडियोहरूको संग्रह 'चियाबारीमा हो चियाबारीमा' पनि यसै साता बजारमा ल्याएको छ ।

### लाइभ शो

दरबारमार्गस्थित नेपाली चुल्हो रेस्टुराँमा नेपाली परिकारहरूको स्वाद लिँदै नेपाली सांस्कृतिक कार्यक्रमको आनन्द लिन पाइन्छ । उक्त रेस्टुराँमा हरेक साँझ ७:३० बजेदेखि ९:०० बजेसम्म नेपाली गीत तथा परम्परागत नृत्यहरू प्रस्तुत हुन्छन् ।

## नजिकबाट धर्मेन्द्र सेवान (नेपाली तारा फस्ट रनरअप)

| | | |
|---|---|---|
| जन्ममिति | : | २०३९ चैत २ |
| नामको अर्थ | : | धर्मको राजा इन्द्र |
| जन्मस्थान | : | खहरे लेकसाइड, पोखरा |
| रुचि | : | संगीत, भ्रमण, चित्रकला |
| तपाईंको गोप्य कुरा | : | खाना बनाउँछु |
| पहिलो गीत | : | अँधेरीमा .... |
| पहिलो एल्बम | : | दि सेकेन्ड |
| सांगीतिक गुरु | : | बुबा बुद्धि परियार |
| पहिलो डेटिङ | : | छैन |
| गर्लफ्रेन्ड | : | छैन |
| पहिलो प्रेमपत्र | : | पठाएको छैन |
| नजिकको साथी | : | दिदी अनु |
| पहिलो पटक बजाएको बाजा | : | गिटार |
| मनपर्ने परिकार | : | नेपाली |
| मनपर्ने रंग | : | कालो, सेतो |
| मनपर्ने पहिरन | : | जिन्स, टि-सर्ट |
| मनपर्ने खेल | : | पुल |
| फुर्सदमा | : | चित्र कोर्ने |
| मनपर्ने संगीत | : | सेन्टिमेन्टल |
| रिस उठेको बेला | : | एकान्तमा गएर संगीत सुन्ने |
| मनपर्ने आफ्नै बानी | : | सरल मिजास |
| सबैभन्दा बढी माया | : | आमालाई |
| पहिलो चुम्बन | : | छैन |
| रमाइलो क्षण | : | नेपाली ताराबाट नाम कमाउँदा |
| नरमाइलो क्षण | : | बुबालाई गुमाउँदा |
| घुम्न मन पर्ने स्थान | : | कर्णालीका विभिन्न क्षेत्र |
| जीवन के हो | : | परमेश्वरले दिनुभएको सुन्दर उपहार |
| जीवनको लक्ष्य | : | राम्रो कलाकार बन्ने । |



# सिर्जनाले झुमाइन् पोखरा

शिव शर्मा



पोखरा– 'धोका दिनेलाई के भनौ र खै, तिमी हाँस भो मै बसौला रोई' गीतको बोल यही हो । दोहोरीको पारो चढ्यो । दर्शक जोस्सिन थाले । चर्चित लोकदोहोरी गायिका सिर्जना विरही थापा र सञ्जय पुनको घम्साघम्सीमा नझुम्ने कोही भएनन् । चुलबुले र फरासिली गायिका सृजना विरहीको हाउभाउपूर्ण दोहोरीले दोहोरीप्रेमी पोखरेलीहरूमा बेग्लै नसा चढ्यो ।


सिर्जनाले गीत मात्रै गाइनन्, आफू पनि कम्मर मर्काउँदै स्टेजमै नाचिन् । 'वनको काफल वनकै चरीलाई' गीतबाट चर्चामा आएकी सिर्जनाको गीत सुन्न दीपेन्द्रसभागृहको प्रेक्षालयमा दर्शकको ओइरो लागेको थियो । धेरै पटक पोखरेली दर्शकलाई दोहोरीले च्याइँ-च्याइँ पारिसकेकी सिर्जनाको प्रस्तुतिले यसपटक पनि दर्शकको अपार साथ पाएको थियो ।

तन्नेरी दोहोरी गायक राजन ठकुरीसँग उनको दोहोरीले सभागृहमा हाँसोका फोहरा छुटेको थियो । 'के हुन्छ कुन्नि' गीतमा यी दुवैको भनाभनले कार्यक्रम रोमाञ्चकारी बन्यो । तन्नेरी दर्शक हुटिङ गर्न थाले । सृजनाले गाएको एकल गीत 'एउटा चिठी लेख्न मन ला'छ'ले दर्शकलाई भावुक बनाएको थियो । नेपाल मगर संघ, नेपाल मगर महिला संघ तथा नेपाल मगर विद्यार्थी संघ, कास्कीले गत शनिबार आयोजना गरेको बृहत् सांस्कृतिक कार्यक्रममा सृजना र राजनको दोहोरी प्रमुख आकर्षण रह्यो ।

टिकटमा चर्चित पप गायक क्रान्ति आले लेखिए पनि कार्यक्रममा आलेको उपस्थित भएन । कार्यक्रममा स्थानीय गायक-कलाकारहरूले गीत, नृत्य तथा प्रहसन प्रस्तुत गरेर दर्शकहरूलाई मनोरञ्जन दिएका थिए ।

## जीतु'चाको जोक्स

jitendra_rajb@hotmail.com



एउटा उडिरहेको आधुनिक हवाईजहाजको लाउडस्पिकरबाट घोषणा हुँदै थियो– आदरणीय महानुभावहरू, यो अति नै आधुनिक हवाईजहाज हो। यो हवाईजहाजमा सबै कुरा अटोमेटिक रूपमा चल्छ। त्यसैले यसमा पाइलट, होस्टेस आदि कोही पनि छैनन्। यो हवाईजहाजले दुई हजार माइल प्रतिघन्टाको गतिमा तपाईंलाई सुरक्षित र सकुशल रूपमा पुऱ्याउँछ।

यसको अटोमेटिक सिस्टममा खराबी आउने कुनै सम्भावना छैन। खराबी आयो भने...आयो भने...आयो भने....।

०००

बिकुराम, एक जना अमेरिकी र एक जना जापानी एउटा पाँचतारे होटलमा निर्वस्त्र भएर साउना बाथ लिंदै थिए, अचानक अलार्म बजेछ र अमेरिकीले आफ्नो नाडीमा थिचेछ र अलार्म बन्द भएछ। त्यो देखेर बिकुराम छक्क पर्दै : के बजेको त्यो ?

अमेरिकी : ए यो, यो मेरो पेजर बजेको, मैले नाडीभित्र नै माइक्रो चिप्स राखेको छु नि।

केही बेरपछि फोनको घण्टी बजेछ र जापानीले आफ्नो हात कानमा लगेर राखेछ र कुरा गरेछ। त्यो देखेर बिकुराम दङ्ग पर्दै जापानीसँग सोधेछ : अनि त्योचाहिँ तपाईंको मोबाइन फोन बजेको होला होइन ?

जापानी : अँ, हो। मैले मेरो मोबाइन फोनको माइक्रो चिप्स हत्केलामा जडान गरेको छु नि।

दुई विकसित देशबाट आएका मित्रको आधुनिकताको यस्तो सान देखेर बिकुरामलाई पनि के गरूँ के गरूँ भएछ र साउना बाथरुमबाट निस्केर ट्वाइलेट गएछ र आफ्नो पछाडि ट्वाइलेट पेपर झुन्ड्याएर आएछ। त्यो देखेर अमेरिकी र जापानीले प्रश्न गरेछन् : बिकुराम, तिम्रो पछाडि के हो त्यो ?

बिकुराम : ए यो, यो मेरो अफिसबाट फ्याक्स आ'को।

०००

मर्नुअघि एक जना व्यक्ति आफ्नी श्रीमतीलाई सबै सत्य बताउन चाहन्थ्यो। उसले ठूलो परिश्रमपछि पत्नीसँग रुन्चे मुख लगाउँदै भन्यो, 'सावित्री, मैले तिमीलाई सधैं भ्रममा राखें। मेरो तिमीबाहेक ४ जना युवतीसँग सम्बन्ध थियो। आफ्नो सम्पत्तिमध्ये आधाजति मैले उनीहरूमाथि नै खन्याएँ। मर्ने बेलामा म तिमीजस्ती असल श्रीमतीलाई धोका दिन चाहन्नँ, मलाई माफ गर।'

श्रीमतीले पनि रुन्चे मुख लगाउँदै भनिन्– 'मलाई पनि माफ गर्नुहोस्। तपाईं मरेपछि सबै सम्पत्ति आफ्नो खुसीले खर्च गर्छु भनेर मैले तपाईंलाई दिनैपिच्छे विशेष औषधी पिलाएँ। तपाईं कालगतिले मर्न लाग्नुभएको होइन, त्यही मैले दिनैपिच्छे ख्वाउने स्लो पोइजनले तपाईंको स्वर्गवास हुन लागेको हो।'

०००

## जय जय नेपाल

अनेक जाति, भाषाभाषी, धर्म, आस्था, अन्दाज
सगरमाथा मुस्कुराई, बनिरहन्छ शिरताज।
रारा, फेवा, घोडाघोडी, नेपालका सुन्दर ताल।
पूर्खाहरूको बलिदानले, सधैंभरि स्वाधीन
सहिदहरूको चाहनाले, हुनेछैन पराधीन।
गौरवशाली देश हाम्रो, वीरहरूले आर्जित
बुद्धका सन्देश हामीलाई, हुन दिन्नन् पराजित।
समावेशी लोकतन्त्रवादी राष्ट्र हाम्रो विशाल
हृदयदेखि गाउँछौं हामी जय जय ! नेपाल।

–कृष्णबहादुर बिष्ट


## जञ्जिर किन चाहियो

यादै काफी छ मलाई तिम्रो तस्विर किन चाहियो
थुनिसकें दिलमा अब नजिर किन चाहियो
राम्रो हुँदा स्याबासी गल्ती हुँदा गाली गछ्यौं
तिमी नै छौ गुरु मेरो फकिर किन चाहियो
जान दिन्न कतै भन्छ्यौ आलिंगनमा बाँधिएर
तिम्रै त हुँ बाँध्नलाई जञ्जिर किन चाहियो ?

–बालकृष्ण सापकोटा

## बाँच्न सिक

बाटो कठिन छ जिन्दगीको
तैपनि डटेर हिंड्न सिक।
असफलता आइलागे पनि
सफलता हासिल गर्न सिक
संसारमा धेरै मानिस भेटिए
सही र गलत खुट्याउन सि
स्वार्थी मानिस भेटिएलान्
सतर्क भएर हिंड्न सिक।
कसैले रुवाउन खोजे पनि
आजीवन हाँसेर हिंड्न सिक
संसारै लोभी भए पनि
मानवतालाई हाँक्न सिक।
एक दिन धर्ती छाड्नैपर्छ
कीर्ति राखी बाँच्न सिक।




–अवानी भण्डारी

## तिमीसँगै जिउँछु

कोमल मुहार बिहानीको उषाभित्र पाउँछु
वदन हेर्न पूर्णिमाको जूनसम्म धाउँछु
सपनीमा तिमी आउँछौ मायाप्रीति साट्छौ
नजर पर्दा तिमीमा लजाई-लजाई हिंड्छौ
तिमीसँग दिन साट्न निमन्त्रणा गर्दा
पानी-पानी भएथें म फूलले बाटो छर्दा
तिम्रो-मेरो सृष्टि भयो यो जूनीका लागि
सिन्दूर-पोते किनिसकें तिम्रै निम्ति भनी
मलेवाको जोडी लेख्दा लाज किन मान्छौ
मेरो साथ यो जुनीको र त स्वर्ग ठान्छौ
तिमीविना यो जिन्दगी आधा मात्र लाग्छ
तिमीसँगै जिउँछु म त संसार प्यारो लाग्छ।

–...नेश



## पिरतीका खेल

कहिले हिंड्छु उकाली कहिले हिंड्छु ओराली
सँगसँगै हिंड्दै जाँदा कहिले पुग्छु देउराली
पिरतीको खेलले किन भएँ आफैं बेनामी
मेरो जीवन भत्काएर तिमी भयौ इनामी
एक मुठी विष पिलाई होऊ बरु मलामी
कहिले हिंड्छु उकाली कहिले हिंड्छु ओराली
सँगसँगै हिंड्दै जाँदा कहिले पुग्छु देउराली
पिरतीको खेलले कि भएँ आफैं बेनामी।

–अनन्त संयोगी

## लुकेको प्रेम

प्रेम होस् त दीप र दीपिकाको जस्तो। पुस्तकमा पढिएजस्तो, चलचित्रमा हेरिए जस्तो अथवा कल्पनामा रमाए जस्तो। सफा व्यवहार, आदर्श सोच एवं निश्चित उद्देश्य। दीपलाई कुनै कुरा मन परेन भने दीपिका त्यस्तो काम गर्दिनथी। दीपिकाले नरुचाएको कुरा दीप पनि गर्न अघि सर्दैनथ्यो। उनीहरू निश्चित समयमा भेट्थे। प्रेमालाप गरेर लामो समय बिताउँदैनथे। युवा भए पनि प्रेममा उत्ताउलोपन देखाउँदैनथे। लामो समयको प्रेममा उनीहरूले राम्रोसँग अँगालो पनि मारेका थिएनन्। उनीहरू चुम्बन नगरे पनि प्रेम आदर्श हुन सक्छ भनेर प्रमाणित गर्न चाहन्थे।

एकपल्ट दीपकलाई ५ हजार रुपैयाँको आवश्यकता पऱ्यो। उसले केही साथीहरूसँग सहयोग माग्यो। साथीहरू मिलेर उसलाई रुपैयाँ जुटाइदिए। दीपकले ५ महिनाभित्र उक्त रकम तिर्ने कबोल गऱ्यो।

समय बित्दै गयो। दीपकले ५ हजार रुपैयाँ फर्काउन सकेन। विद्यार्थी जीवनमा ५ हजार भनेको ठूलै रकम हुने भएकाले उसलाई अप्ठ्यारो पर्दै गयो। उसले बुबासँग केही रुपैयाँ माग्यो। फेरि अरू साथीभाइ गुहाऱ्यो। ऊ केही अस्तव्यस्त भयो र उसले केही बदनामी पनि खेप्नुपऱ्यो। बल्ल-बल्ल पुरानो ५ हजार तिऱ्यो तर त्यो रकम तिर्न उसले ५ महिनाका लागि फेरि ४ हजार ऋण लिनुपरेको थियो। उसले प्रेममा अप्ठ्यारो पर्छ भनेर दीपिकासँग पैसाको कुरा लुकाउन खोज्यो। जब थप ४ हजार रुपैयाँ तिर्नुपर्ने बेला आयो, दीपिकालाई नभनी सुखै पाएन। अन्त्यमा दीपिकाले ४ हजार सहयोग गरी तर जब दीपिकाले ४ हजार दिई, त्यसपछि उनीहरूको आदर्श प्रेम खण्डित हुँदै गयो। अहिलेसम्म अरूका लागि नमुनाका रूपमा कहलिएको उनीहरूको प्रेममा खडेरी पऱ्यो। केही समयपछि नै उनीहरूबीचको प्रेम धराशयी भैसकेको थियो।

–दीपक कार्की

# फेरि, जाऊँ है पोखरा

पोखरा- छयाइडै खुलेका सेता हिमाल र रमणीय दृश्य, आहा पोखरा, यहाँ आउने स्वदेशी विदेशीको मुखबाट यही वाक्य निस्कन्छ। फेरि आफ्नो गन्तव्यमा फर्किएपछि अरूलाई पनि एकपटक जाऊँ है पोखरा भन्ने निम्तो उनीहरू नै बाँड्छन्। यतिबेला निम्तो स्वीकार्दै पोखरा भित्रने पाहुनाहरू हवात्तै बढेका छन्।

स्थानिय पर्यटन व्यवसायीहरू पनि मख्ख छन्। होटलहरूमा पर्यटकहरूको बसाइ लम्बिएपछि व्यवसायीहरूलाई सेवा दिनै मुस्किल। यस्तो अवस्था यति छिट्टै आउँला भनेर पर्यटन व्यवसायीहरूले कल्पनै गरेका थिएनन्, तर कल्पना वास्तविकतामा परिणत भएको छ। लामो समयसम्म ऱ्हास आएको पोखराको पर्यटनमा अपेक्षाकृत परिवर्तन आएको छ।

विगतमा जस्तो होटलमा पर्यटकको अभाव झेल्नुपरेको छैन, होटल व्यवसायी हरिप्रसाद गुरुङ भन्दै थिए- 'अहिले सन्तोषको सास फेर्ने अवस्था आएको छ।' होटलमा पर्यटकहरूको स्वागत-सत्कारमा तल्लीन हुन पाउँदा अब सधैं यस्तै सहज स्थिति रहोस् भन्ने कामना पनि व्यवसायीहरूले गरेका छन्। पहिले कर्मचारी कटौती गरियो, अहिले थप्दा पनि पुग्दैन, लेकसाइडका एक होटल व्यवसायीले साप्ताहिकसँग भने। यहाँ पर्यटकीय स्तरका होटलको संख्या करिब ४ सय छ। तिनको बेड क्षमता ९ हजार छ। यतिबेला यी होटलका कोठाहरू भरिभराउ देखिन्छन्। यस्तो बेला सन्तोष नभए कहिले हुने ? पर्यटन व्यवसायी श्रीलाल सुवेदी भन्छन्- दस वर्षे द्वन्द्वले गाँजेको पोखराको पर्यटनको मुहार अहिले एकाएक फेरिएको छ।

संसारभरका मानिस ओइरिने सुन्दर नगरी पोखरालाई मध्यनजर राखेर नै नेपाल सरकारले भिजिट पोखरा-२००७ को घोषणा गरिदिएको छ। पोखरालाई क्षेत्रीय गन्तव्यस्थलका रूपमा विकास गर्ने गुरुयोजनाअनुरूप सरकारले यस्तो घोषणा गरेपछि यहाँ पर्यटन आगमनमा तीव्रता आएको छ।

भ्रमण वर्षले पोखरामा आन्तरिक पर्यटक ४० प्रतिशत तथा भारतीय र तेस्रो मुलुकका पर्यटक आगमनमा २५ प्रतिशतले वृद्धि हुने अपेक्षा गरि एको छ। प्रचुर सौन्दर्यको घुम्टो ओढेको पोखरामा पहिलो पाइला राख्नेबित्तिकै जसको पनि मन आल्हादित हुन्छ। भिजिट पोखराको अभियानलाई मूर्त रूप दिन व्यवसायीहरू अभियाननै लिएर हिंडिरहेका छन्। यही अभियानले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई नेपाल आउने वातावरण सिर्जना गरेको छ, पोखरा भ्रमण वर्ष– २००७ का संयोजक सुन्दरकुमार श्रेष्ठले भने- 'पोखरामा बढीभन्दा बढी पर्यटक भित्र्याउन हामी देशव्यापी अभियानमा लाग्नेछौं।'

सन् १९९८ नेपाल भ्रमण वर्ष पनि पूर्ण रूपमा सफल भएको हो। अहिले पनि पोखरा भ्रमण वर्षको घोषणासँगै पर्यटक बढ्ने क्रम बढिरहेको छ। पोखरा विविधताले युक्त भएको सुन्दर सहर भएकाले विश्वका कुना-कुनाका पर्यटकहरू यहाँ आउन हतारिन्छन्।

भिजिट पोखराअन्तर्गत ल्याइएको प्याकेज कार्यक्रमले लमजुङको घलेगाउँ, स्याङ्जाको सिरुबारी, कास्कीको घान्द्रुकदेखि चितवन, पाल्पा, तनहुँ, गोरखाका पर्यटकीय स्थललाई समेटेको छ। राजधानीपछि पर्यटकहरूका लागि दोस्रो गन्तव्यका रूपमा पोखरालाई नै लिइन्छ। राति अबेरसम्म हुने पर्यटकीय चहलपहल र खचाखच होटलको दृश्यले पोखराको पर्यटन तङ्ग्रिन लागेको अनुमान लगाउन कसैलाई गाह्रो हुँदैन।


तारे होटल फूलबारी एन्ड स्पामा पनि बुकिङ 'रेसियो' राम्रो भएको छ। कुनै बेला बन्द हुन अवस्थामा पुगेको होटलमा अहिले तुलनात्मक सुधार आएको छ। कुनै दिन त १ सय ६५ रुम नै बुकिङ भयो, होटलका बजार प्रबन्धक सञ्जीव बानियाँ भन्छन्- 'अहिले ७० प्रतिशत बुकिङ रेसियो छ।' यसअघि होटलमा मुस्किलले कहिलेकाहीं मात्र २५ प्रतिशत बुकिङ हुन्थ्यो।

फूलबारी मात्र होइन, पोखराका सानादेखि उच्चस्तरीय होटलहरूमा पर्यटकहरूको बसाइ सन्तोषजनक छ। बन्द हुन लागेका र बन्द भैसकेका केही होटल पनि धमाधम खुल्न थालेका छन्। किन त जवाफ एउटै छ, दिनानुदिन पोखरामा भित्रिएका पर्यटक र सहज स्थिति। के छ त यति विछट्टै पोखरा आएपछि पर्यटक भुतुक्कै हुने ?

सौन्दर्यपान गराउने पर्याप्त दृश्य पोखरामा छन्। पोखरा भ्रमण आउने स्वदेशी विदेशी जोसुकै हुन पहिले कञ्चन फेवातालमा बोटिङ गर्न हतारिन्छन्। हरेकको पहिलो रोजाइ नै फेवाताल र तालको बीचमा रहेको बाराही मन्दिरको दर्शन बन्ने गरेको छ। फेवातालमा बोटिङ नगरी कोही फर्कंदैनन्। अहिले फेवातालमा बोटिङ गर्नेहरूको लस्कर देखिन्छ। कुनै बेला मेरो पालो कहिले आउँला भनेर लामो प्रतीक्षा गर्ने डुङ्गा व्यवसायीहरूलाई पनि चापचाप छ। डुङ्गा व्यवसायी संगठनका अध्यक्ष बुद्धिबहादुर नेपाली भन्छन्- अहिले फेवातालमा डुङ्गा शयर गर्नेहरू दोब्बरले बढेका छन्।

पोखराकै नजिक रहेको लेखनाथ नगरपालिकामा अवस्थित सात ताल पनि हरेकको नजरमा पर्ने गरेको छ। यति मात्र होइन, यहाँका महेन्द्रगुफा, गुप्तेश्वर गुफा, चमेरा गुफाभित्रको दृश्यावलोकन गर्न पाउँदाको रमाइलो अर्कै छ। दुई आँखामा राखेर सजिलै हेर्न सकिने सराङकोटको टावर, अनदुको डाँडोमा पुग्न जोकोही हतारिन्छन्। यहाँबाट पोखरा नगर क्षेत्रको सुन्दर दृश्य मात्र होइन, आँखामै टाँसिन आइपुग्ने हिमश्रृंखलाहरू पनि मनमोहक देखिन्छन्। पोखराको गर्भ छिचोलेर बगेको सेती नदी, प्रेम वियोग सम्झाउने पातले छाँगोमा पर्यटकहरू हराइरहन मन पराउँछन्।

यहाँका रमणीय स्थलहरूको विश्वभर प्रचार प्रसार गर्न सके पोखरा नमुना पर्यटकीय केन्द्र बन्न सक्छ, होटल व्यवसायी चित्र अधिकारी भन्छन्-'अहिले पोखरामा भित्रिएको पर्यटकको अनुपात पनि धेरै राम्रो छ।' लेकसाइडमा रहेका होटल रेस्टुराँ मात्र हैनन्, नगर क्षेत्रकै होटलहरूमा पर्यटकीय चहलपहल बढेको छ।




**सन् २००६ मा पोखरा भ्रमणमा आएका पर्यटकहरूको मासिक विवरण**


| महिना | तेस्रो मुलुक | भारतीय | कुल |
|---|---|---|---|
| जनवरी | ६७७१ | १५७५ | ८३४६ |
| फब्रुअरी | ५१७८ | १०३२ | ६२१० |
| मार्च | ६६१९ | १२५५ | ७८७४ |
| अप्रिल | ३३७७ | ९०१ | ४२७८ |
| मे | २७३९ | १९४७ | ४६८६ |
| जून | २६१० | ३८३२ | ६४४२ |
| जुलाई | ३३७५ | २२९८ | ५६७३ |
| अगस्ट | ४२१७ | १३४७ | ५५६४ |
| सेप्टेम्बर | ४७१२ | २७७५ | ७४८७ |
| अक्टुबर | ९८९६ | ३२४७ | १३१४३ |
| नोभम्बर | १०९१६ | १५७८ | १२४९४ |
| डिसेम्बर | १०१९० | २४१२ | १२६०२ |
| जम्मा | ७०,६०० | २४,१९९ | ९४,७९९ |

ट्रेकिङ एजेन्सीहरू पनि फस्टाउन थालेका छन्। अन्नपूर्ण क्षेत्रका लागि पदयात्रामा निस्कने पर्यटकसंख्या पनि निकै बढेको छ।

त्यसो त पोखरा आउने करिब ७० प्रतिशत विदेशी पर्यटक पदयात्रामा नै रमाउने गरेका छन्। उनीहरूमध्ये अधिकांश अन्नपूर्ण क्षेत्र नै जान रुचाउँछन्। अन्नपूर्ण क्षेत्र पदयात्राका लागि विश्वकै उत्कृष्ट दस गन्तव्यमध्ये एक हो। गत वर्षको तुलनामा पदयात्रा जाने पर्यटक दोब्बर भएका छन्, ट्रेकिङ एजेन्ट्स एसोसिएसनका पूर्व अध्यक्ष टीका सापकोटा भन्छन्- 'चैतसम्म पदयात्रामा निस्कने पर्यटकहरूको ताँती नै हुन्छ। अहिले यहाँ अधिक चिनियाँ पर्यटकको संख्यामा पनि वृद्धि भएको छ। मुलुकमा स्थिति अनुकूल भएपछि पर्यटक आगमनमा ४० प्रतिशतले वृद्धि भएको छ, यो अझ बढ्दै गएको पर्यटन व्यवसायीहरूले बताए।

शिव शर्मा





१९,१८,९,१०,५,५,२०,१ नजर जुधेपछि गाह्रो हुँदो रहेछ । तिमीसँग छुट्टिएर पनि म तिम्रै नाम जपेर बसिरहेको छु । दुई वर्षअघि मैले जुन गल्ती गरें त्यसको मलाई आजसम्म पछुतो छ । हामीबीचको असल मित्रता मेरै कारणले टुट्यो । मैले जुन गल्ती गरें त्यसलाई बिर्सिदेऊ, म फेरि पनि तिमीसँग नयाँ मित्रता गाँस्न चाहन्छु ।

**manepali_pnysthe_06@yahoo.com**

बनेपातिर जाने सेतो माइक्रोमा बसी नाला दोबाटो भन्दा वरै बाइकमा बस्ने अञ्जान युवकलाई हात हल्लाउने अञ्जान युवतीलाई शनिबार दिउँसो तीन बजे बनेपा बसपार्कमा आउन अनुरोध छ ।

**अञ्जान युवक**

बी., जन्मदिनको बधाइ अनि लाखौंलाख शुभकामना । तिमी अझै पनि मसँग रिसाइरहेकी छौ रे । मबाट त्यस्तो कुनै भूल भए जस्तो लाग्दैन । सायद तिम्रो नजरमा ती कुराहरू दोषी ठहरिए होलान् । त्यसले मलाई आत्मग्लानि पनि भैरहेको छ । म तिमीसँग मात्र एकपटक कुरा गर्न चाहन्छु । त्यसपछि रिसाऊ-नरिसाऊ तिम्रो खुसी ।

**अमृत**

साँझ ६ बजेतिर साइवरमा नेट चलाउन आउने, भित्र छिर्न नमान्ने, नेट चलेको छैन भनेपछि फर्केर जाने, घरीघरी फर्केर हेर्ने अनि साइकलको पछाडि बसेर मलाई बाइ गर्ने जिन्स पाइन्ट तथा कालो स्वीटर एवं लामो कपाल हुनेसँग मित्रताको हात अघि बढाउँछु ।

**bastav_baba@yahoo.com**

एन.एन., बुबा-आमाले विवाहको कुरा गर्दा नकार्न नसकी अपरिचित केटासँग एकै कोठामा बसी कुरा (विवाहको) गर्ने र मसँग चाहिं बाध्यता भनी माफी माग्ने तथा झूटो प्रेमको जालमा फसाउन खोज्ने धोकेवाज, तिमी मलाई डिस्टर्ब गर्न चिठ्ठी र फोन नगर, अधुरो प्रेमीका तर्फबाट तिम्रो उत्तरोत्तर प्रगतिको कामना ।

**१३-११-११-१**

शनिबार धुलिखेलबाट बनेपा जाने क्रममा बसमा भेट भएकी रातो कुर्ता सलबार लगाउने र मलाई घरीघरी हेरिरहने दुईजना युवतीलाई साथी बनाउने इच्छा भएकाले आफ्नो नाम र फोन नम्बर पठाउन आग्रह छ ।

**खैरो ज्याकेट लगाउने युवक**

**सूचना**

**नयाँ वर्ष २०६४ का अवसरमा आफ्ना इस्टमित्र तथा शुभेच्छुहरूलाई साप्ताहिकमार्फत शुभकामना दिन चाहने पाठकहरूले आफ्नो शुभकामना सन्देश साप्ताहिकको कार्यालयमा चैत २० गते मंगलबारसम्म आइपुग्ने गरी पठाउन हुन अनुरोध गरिन्छ ।**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/- अनिवार्य

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................

उमेर : ............................ उचाइ : ..............................

पेसा : ............................ शिक्षा : ..............................

स्वभाव :............................ वैवाहिक स्थिति : ..........................

अभिरुचि : ..........................................................

वर्ण : ....................................

इमेल : ..........................................................


ठेगाना : ..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

**नोट** : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।



## निष्ठुरीको नियति

त्यतिबेला म कक्षा ९ मा अध्ययनरत थिएँ । म अधिकांश समय अध्ययनमै बिताउँथें । यसै क्रममा २०५९ सालको दसैं-तिहार आयो । दसैं रमाइलोसँग मनायौं, त्यसपछि आयो तिहार । सदाझैं तिहारमा पनिसाथीहरू मिली देउसी खेल्न जाने कार्यक्रम बनायौं तर हाम्रो समूहमा युवती साथी कम थिए । त्यसमा पनि नाच्ने युवती भनेका त एउटै थिएनन् । मेरो अंकलको छोरा जो मसँग अति नै मिल्थ्यो ऊ गोर्खाकै एउटा नृत्यशालामा प्रशिक्षण लिँदै थियो । त्यसैले हामीले उनलाई आफ्नो नृत्यशालाका युवतीहरूलाई हामीसँग देउसी खेल्न ल्याउन भन्यौं । त्यसपछि भाइका साथीहरू पनि हामीसँग देउसी खेल्ने कुरामा सहमत भए ।


निश्चित दिन हामीहरूले सबै रमाइलो गरी देउसी खेल्यौं । भाइको नृत्यशालाबाट ५-६ जना युवती आएका थिए । जसमध्ये एउटी अति सुन्दर थिइन् । हाम्रो समूहमा अलिकति गाउने भनेको म नै थिएँ । मेरो गीत र नृत्य उनलाई मन परेछ । उनी मलाई लुकीछिपी हेरिरहन्थिन् । म पनि उनलाई बेलाबेलामा छड्के नजरले हेर्थें । यसै क्रममा उनको र मेरो आँखा जुध्न पुग्यो । देउसी खेलिसकेपछि हामी पिकनिकमा पनि गयौं । पिकनिकमा उनको र मेरो सामान्य बोलचाल भयो । पिकनिकमा रमाइलो गरी हामी घर फर्कियौं । तिहारको छुट्टी सकिएपछि हाम्रो विद्यालय पुनः सञ्चालन भयो ।


म विद्यालय गएको पहिलो दिन नै उनले मेरा अंकलको छोरा (भाइ) को हात प्रेम प्रस्तावसहित केही उपहार र फूल पठाइन् । मैले पनि उनको प्रेमलाई सहजै स्वीकार गरेर त्यसको केही दिनपछि केही उपहारसहित सकारात्मक जवाफ पठाएँ । त्यसको केही दिनपछि उनले अर्को प्रेमपत्र पठाइन् । उनको प्रेमपत्र पाएर म अत्यन्तै हर्षित थिएँ । त्यसपछि हामीबीच पत्रहरू आदान-प्रदान हुन थाल्यो । त्यसपछिका दिनहरू रमाइलोसँग बित्न थाले । उनी प्रायः शनिबार मन्दिर जान्थिन् । मन्दिरमा हामीले चोखो माया-प्रेमको सफलताको कामना गर्थ्यौं । हामी कहिले मन्दिर, कहिले रानीवन गर्दै विभिन्न ठाउँमा भेट्थ्यौं ।

हामी दुई एक-अर्काबिना एकपल पनि बाँच्न नसक्ने अवस्थामा पुगेका थियौं । एकछिन नभेट्दा पनि वर्षौंजस्तो लाग्थ्यो । उनी मेरो स्कुलमा पनि भेट्न आउँथिन् । घरमै आएर मलाई भेटेर जान्थिन् । उनी माया-प्रेमका साथ जीवनभर साथ दिने कुरा गर्थिन् । यत्तिकैमा मेरो अन्तिम परीक्षा पनि आयो, म आफ्नो अध्ययनमा समय दिन थालें ।


यसबीच हाम्रो भेट हुन सकेन । मेरो परीक्षा सकिएपछि उनलाई भेट्ने प्रयास गरें तर सफल भइनँ । मैले पत्र पठाएँ तर उनले कुनै जवाफ पठाइनन् । पहिले हामी भेट्ने स्थानमा बोलाएँ तर उनी आइनन् । पछि मैले सुनें उनी त अरू नै धनाढ्य युवकसँग प्रेम गर्छिन् । आखिर उनी किन परिवर्तन भइन् ? किन मेरो चोखो मायालाई हाँसोको पात्र बनाइन् ? आखिर तिमीले यत्रो संसारमा मै एउटा युवक देख्यौ जसलाई चोखो मायाको साटो चोट र पीडा दियौ । मबाट के गल्ती भयो ? उनले एकपटक मेरो कमजोरीलाई प्रष्ट्याइदिएको भए हुने थियो ।

**– के.पी.**






पोखरामा आफ्नै व्यवसाय गरेर बसेका २२ वर्षीय सुमित श्रेष्ठ मिलनसार युवक हुन् । पत्रमित्रता गर्ने तथा गीत-सङ्गीतमा रुचि भएका सुमित अविवाहित छन् । सुमित सहयोगी भावना भएको, रगतको नाताभन्दा भावनात्मक नातालाई महत्त्वपूर्ण मान्ने व्यक्तिलाई साथी बनाउन चाहन्छन् । गहुँगोरो वर्णका सुमितलाई sumi_sant2006 @yohoo.com तथा भीमकाली पाटन, पोखरा- १ घर नम्बर- १३२ कास्कीमा पत्रचार गर्न सकिन्छ ।




प्रवीणता प्रमाणपत्र तह अध्ययन गरेर आफ्नै व्यवसाय प्रारम्भ गर्ने धर्मसिंह रावल ५ दशमलव ९ इन्च अग्ला छन् । २५ वर्षीय धर्मसिंह समाजसेवा तथा पत्रमित्रता गर्न रुचाउँछन् । मिलनसार स्वभावका रावललाई sangharsha @hayoo. com तथा कञ्चनपुर, महेन्द्रनगर नगरपालिका वार्ड नम्बर ४ मा पत्राचार गर्न सकिन्छ ।

प्रवीणता प्रमाणपत्र तह अध्ययनरत ६ फिट अग्ला हेमन्त तिमल्सेना आर्ट सेन्टरमा कार्यरत छन् । गम्भीर स्वभावका २० वर्षीय अविवाहित हेमन्त सङ्गीत सुन्न



तथा चित्र कोर्न मन पराउँछन् । हेमन्त दुःख-सुखमा साथ दिने, घमन्ड नगर्ने तथा चोखो माया गर्ने साथीको खोजीमा छन् । हेमन्तलाई hemanta@ sindhu.com.np तथा सिन्धुपाल्चोक- ७ मा पत्राचार गर्न सकिन्छ ।




बीबीएस प्रथम वर्षमा अध्ययनरत धर्मराज खड्का काठमाडौंमा मध्यम खालको जागिर खाँदैछन् । ५ फिट ५ इन्च अग्ला खड्का पत्रमित्रता, भ्रमण तथा सङ्गीतमा रुचि राख्छन् । गँहुगोरो वर्णका खड्का रगतको नातालाई भन्दा भावनाको नातालाई महान् मान्ने साथीहरूको खोजीमा छन् । अविवाहित खड्कालाई d_rkhadka@ hotmail.com तथा पोस्ट बक्स नम्बर ८५६६ काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।

# चैतेदसैं मेला र बाग्लुङ महोत्सव

**लालप्रसाद शर्मा**

*चैतेदसैं बाग्लुङे मेलैमा,*
*माया बस्यो नि ख्यालख्यालैमा*

बाग्लुङ बजार मात्र होइन, धौलागिरि अञ्चलकै हरेक गाउँबस्तीमा चैतेदसैं मेलाको रौनक छाउन थालेको छ । बजारमा गीत घन्किन थालेकाले चैतेदसैं नजिकिएको संकेत मात्र गरेको छैन, यस अवसरमा लाग्ने पश्चिमाञ्चलकै ठूलो मेलाको सम्झना पनि गराएको छ ।



चैतेदसैं आएपछि बाग्लुङलाई सम्झिहाल्छन् सबै उमेरका नारीपुरुषले, युवायुवतीहरूको त कुरै नगरौं । चैतेदसैं मेला भनेपछि बाग्लुङ र धौलागिरी अञ्चल मात्र होइन, अन्य पश्चिमी जिल्ला पनि जुरुक्कै उठ्छन् । मेलामा राजधानी, चितवन आदि क्षेत्रको पनि उल्लेख्य सहभागिता रहन्छ । भारतबाट समेत दर्शालु आउँछन् । भक्तजन, साहू, व्यापारी, कलाकार, खेलाडी, मायालुको संगमस्थल हुन्छ मेला । आवश्यक सामान किन्न पाइने सुविधा त छँदैछ, अझ द्वन्द्वरहित अवस्थामा महोत्सवसमेत हुने खबरले सबैलाई पुलकित बनाएको छ ।

मेलाको धार्मिक महत्त्व छँदैछ, महोत्सवसमेत आयोजना गरिएकाले यसले सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रलाई समेट्ने निश्चित छ । राजा कीर्तिबम मल्लले विक्रम संवत् १८४३ मा कालिका भगवतीको मन्दिरको गुठी स्थापना गरी यो मेला सञ्चालनमा ल्याएका थिए ।

पहिलेपहिले जुम्ला, हुम्ला, रोल्पा, रुकुम, डोल्पा, प्युठान आदि जिल्लाबाट हप्तौं हिँडेर व्यापारीहरू यहाँ आउँथे । अहिले पोखरा-बाग्लुङ राजमार्ग निर्माणपछि देशका विभिन्न स्थानबाट मेला हेर्न आउनेहरूको संख्यामा वृद्धि हुन थालेको छ । संकटकाल नभएको र महोत्सवसमेत भएकाले मेलाको रौनक छुट्टै हुने साहित्यकार प्रेम छोटा बताउँछन् । महोत्सवले पौराणिक एवं ऐतिहासिक मान्यतालाई ओझेल पार्न नहुने छोटाको भनाइ छ ।

श्री स्वस्थानी व्रतकथा र करिब ५ सय वर्ष पुरानो ऐतिहासिकतासँग जोडिएको कालीका भगवतीको महिमाका कारण देशका विभिन्न भागबाट मनको इच्छा पूरा गर्ने उद्देश्यले भक्तजनहरू यहाँ आउँछन् । यहाँ पार्वतीले तपस्या गरेको किंवदन्ती छ ।

सोह्रौं शताब्दीका पाल्पाका राजा मणिमुकुन्द सेनले पर्वते राजा प्रतापीनारायण मल्लसँग छोरी विश्ववादेवीको विवाह गराउँदा कालिका भगवतीको मूर्ति दाइजो दिएका थिए । उक्त ठाउँमा आउँदा मूर्ति बिसाइएको र पछि लान खोज्दा नउठेकाले यही नै स्थापना गरिएको थियो । विश्ववादेवी सानै हुँदा मूर्तिसँग खेल्ने र कहिलेकाहीं दर्शन पाउने गरेको भन्दै दाइजो दिएको भनाइ छ ।

यो मेला दोहोरी गीत, खेलकुद, भगवतीको पूजा, मायाप्रेम साटासाट तथा इष्टमित्रसँग भेटघाट गर्ने थलोका रूपमा स्थापित भएको छ ।

पहिले यो मेलामा एक सातासम्म दोहोरी प्रतियोगिता हुन्थ्यो । बास नपाएर बारी र खुला चौरमा बसेर गाउनुपर्थ्यो । मेलामै कतिपयको वैवाहिक सम्बन्ध पनि कायम हुन्थ्यो, तर अहिले त्यस्तो छैन । यो मेलामा स्थानीय रूपमा उत्पादित ठेको, डोकानाङ्ला, डालाडाली, फलामे भाँडा, मादल, डम्फु, राडीपाखी, बुट्टेनली भने किन्न पाइन्छ ।

**महोत्सवको आयोजना**

चैतेदसैं मेलाको अवसरमा बाग्लुङ उद्योग वाणिज्य संघ मूल आयोजक तथा जिविस, नगरपालिका, धौलागिरि अञ्चल जीप एवं बस व्यवसायी समितिका साथै कालिका भगवती गुठी सहआयोजक रहेर चैत ९ देखि १५ गतेसम्म महोत्सव हुँदैछ । मौलिक कला एवं संस्कृतिको संरक्षण, आन्तरिक तथा बाह्य पर्यटनको प्रबर्धन, उद्योग, वाणिज्य क्षेत्रको समन्वयात्मक र सन्तुलित विकास गर्नु यो महोत्सवको उद्देश्य हो । त्यस्तै स्थानीय घरेलु, हस्तकलाका सामान, जडीबुटीको बजार पहिचान र प्रबर्धन, ऐतिहासिक, सांस्कृतिक, परम्परागत तथा पर्यटकीयस्थलको प्रचारप्रसार, प्रबर्द्धन एवं पर्यटकीय गन्तव्यका रूपमा स्थापित गराउनु, वेशभूषा, कलासंस्कृतिको प्रदर्शन र संरक्षण महोत्सवका उद्देश्य हुन् । सूचना प्रविधिको जानकारी, कृषिमा आधारित उद्योगको स्थापनामा महोत्सवले पनि सहयोग गर्नेछ ।

महोत्सवका कोषाध्यक्ष तथा आर्थिक संयोजक नवराज शर्माले मेलामा तीन लाखभन्दा बढी दर्शक भित्र्याउने लक्ष्य रहेको बताए । शर्माका अनुसार हात्तीसवार तथा कालीगण्डकी नदीमा र्‍याफ्टिङ प्रतियोगिता महोत्सवका विशेष आकर्षण रहनेछन् । नेपालकै एक मात्र ढोरपाटन सिकार आरक्षको प्रचारप्रसार पनि महोत्सवको लक्ष्य हो ।

# सफल मानिस हुन के गर्नुपर्छ ?

आफ्नो निश्चित उद्देश्य अनुरूप संघर्षपूर्ण यात्रा निरन्तर कायम गर्नुपर्छ।

**हिमाल अम्माई (२०) बाग्लुङ**

सर्वप्रथम त गफ गर्न जान्नुपर्छ, अनि परिश्रम, लगनशीलता एवं सहनीलता हुनुपर्छ त्यतिले पनि पुगेन भने लास्टमा उही हो...।

**sadroshan@hotmail.com**

जसलाई आफूले चोहको छ उसले आफूलाई साथ दिए सफल मानिस हुन सकिन्छ।

**एस.के. कुँवर**

एकपटक मन्त्री खाइसकेकाहरूसँग संगत गर्नुपर्छ।

**टीकाराम, स्याङ्जा**

सधैं साप्ताहिक पढ्नुपर्छ।

**जयराम भट्टराई, जनकपुर**

महत्वकांक्षाले मात्र मानिस सफल हुन सक्दैन। दृढ आत्मविश्वास, संघर्ष तथा लगनशीलताले मानिस सफल हुन्छ।

**अमृत मगर**

लगनशील, इमान्दार, निडर, अन्याय नगर्ने तथा गर्नेमाथि कारवाही गर्न सक्ने, चलाख र जिज्ञासु व्यक्ति सफल हुन्छ।

**दीपक (२०)**

यदि पैसा कमाउन सक्नुभयो भने तपाईं प्रत्येक कुरामा सफल हुन सक्नुहुन्छ।

**कैलाश लामा (२२), हरिपुर, धनुषा**

धूम्रपान एवं कुलतमा नलागी मृदुभाषी भए।

**विनोद पौड्याल**

सफल मानिस बन्नलाई धेरै मेहनत गर्नुपर्छ। यसका लागि इमान्दार बन्नु आवश्यक छ। हामीले गर्न लागेको काम वा गरिरहेको कामलाई बीचैमा नछाडी पूरा गर्ने बानी बसाल्यौं भने सबैले एक-एक स्थानमा सफलता पाउन सक्छौं ?

**कुबेर चाम्लिङ राई**

सबैसँग प्रेम गर्न सके सफल मानिस भइन्छ।

**सरोज अधिकारी, बर्दिबास**

सबैलाई चित्तबुझ्दो काम गरे सफल भइन्छ।

**दीपक सिलवाल (२२)**

सफल मानिस बन्न आफ्नो समाजमा मात्र नभएर देश र पूरै विश्वमै उदाहरणीय कार्य गर्नुपर्छ।

**पेशल दाहाल**

देश सेवा गर्नुपर्छ।

**रवीन्द्र भण्डारी**

सफल गायक भनेको भए प्रियसीको आखाँको कचेरादेखि टाउकाको जुम्रासम्मको व्याख्या गरेर भन्ने थिएँ, मानिसको कुरा पऱ्यो, कुरो मिलेन सम्पादकज्यू।

**नीरज अर्याल**

असफलता नै सफलताको चिह्न हो। सङ्घर्ष हमेसा जारी रहनुपर्छ।

**प्रियंका खालिङ राई**

परिश्रम गरे सफल भइन्छ।

**टीका**

जीवन संघर्षमय हुनुपर्छ। परिश्रम गरे अवश्य सफल भइन्छ। सफल मानिस बन्न परोपकारी भाव बोकेर हिंड्नुपर्छ।

**विवेक राई**

योगी विकासानन्दको संगत गर्नुपर्छ।

**प्रभात (२२)**

आफूलाई आफैले ठूलो मानिस नसम्झी सबैसँग समान व्यवहार गरे सफल मानिस बनिन्छ।

**दुर्गाबहादुर माझी**

सफलताका लागि दुई कुराको आवश्यकता पर्छ- पूर्ण विश्वास र नियमपूर्वक अभ्यास– खप्तड स्वामीको यो वाणी पालन गरे सफल भइन्छ।

**दीपेन्द्र देउवा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
२. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
३. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
४. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
५. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
६. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
७. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
८. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
९. बुद्धि ठूलो कि बल ? किन ?
१०. देशभक्ति के हो ?

सन्तोषी मन लिएर सकारात्मक सोचाइले काम गर्दै गयो भने अवश्य सफल भइन्छ।

**शेरबहादुर भुजेल (२२),**

सफल मानिस हुन सगरमाथा चढ्नुपर्छ।

**जेपी सापकोटा (२०), काभ्रे**

स्वार्थ, लोभ आदि दुर्गुण त्याग्नु अति आवश्यक छ।

**सुशोभित रञ्जितकार, वीरगन्ज**

असफलताहरूसँग जुध्नुपर्छ।

**श्याम चौधरी**

इमान्दारिपूर्वक काम गरी अघि बढे सफल मानिस भइन्छ।

**वसन्त शर्मा (१८)**

आत्मविश्वासी, मेहनती तथा चरित्रवान् हुनुपर्छ।

**निर्मल पुनित विष्ट, काठमाडौं।**

टन्न पैसा कमाउनुपर्छ, पैसा कमाउन बाबु कि लाहुरे हुनुपर्छ कि भन्सारको जागिरे।

**पर्शुराम पन्थी (२४), काठमाडौं**

संघर्षका साथसाथै त्याग पनि गर्नुपर्छ।

**प्रज्वलकुमार भट्टराई (२४), ललितपुर**

सफलता नमिलेसम्म कर्तव्य पथमा हिंडिरहनुपर्छ।

**डिबिरक, काठमाडौं**

आफ्नो उद्देश्यमा अडिग रहे अवश्य सफल भइन्छ।

**गोकर्ण लामिछाने (१७), काठमाडौं**

इमान्दार हुनुपर्छ।

**दिलु राई, हेटौडा**

जसले जीवन र जीवनको परिभाषा बुझेको हुन्छ उसले मात्र सफलता पाउँछ। जब आफैंमाथि विश्वास गरिन्छ, अरूको निम्ति त्याग गरिन्छ अरूको खुसीमा आफू पनि हाँसिन्छ र अरूको मन दुख्ने काम गरिदैन तब अवश्य सफलता हात लाग्छ। सफलताको पहिलो खुट्किलो आत्मविश्वास, माया र स्नेह हो।

**सोनिका अधिकारी (१५), धापासी**

नेता बनेर घूस खाने अनि हप्ता-हप्तामा नेपाल बन्द गर्ने।

**सुशील श्रेष्ठ (१९)**

जुन कार्य गर्दा आफूलाई फाइदा हुन्छ गर्ने साथै आफ्नो काममा विश्वास हुनुपर्छ।

**लक्ष्मण लामा (२२)**

सकारात्मक सोचाइ, मीठो बोली र असल व्यवहार हुने मानिस सफल हुन्छ।

**कौशल देवकोटा (२२), बर्दिबास**

सादा जीवन उच्च विचारको सिद्धान्त अपनाउनुपर्छ।

**सम्पूर्ण प्रजापति**

**प्रश्न : हामी किशोर-किशोरी प्रेममा बाँधिएका छौं। हाम्रो समस्या के छ भने यौन सम्पर्क हुँदा हामीलाई प्राप्त हुनुपर्ने आनन्द आउँदैन। मलाई लाग्छ, उनको योनिबाट यौनरस आउँदैन, जसले यौनसम्पर्कमा सरलता कायम हुन सक्तैन। हामी सम्पर्कपूर्व अन्य अङ चलाएर अघि बढ्छौं तर पनि चरम सुख भने पाउन सक्दैनौं। यौनरस निकाल्न के गर्नुपर्ला ? के यौनरसविना चरम सुख प्राप्त गर्न सकिँदैन ?**

**– आर.पी.के.**

**उत्तर : प्रेममा बाँधिएका किशोर-किशोरी**

किशोरावस्थामा अनेक परिवर्तन हुन्छन्। शारीरिक, मानसिक अनि भावनात्मक रूपमा भएका परिवर्तनले किशोर वा किशोरीलाई वयस्क यौनसम्पर्कका लागि तयार गर्दै लान्छ। त्यसैले किशोर-किशोरीहरूमा यौनभावना प्रबल हुन्छ। अर्को व्यक्तिसँग यौनका दृष्टिकोणले आकर्षण बढ्छ। किशोरावस्थाको सुरुको अवस्थामा यो वास्तविक प्रेम नभै आकर्षण मात्र हुन हुनसक्छ। पछि परिपक्व हुँदै गएपछि भने बिस्तारै वास्तविक प्रेमसम्बन्धमा परिणत हुन्छ।

अहिले विभिन्न कुराको प्रभावका कारण किशोर-किशोरीमाझ प्रेम सम्बन्ध हुनु वा भएको देखिनु जीवनशैलीको अभिन्न अङ्ग बन्दै गएको छ। कसैले वास्तविक रूपमा नै प्रेम गरेका हुन्छन् भने कतिले देखासिकीका लागि मात्रै। यस्ता आत्मीय सम्बन्ध राख्नुभन्दा पहिले पर्याप्त सोचविचार गर्नुपर्ने हुन्छ, तर यस्ता कुरा कहिलेकाहीं यति जटिल हुन्छन् कि व्यक्तिले खासै सोचविचार गर्न सक्दैन र प्रेम आफैं हुन्छ भन्ने कुरामा जोड दिइन्छ।

**प्रेम र यौनसम्बन्ध**

दुई विपरीत लिङ्गीबीचमा अन्तरङ्ग रोमान्टिक सम्बन्धको विकसित रूप प्रेम हो। भनिन्छ, प्रेममा शारीरिक रूपमा यौनसम्पर्क राख्ने ध्येयले प्राथमिकता पाउँदैन। प्रेम वास्तवमा बिस्तारै हुने प्रक्रिया हो र दुई व्यक्ति साथसाथै हुर्कदा यो विकसित हुन्छ र यसमा सम्पूर्ण व्यक्तित्वलाई नै संलग्न गरिएको हुन्छ। प्रेममा अर्को व्यक्तिको भावना तथा शरीर दुवैलाई कदर गरिन्छ र सम्बन्धित व्यक्तिलाई सुखी राख्ने प्रयत्न गरिन्छ। प्रेम विश्वसनीय, निश्छल, सुनिश्चित तथा आत्मविश्वासले पूर्ण एवं दीर्घकालीन हुन्छ। प्रेमी-प्रेमिकाहरू आफ्नो सम्बन्धमा गर्व गर्छन्। प्रेममा शारीरिक पक्ष अलि पछि प्राकृतिक रूपमा र निष्कपटताका साथ आउँछ। प्रेममा आफूले प्रेम गरेको व्यक्तिलाई दुःख दिने, समस्यामा पार्ने, लक्ष्यबाट विमुख तुल्याउने वा भविष्यमा नै नकारात्मक असर पार्ने किसिमका क्रियाकलाप गरिँदैनन्।

यौन आकर्षण हामी सबैमा स्वाभाविक रूपमा नै हुने कुरा हो। कुनै पुरुष वा महिलालाई कुनै महिला वा पुरुषप्रति यौनको भावना हुनु र यौन सम्पर्क राख्ने चाहना हुनु अस्वाभाविक होइन, तर मानव सभ्यताको विकाससँगै निश्चित परिधिभित्र बस्नुपर्ने नियम ऊ आफैंले बनाएको छ, तर यौन सम्बन्धका लागि प्रेमसम्बन्ध भएको भनेर ढाकछोप वा छल गर्ने कुराबाट भने सजग हुनुपर्छ।

**के यौनरस नआउँदा यौनसुख पाउन सकिँदैन ?**

विशेष गरी योनिरस नआए यौनसम्पर्क असजिलो हुन्छ। लिङ्गलाई बाहिर-भित्र गराउँदा महिलालाई दुख्ने र पोल्ने हुन्छ भने पुरुषलाई पनि असजिलो हुन्छ। विशेष गरेर योनि सुख्खा र पीडादायक हुँदा यौनसम्पर्कबाट आफूलाई टाढै राख्न खोजिन्छ। यौनसम्पर्क आनन्ददायी हुनुपर्नेमा पीडायुक्त भयो भने यसमा पर्याप्त मात्रामा संलग्न नै हुन सकिँदैन। यौनसम्पर्कमा पर्याप्त रूपमा संलग्न नभएपछि यौनसुख पाइने कुरै भएन।

**यौनरस पाउन के गर्नुपर्ला ?**

तपाईंले कसको यौनरस नआएको भन्नुभएको हो स्पष्ट छैन। यौन उत्तेजनाका बेलामा पुरुषमा लिङ्गबाट केही रस आउने भए पनि यो अति नै थोरै हुने भएकाले त्यसले यौनसम्पर्कलाई सहज बनाउन कुनै भूमिका खेल्दैन। मानवजातिमा यौनसम्पर्कलाई सहज बनाउने गरेर योनिबाट प्रशस्त रस आउँछ, तर महिला राम्रोसँग उत्तेजित नभएको स्थितिमा पर्याप्त यौनरस नआउन सक्छ। त्यसैले यसका लागि पर्याप्त पाक्क्रीडामा संलग्न हुनुपर्छ। तपाईंहरू केही हदसम्म यसमा संलग्न हुनुभएको पनि देखिन्छ। अति नै विरलै भए पनि कसै-कसैलाई केही हार्मोनयुक्त औषधीको प्रयोगले पनि यस किसिमको सुख्खापन गराउन सक्छ, तर तपाईं (किशोरी) ले कुनै औषधी प्रयोग गर्नुभएको होलाजस्तो लाग्दैन, भए विचार गर्नुहोला।

अर्कातिर विवाहपूर्वका यस्ता यौनसम्पर्क तनावपूर्ण वातावरणमा हुने भएकाले यौन उत्तेजनामा नकारात्मक असर पारिरहेको हुनसक्छ। केटाको दबावमा केटीले यौनसम्पर्कलाई अस्वीकार गर्न नसकेको मात्र पनि हुनसक्छ। एकपल्ट यस विषयमा पनि विचार पुऱ्याउनुहोला।

यौनसम्पर्कका बेलामा योनि सुख्खा हुने समस्याका साथै कतिपय महिलाले दुख्ने समस्या पनि झेलिरहेका हुन्छन्। योनिरस पर्याप्त मात्रामा नभै यौनसम्पर्क गरेको कारणले यस्तो हुन गएको हो र पर्याप्त मात्रामा निस्कन्छ जस्तो लाग्दैन भने अन्य चिल्लो पदार्थको प्रयोग गर्न सक्नुहुन्छ। भ्यासलिन वा त्यस्तै कुनै तेलयुक्त चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ। तपाईंहरूले गर्भनिरोधका लागि के उपाय अपनाउनुभएको छ, थाहा भएन। यदि कन्डम प्रयोग गरिरहनुभएको भए भ्यासलिन वा यस्तै तेलयुक्त चिल्लो पदार्थले कन्डमलाई नोक्सानी गर्ने भएकाले पानीमा आधारित चिल्लो पदार्थ (K-Y jelly) प्रयोग गर्नुपर्ने हुनसक्छ। कतिपयले थूकलाई राम्रो विकल्पका रूपमा प्रयोग गरेका हुन्छन्।



# नवौं विश्वकप क्रिकेटका खेलहरु

**खेल नम्बर १**
**वेस्टइन्डिजविरुद्ध पाकिस्तान**

समूह 'डी' मा रहेका आयोजक वेस्टइन्डिज तथा पाकिस्तानबीच खेलिएको नवौं विश्वकपको उद्घाटन खेलमा वेस्टइन्डिजले पाकिस्तानलाई ५४ रनले पराजित गऱ्यो। जमैकाको किङ्स्टनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै वेस्टइन्डिजले ९ विकेट गुमाई २ सय ४१ रन बनायो। प्रतिउत्तरमा पाकिस्तान ४७ दशमलव २ ओभरमा सबै विकेट गुमाई १ सय ८७ रनमा सीमित भयो। यो खेलमा वेस्टइन्डिजका ड्वायने स्मिथ म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर २**
**अस्ट्रेलियाविरुद्ध स्कटल्यान्ड**

समूह एमा रहेका अस्ट्रेलिया तथा स्कटल्यान्डबीच खेलिएको खेलमा अस्ट्रेलियाले स्कटल्यान्डलाई २ सय ३ रनले पराजित गऱ्यो। सेन्ट किट्स एन्ड नेभिसको बासेटरमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै अस्ट्रेलियाले ६ विकेट गुमाई ३ सय ३४ रन बनायो। प्रतिउत्तरमा स्कटल्यान्ड ४० दशमलव १ ओभरमा सबै विकेट गुमाई १ सय ३१ रनमा सीमित भयो। यो खेलमा अस्ट्रेलियाका रिकी पोन्टिङ म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर ३**
**केन्याविरुद्ध क्यानाडा**

समूह 'सी' मा रहेका केन्या तथा क्यानाडाबीच खेलिएको खेलमा केन्याले क्यानाडालाई ७ विकेटले पराजित गऱ्यो। सेन्ट लुसियाको ग्रस आइसलेटमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै क्यानाडाले सबै विकेट गुमाई १ सय ९९ रन बनायो। प्रतिउत्तरमा केन्याले ४३ दशमलव २ ओभरमा ३ विकेट गुमाई २ सय ३ रन बनाएर आफ्नो लक्ष्य प्राप्त गऱ्यो। यो खेलमा केन्याका स्टिभ टिकोलो म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर ४**
**श्रीलंकाविरुद्ध बर्मुडा**

समूह 'बी' मा रहेका श्रीलंका र बर्मुडाबीच खेलिएको खेलमा श्रीलंकाले बर्मुडालाई २ सय ४३ रनले पराजित गऱ्यो। ट्रिनिडाड एन्ड टोबागोको पोर्ट अफ स्पेनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै श्रीलंकाले ६ विकेट गुमाई ३ सय २१ रन बनायो। प्रतिउत्तरमा बर्मुडा २४ दशमलव ४ ओभरमा सबै विकेट गुमाई ७८ रनमा सीमित भयो। यो खेलमा श्रीलंकाका माहेला जयवर्धने म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर ५**
**जिम्बावेविरुद्ध आयरल्यान्ड**

समूह 'डी' मा रहेका जिम्बावे र आयरल्यान्डबीच खेलिएको खेल बराबरीमा टुंगियो। जमैकाको किङ्स्टनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै आयरल्यान्डले ९ विकेट गुमाई २ सय २१ रन बनायो। प्रतिउत्तरमा जिम्बावेले ५० ओभरमा सबै विकेट गुमाई समान २ सय २१ रन नै बनायो। यो विश्वकप क्रिकेटको इतिहासमा बराबरीमा टुंगिएको तेस्रो खेल थियो। यो खेलमा आयरल्यान्डका जेरेमी ब्रे म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर ६**
**इङ्ल्यान्डविरुद्ध न्युजिल्यान्ड**

समूह 'सी'मा रहेका इङ्ल्यान्ड र न्युजिल्यान्डबीच खेलिएको खेलमा न्युजिल्यान्डले इङ्ल्यान्डलाई ६ विकेटले पराजित गऱ्यो। सेन्ट लुसियाको ग्रस आइसलेटमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै इङ्ल्यान्डले ७ विकेट गुमाई २ सय ९ रन बनायो। प्रतिउत्तरमा न्युजिल्यान्डले ४१ ओभरमा ४ विकेट गुमाई २ सय १० रन बनायो। यो खेलमा न्युजिल्यान्डका स्कट स्टाइरिस म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर ७**
**दक्षिण अफ्रिकाविरुद्ध हल्यान्ड**

समूह 'ए' मा रहेका दक्षिण अफ्रिका तथा हल्यान्डबीच खेलिएको खेलमा दक्षिण अफ्रिकाले हल्यान्डलाई २ सय २१ रनले पराजित गऱ्यो। सेन्ट किट्स एन्ड नेभिसको बासेटरमा खेलिएको वर्षाले प्रभावित यो खेल ४०/४० ओभरको थियो। पहिले ब्याटिङ गर्दै दक्षिण अफ्रिकाले ३ विकेट गुमाई ३ सय ५३ रन बनायो। प्रतिउत्तरमा हल्यान्डले ९ विकेट गुमाई १ सय ३२ रन मात्र बनाउन सक्यो। यो खेलमा दक्षिण अफ्रिकाका हर्षेल गिब्स म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर ८**
**भारतविरुद्ध बंगलादेश**

समूह 'बी' मा रहेका भारत तथा बंगलादेशबीच खेलिएको खेलमा बंगलादेशले भारतलाई ५ विकेटले पराजित गऱ्यो। ट्रिनिडाड एन्ड टोबागोको पोर्ट अफ स्पेनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै भारतले ४९ दशमलव ३ ओभरमा सबै विकेट गुमाई १ सय ९१ रन बनायो। प्रतिउत्तरमा बंगलादेशले ४८ ओभरमा ३ ओभरमा ५ विकेट गुमाई १ सय ९२ रन जोड्यो। यो खेलमा बंगलादेशका मुसरफ मुर्तजा म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर ९**
**पाकिस्तानविरुद्ध आयरल्यान्ड**

समूह 'डी' मा रहेका पाकिस्तान तथा आयरल्यान्डबीच खेलिएको खेलमा आयरल्यान्डले पाकिस्तानलाई डकवर्थ लेविस नियमअन्तर्गत ३ विकेटले पराजित गऱ्यो। जमैकाको किङ्स्टनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै पाकिस्तानले ४५ दशमलव ४ ओभरमा सबै विकेट गुमाई १ सय ३२ रन बनायो। प्रतिउत्तरमा आयरल्यान्डले ४१ दशमलव ४ ओभरमा ७ विकेट गुमाई १ सय ३३ रन जोड्यो। यो खेलमा आयरल्यान्डका नील ओ ब्रेन म्यान अफ दि म्याच घोषित भए। यो खेलपछि पाकिस्तान विश्वकपबाट बाहिरिएको छ।

**खेल नम्बर १०**
**अस्ट्रेलियाविरुद्ध हल्यान्ड**

समूह 'ए' मा रहेका अस्ट्रेलिया र हल्यान्डबीच खेलिएको खेलमा अस्ट्रेलियाले हल्यान्डलाई २ सय २९ रनले पराजित गऱ्यो। सेन्ट किट्स एन्ड नेभिसको बासेटरमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै अस्ट्रेलियाले निर्धारित ५० ओभरमा ५ विकेट गुमाएर ३ सय ५८ रन बनाएको थियो। प्रतिउत्तरमा हल्यान्डले २६ दशमलव ५ ओभरमा सबै विकेट गुमाई १ सय २९ रन बनायो। यो खेलमा अस्ट्रेलियाका ब्राड हग म्यान अफ दि म्याच घोषित भए। यो खेलपछि अस्ट्रेलिया सुपर एटमा प्रवेश गरेको छ भने हल्यान्ड विश्वकपबाट बाहिरिएको छ।

**खेल नम्बर ११**
**क्यानाडाविरुद्ध इङ्ल्यान्ड**

समूह 'सी' मा रहेका क्यानाडा र इङ्ल्यान्डबीच खेलिएको खेलमा इङ्ल्यान्डले क्यानाडालाई ५१ रनले पराजित गऱ्यो। सेन्ट लुसियाको ग्रस आइसलेटमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै इङ्ल्यान्डले निर्धारित ५० ओभरमा ६ विकेट गुमाएर २ सय ७९ रन बनायो। प्रतिउत्तरमा क्यानाडाले ५० ओभरमा ७ विकेट गुमाएर २ सय २८ रन मात्र बनाउन सक्यो। यो खेलमा इङ्ल्यान्डका पल कोलिनउड म्यान अफ दि म्याच घोषित भए। यो खेलपछि क्यानाडा विश्वकपबाट बाहिरिएको छ।

**खेल नम्बर १२**
**बर्मुडाविरुद्ध भारत**

समूह 'बी' मा रहेका बर्मुडा र भारतबीच खेलिएको खेलमा भारतले बर्मुडालाई २ सय ५७ रनले पराजित गऱ्यो। ट्रिनिडाड एन्ड टोबागोको पोर्ट अफ स्पेनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै भारतले निर्धारित ५० ओभरमा ५ विकेट गुमाई ४ सय १३ रन बनायो। विश्वकपको इतिहासमा एउटा टिमले बनाएको यो सबैभन्दा ठूलो योगफल हो। यो योगफलको प्रतिउत्तरमा बर्मुडाले ४३ दशमलव १ ओभरमा सबै विकेट गुमाएर १ सय ५६ रन बनायो। यो खेलमा भारतका वीरेन्द्र सहवाग म्यान अफ दि म्याच घोषित भए। यो खेलपछि बर्मुडा विश्वकपबाट बाहिरिएको छ।

**खेल नम्बर १३**
**वेस्टइन्डिजविरुद्ध जिम्बावे**

समूह 'डी' मा रहेका वेस्टइन्डिज र जिम्बावेबीच खेलिएको खेलमा वेस्टइन्डिजले जिम्बावेलाई ६ विकेटले पराजित गऱ्यो। जमैकाको किङ्सस्टनमा खेलिएको यो खेलमा पहिले ब्याटिङ गर्दै जिम्बावेले ५० ओभरमा ५ विकेट गुमाई २ सय २ रन बनायो। प्रतिउत्तरमा वेस्टइन्डिजले ४७ दशमलव ५ ओभरमा ४ विकेट गुमाई २ सय ४ रन बनायो। यो खेलमा जिम्बावेका सियन विलियम्स म्यान अफ दि म्याच घोषित भए।

**खेल नम्बर १४**
**केन्याविरुद्ध न्युजिल्यान्ड**

समूह 'सी'मा रहेका केन्या तथा न्युजिल्यान्डबीच खेलिएको खेलमा न्युजिल्यान्डले केन्यालाई १ सय ४८ रनले पराजित गरी सुपर एटमा प्रवेश गरेको छ। सेन्ट लुसियाको ग्रस आइसलेटमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै न्युजिल्यान्डले ७ विकेट गुमाउँदै निर्धारित ५० ओभरमा ३ सय ३१ रन बनायो। प्रतिउत्तरमा केन्याले ४९ दशमलव २ ओभरमा सबै विकेट गुमाएर १ सय ८३ रन मात्र बनाउन सक्यो। यो खेलमा न्युजिल्यान्डका रोज टेलर म्यान अफ द म्याच घोषित भए।

**खेल नम्बर १५**
**स्कटल्यान्डविरुद्ध दक्षिण अफ्रिका**

समूह 'ए'मा रहेका स्कटल्यान्ड तथा दक्षिण अफ्रिकाबीच खेलिएको खेलमा दक्षिण अफ्रिकाले स्कटल्यान्डलाई ७ विकेटले पराजित गऱ्यो। सेन्ट किट्स एन्ड नेभिसको बासेटरमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै स्कटल्यान्डले ५० ओभरमा ८ विकेट गुमाउँदै १ सय ८६ रन बनायो। प्रतिउत्तरमा दक्षिण अफ्रिकाले २३ दशमलव २ ओभरमा ३ विकेट गुमाउँदै १ सय ८८ रन बनाएर खेल जित्यो। यो खेलमा दक्षिण अफ्रिकाका ग्रेम स्मिथ म्यान अफ द म्याच घोषित भए।

विश्वकप क्रिकेट २००७

## साप्ताहिक विश्वकप क्रिकेट क्विज

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
|---|---|---|
| ५ जनालाई १ वर्षसम्म साप्ताहिक | १० जनालाई ६ महिनासम्म साप्ताहिक | २० जनालाई ३ महिनासम्म साप्ताहिक |

१. विश्वकप क्रिकेट प्रतियोगिता सबैभन्दा धेरै पटक जित्ने मुलुक कुन हो ?
.......................................
२. नवौं विश्वकप कतिवटा मुलुकले आयोजना गर्दै छन् ?
.......................................
३. नवौं विश्वकपमा कतिवटा मुलुकले सहभागिता गर्दैछन् ?
.......................................
४. नवौं विश्वकप कुन राष्ट्रले जित्नेछ ?
.......................................
५. नवौं विश्वकपको 'म्यान अफ द टुर्नामेन्ट' को हुनेछन् ?

**नियमहरु**

१. एकभन्दा बढी सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ। कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को निर्णय नै अन्तिम हुनेछ।
२. पुरस्कार कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को काठमाडौं सुविधानगरस्थित मुख्य कार्यालय र विराटनगर, पोखरा, भरतपुर र नेपालगन्जस्थित क्षेत्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
३. उत्तर २०६४ वैशाख १० गतेसम्म प्राप्त भइसक्नुपर्नेछ।
४. उत्तर पठाउँदा साप्ताहिकको कटिङ नै पठाउनुपर्ने छ। फोटोकपिलाई मान्यता दिइनेछैन। एक जनाले असीमित उत्तर पठाउन सक्नेछन्।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. सँग सम्बद्ध कर्मचारी तथा तिनका परिवारले प्रतियोगितामा सहभागी हुन पाउनेछैनन्।

**उत्तर पठाउने ठेगाना**
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., कान्तिपुर, कम्प्लेक्स
पो.ब. नं. ६०९९, तीनकुने, सुविधानगर, काठमाडौं

सहभागीको नाम :
ठेगाना :
फोन नम्बर :

# विश्व कीर्तिमान २००७

## गिब्सको छक्काको कथा




नवौं विश्वकपअन्तर्गत हल्यान्डविरुद्ध खेलिएको समूह 'ए' को खेलमा दक्षिण अफ्रिकाका हर्षेल गिब्सले एक ओभरका ६ वटै बलमा छक्का (बललाई उडाएर सीमारेखा नघाउने) हिर्काएर एक दिवसीय क्रिकेटमा नयाँ इतिहास रचेका छन्।

हर्षेल गिब्सले यस्तो कीर्तिमान हल्यान्डका स्पिनर डान भान बुङ्गेको ओभरमा कायम गरेका थिए। यो कीर्तिमानका लागि हर्षेल गिब्सले जोनि वाकर ब्रान्डको ह्विस्की निर्माण गर्ने जोनि वाकर एन्ड कम्पनीबाट १० लाख डलर पुरस्कार प्राप्त गरे तर उक्त पुरस्कार हर्षेल गिब्सले गोजीमा नभई क्यारेबिन क्षेत्रको सामुदायिक विकासका लागि गठन गरिएको ह्याबिट्याट फर ह्युमिनिटी हाउजिङ प्रोजेक्ट नामक संस्थाको कोषमा जम्मा हुने भएको छ।

क्रिकेटमा एकै ओभरमा ६ वटा छक्का दुर्लभ मानिन्छ। क्रिकेटको इतिहासमा यस्तो कीर्तिमान अहिलेसम्म टेस्ट र एक दिवसीय खेलमा कायम हुन सकेको थिएन, तर यस्तै कीर्तिमान वेस्टइन्डिजका सर गेरी सोर्बसले सन् १९६८ मा इङ्ल्यान्डको नटिङ्घमसायरबाट खेल्दै ग्ल्यामोरगनविरुद्ध तथा भारतका रवि शास्त्रीले सन् १९८४ मा रणजी ट्रफी क्रिकेटमा बम्बईबाट खेल्दै बडौदाविरुद्ध बनाएका थिए।

हर्षेल गिब्सको यो उपलब्धिले एक ओभरमा सर्वाधिक रन बनाउने अर्को कीर्तिमान पनि कायम गरेको छ। सन् १९९६ मा सिंगापुरमा पाकिस्तानका अमिर सोहेल तथा सन् २००१ मा शारजाहाँमा न्युजिल्यान्डका क्रिस ह्यारिसको बलिङविरुद्ध श्रीलंकाका सनथ जयसूर्याले २ पटक कायम गरेको १ ओभरमा ३० रनको कीर्तिमानलाई पनि हर्षेल गिब्सले भंग गरेका छन्।

## तीव्र अर्धशतक



नवौं विश्वकपअन्तर्गत तीव्र गतिमा अर्धशतक बनाउने नयाँ कीर्तिमान पनि कायम भएको छ। दक्षिण अफ्रिकाका विकेट किपर मार्क बाउचरले हल्यान्डविरुद्ध २१ बलमै अर्धशतक बनाएर त्यस्तो कीर्तिमान कायम गरेका हुन्। यसअघि यो कीर्तिमान वेस्टइन्डिजका ब्रायन लाराको नाममा थियो। लाराले सन् २००३ को विश्वकपमा २३ बलमै अर्धशतक बनाएका थिए।

## छक्काको कीर्तिमान्



एउटै खेलमा सर्वाधिक छक्का प्रहार गरिएको खेलको कीर्तिमान पनि नवौं विश्वकपमा कायम भएको छ। दक्षिण अफ्रिकाले हल्यान्डविरुद्ध बनाएको ३ सय ५३ रनमा १८ वटा छक्का प्रहार गरियो, जसमध्ये हर्षेल गिब्सले ७, ज्याक कालिसले ५, मार्क बाउचरले ४ र ग्रेम स्मिथले २ छक्का प्रहार गरेका थिए। उक्त कीर्तिमान बनेको दुई दिनपछि भारतले पनि बर्मुडाविरुद्ध ४ रन १३ रन बनाउने क्रममा भारतका खेलाडीहरूले १८ छक्का प्रहार गरे। जसमध्ये युवराज सिंहले ७, सचिन तेन्दुलकरले ४, वीरेन्द्र सहवागले ३, सौरभ गांगुलीले २ र महेन्द्रसिंह धोनी तथा राहुल द्रविडले १/१ छक्का प्रहार गरेका थिए।

यसअघि सन् १९९६ मा सिंगापुरमा पाकिस्तानविरुद्ध खेल्दै श्रीलंकाका खेलाडीहरूले १४ छक्का प्रहार गरेका थिए। जसमध्ये सनथ जयसूर्याले ११, रोमेश कालुविथरनाले २ तथा अरविन्द डि सिल्भाले १ छक्का प्रहार गरेका थिए। एक इनिङमा १४ छक्का प्रहार गर्ने कीर्तिमान पाकिस्तानको नाममा पनि छ। सन् १९९६ मा केन्याको नैरोबीमा आयोजित खेलमा श्रीलंकाविरुद्ध खेल्दै पाकिस्तानका खेलाडीहरूले पनि १४ छक्का प्रहार गरेका थिए। जसमध्ये साइद अफ्रिदी ११ र सइद अनवर, सलिम इलाही एवं वकार युनिसले १/१ छक्का प्रहार गरेका थिए।

## सर्वाधिक योगफल

नवौं विश्वकपअन्तर्गत सर्वाधिक योगफल बनाउने नयाँ कीर्तिमान पनि कायम भएको छ। त्यस्तो कीर्तिमान भारतले नवप्रवेशी बर्मुडाविरुद्ध खेल्दै बनाएको हो। भारतले निर्धारित ५० ओभरमा बर्मुडाविरुद्ध ५ विकेट गुमाउँदै ४ सय १३ रनको योगफल तयार गऱ्यो। यसअघि सन् १९९६ को छैटौं विश्वकपमा श्रीलंकाले केन्याविरुद्ध ५० ओभरमा ५ विकेट गुमाउँदै ३ सय ९८ रन बनाएको थियो।

# मिस्टर धरानमा फिजिकल फिटनेसको वर्चस्व

धरान- देशकै सबैभन्दा जेठो शारीरिक सुगठन प्रतियोगिता 'मिस्टर धरान'को १३ औं संस्करणमा फिजिकल फिटनेस सेन्टरले वर्चस्व कायम गरेको छ। चारवटा तौल समूहमा आइतबार सभागृहमा खेलाइएको प्रतियोगिताको फाइनल चरणको ओभरअल राउण्डका सबै प्रतिस्पर्धी फिजिकल फिटनेसकै थिए।



धरान बडीबिल्डिङ एसोसिएसनद्वारा आयोजित प्रतियोगिताको ओभरअल राउन्डमा तीन जना प्रतिस्पर्धीलाई पछाडि पार्दै मुक्तिराज राई नयाँ मिस्टर धरान भए। ६५ किलोग्राम तौल समूहमा पहिलो हुँदै मुक्तिराज ओभरअल राउन्डका निम्ति छनौट भए। विजेता ट्रफीसँगै उनले १० हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्र हात पारे। ११ औं मिस्टर धरानमा दोस्रो स्थानमै चित्त बुझाएका राईले दोस्रो मिस्टर पूर्वाञ्चलमा फाइनल चरणसम्मको यात्रा तय गरेका थिए। राष्ट्रिय तथा स्थानीय गरी आधा दर्जन शारीरिक सुगठन प्रतियोगितामा सहभागी भैसकेका २४ वर्षे मुक्तिराजले भने- 'अब राष्ट्रिय स्तरको प्रतियोगिताका निम्ति तयारी गर्नेछु।'

कुल २५ हजार नगद पुरस्कारको प्रतियोगितामा दोस्रो स्थान हासिल गरेका अनोज शाक्यले ७ हजार रुपैयाँ नगद तथा ट्रफी प्राप्त गरे। ६० किलोग्राम तौल समूहमा प्रथम भएर अनोजले ओभरअलमा प्रतिस्पर्धा गर्ने मौका पाएका थिए। ओभरअलमा तेस्रो स्थान हासिल गरेका मनीष लिम्बुले ५ हजार रुपैयाँ तथा चौथो स्थानमा चित्त बुझाएका पूर्ण तामाङले ३ हजार रुपैयाँ नगद तथा ट्रफी हात पारेका थिए। मनीष ५५ किलोग्राममा तथा पूर्ण ७० किलोग्राम तौल समूहमा पहिलो हुँदै ओभरअल राउन्डमा प्रवेश गरेका थिए।

शनिबार सम्पन्न पहिलो चरणबाट फाइनल चरणका निम्ति चारवटा तौल समूहमा १८ जना खेलाडी छानिएका थिए। सबै तौल समूहको फाइनल चरण आइतबार खेलाइएको थियो। ५५ किलोग्राममा धरान फिजिकल फिटनेसकै विश्व खाम्याङ दोस्रो तथा युनिक हेल्थ क्लबका अनोज शाक्य तेस्रो भए। ६० किलोग्राममा युनिक हेल्थका सुमन श्रेष्ठ दोस्रो तथा भिजन जिमका उमेश राई तेस्रो स्थानमा रहे। त्यस्तै ६५ किलोग्राम तौलमा पावर हेल्थ क्लबका सूर्य तामाङ दोस्रो तथा युनिक हेल्थका टेकहाङ लिम्बु तेस्रो भए।

त्यसैगरी ७० किलोग्राम तौलमा द ब्रदर्स जिमका भूपेन श्रेष्ठ दोस्रो तथा युनिक हेल्थका सुनिल तेस्रो भएका थिए। खचाखच भीडले भरिएको हलमा स्वर्गिक मार्गका कलाकारहरूको आकर्षक नृत्यले थप रौनक प्रदान गरेको थियो। साढे तीन घण्टा लामो कार्यक्रममा दोस्रो मिस्टर पूर्वाञ्चल तथा दसौं मिस्टर धरानका विजेता हर्कराज लिम्बुले पनि आफ्नो आकर्षक शरीर प्रदर्शन गरेका थिए।

## रनिङशिल्ड डाउन टाउनको पोल्टामा

बुटवलमा सञ्चालित अन्तरक्लब रनिङशिल्ड भलिबल प्रतियोगिताको शुक्रबार सम्पन्न फाइनल खेलमा विगत दुई वर्षको विजेता रोट्र्याक्ट क्लब अफ बुटवल डाउन टाउन विजयी भएको छ। बेस्ट अफ फाइभका आधारमा खेलाइएको प्रतियोगिताको फाइनलमा डाउन टाउनले लगातार तीन खेल जितेर आयोजक रोटरी क्लब अफ बुटवललाई हराएको हो। रोटरी इन्टरनेसनल सय वर्ष पुगेको अवसरमा दुई दिनसम्म सञ्चालित प्रतियोगितामा बुटवलका ६ क्लबले भाग लिएका थिए। अधिकांश खेलाडी व्यवसायी र बाँकी प्राध्यापक, डाक्टर रहेको प्रतियोगितामा बेस्ट प्लेयर एवार्डबाट विजेता क्लबका दीप आचार्य तथा आयोजक क्लबका विष्णु श्रेष्ठ पुरस्कृत भएका थिए। यसबीच दोस्रो सिम्रिक कप नक आउट फुटबल प्रतियोगिता शनिबारदेखि बुटवलमा प्रारम्भ भएको छ। कालिका मा.वि. कालिकानगरको मैदानमा चैत १९ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका १७ टिमले भाग लिएका छन्। प्रतियोगिताको विजेता टिमलाई १८ हजार तथा उपविजेतालाई ९ हजार नगद पुरस्कार प्रदान गरिने संयोजक घनश्याम श्रेष्ठले बताएका छन्।

त्यस्तै यही चैत १० गतेदेखि भैरहवाको सिद्धार्थ रंगशालामा सुपर लिग क्रिकेट प्रतियोगिता हुँदैछ। रूपन्देही क्रिकेट संघको आयोजनामा हुने लिगमा १२ टिमले भाग लिंदैछन्। क्रिकेट खेललाई संस्थागत गर्न र खेलाडीलाई व्यावसायिक बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको दाबी गर्दै संघका अध्यक्ष रमेश थापाले विजेता टिमलाई १० हजार तथा उपविजेता टिमलाई ५ हजार नगद पुरस्कार प्रदान गरिने जानकारी दिए।

## पाँच वर्षमा चार प्रतियोगिताको अवसर

एसियाली क्रिकेट काउन्सिल (एसीसी) ले सन् २००७ मा आयोजना



गर्ने १५ वर्षमुनिको 'एसीसी यु-१५ एलाइट कप क्रिकेट' प्रतियोगिता नेपालमा आयोजना गर्ने भएको छ। नेपालसहित एसियाका १० राष्ट्रले सहभागिता गर्ने उक्त प्रतियोगिता आगामी नोभेम्बर १४ देखि २५ तारिखसम्म आयोजना हुनेछ। प्रतियोगितामा सन् २००६ मा आयोजना भएको एसीसी यु-१५ एलाइट कप खेलेका ८ टिम र एसीसी यु-१५ च्यालेन्ज कप खेलेका २ टिमको सहभागिता रहने एसीसीले जनाएको छ।

एसीसीको हालै बसेको बैठकले क्रिकेट खेलको विकास गर्न नेपाललाई पाँच वर्षको अवधिमा ४ अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न दिने निर्णय गरेको थियो। सोही निर्णयका आधारमा नेपालले उक्त प्रतियोगिता आयोजना गर्ने अवसर पाएको हो। विगतका उमेर समूहको क्रिकेट प्रतियोगितामा खेलाडीहरूले आफ्नो उमेर ढाट्ने समस्या बढी देखिएका कारण एसीसीले आगामी प्रतियोगितामा सन् १९९२ जुलाई १ तारिखपछि जन्मिएका खेलाडीहरूलाई मात्र सहभागिता गराउने निर्णय गरेको छ। यसअघि नेपालले आगामी अगस्ट महिनामा मेलेसियामा आयोजना हुने यु-१९ को एलाइट प्रतियोगितामा सहभागिता गर्ने भएको छ।

## जनचेतना फैलाउन तेक्वान्दो प्रतियोगिता

चितवन- दुर्लभ एकसिंगे गैंडा तस्करले धमाधम मार्न थालेपछि संरक्षणसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले नारायणी अञ्चलव्यापी आमन्त्रण नगरपालिकास्तरीय तेक्वान्दो प्रतियोगिता सम्पन्न भएको छ। 'खेलाडीहरूको सहभागिता एकसिंगे गैंडा बचाउनमा अग्रसरता' मूल नाराका साथ प्रतियोगिता रत्ननगर तेक्वान्दो डोजाङको आयोजनामा सञ्चालन गरिएको थियो।

उक्त प्रतियोगितामा आयोजक चितवनको रत्ननगर डोजाङ प्रथम भएको थियो भने भरतपुरको युनिक डोजाङ दोस्रो। रत्ननगर डोजाङले ४ स्वर्ण, ३ रजत तथा ३ कांस्य पदक प्राप्त गरेको थियो। त्यसैगरी भरतपुर नगरपालिकाको युनिक तेक्वान्दो डोजाङ ३ स्वर्ण तथा ३ कास्य जितेर दोस्रो भयो भने हेटौंडाको डोजाङले २ स्वर्ण, १ रजत तथा ५ कांस्य प्राप्त गरी तेस्रो स्थानमा चित्त बुझायो। प्रतियोगितामा नारायणी अञ्चलका ६ वटा नगरपालिकालगायत काठमाडौं, पोखरा, बुटवल, विदुर तथा ललितपुर नगरपालिकाका २ सय खेलाडीको सहभागिता थियो। प्रतियोगितामा रत्ननगर डोजाङका अमृत महतो तथा बुटवलकी रेखा खनाल उत्कृष्ट खेलाडी घोषित भएका थिए।

# एनआईसी म्याराथन अर्जुन र कान्छीमायाको पोल्टामा



साप्ताहिक समाचार

काठमाडौं– दौडको क्षेत्रमा सर्वाधिक पुरस्कार राशिको एनआईसी म्याराथन २००७ को उपाधि पुरुषतर्फ अर्जुनप्रसाद ढकाल तथा महिलातर्फ कान्छीमाया कोजूले जितेका छन्।

नेपाल इन्भेस्टमेन्ट बैंकले पाटन दरबार क्षेत्र एवं सुन्दरी चोकको संरक्षण गर्न आयोजना गरेको उक्त हाफ म्याराथन (२१ किलोमिटर) को पुरुषतर्फको प्रतियोगितामा ढकालले १ घन्टा ९ मिनेट ३२ सेकेन्डमा दौड पूरा गरेर पहिलो स्थान हात पारेका थिए। प्रतिस्पर्धामा उत्तम खत्रीले १ घन्टा १० मिनेट ४० सेकेन्ड तथा आनन्दमान श्रेष्ठले १ घन्टा ११ मिनेट २० सेकेन्डमा दौड पूरा गरेर क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गरे।

महिलातर्फको (१० किलोमिटर) को प्रतिस्पर्धामा कान्छीमाया कोजूले ३८ मिनेट ४२ दशमलव ९९ सेकेन्डमा दौड पूरा गरेर पहिलो स्थान हात पारेकी थिइन्। उक्त स्पर्धामा छायाँ खत्री र कृष्णेश्वरी सिन्तकलाले क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गरे। विभिन्न स्पर्धामा करिब ३ हजार व्यावसायिक तथा अर्धव्यवसायिक धावकले भाग लिएको उक्त प्रतिस्पर्धामा विजेताहरूलाई पुरस्कारबापत कुल ५ लाख ३३ हजार ५ सय रुपैयाँ प्रदान गरिएको थियो।

विभिन्न विधामा आयोजना गरिएको प्रतियोगितामा २१ किलोमिटर हाफ म्याराथनको एमेच्योरतर्फ लक्ष्मण मल्ल ठकुरी र विदेशीतर्फ डिरेक कुगानले पहिलो स्थान हासिल गरे। त्यसैगरी १० किलोमिटर दूरीमा सम्पन्न वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूबीच सम्पन्न प्रतियोगितामा भीम अवालेले पहिलो स्थान हासिल गरेका थिए। वित्तीय संस्थामा कार्यरत महिलाहरूबीच आयोजना गरिएको ५ किलोमिटरको दौडमा कल्पना सुवेदी पहिलो भइन् भने सोही दूरीमा आयोजना गरिएको विद्यालय छात्रतर्फको प्रतियोगितामा दीपक देसार तथा छात्रातर्फ विन्द्रा श्रेष्ठले पहिलो स्थान हासिल गरे। शारीरिक रूपमा अशक्त व्यक्तिहरूबीच भएको प्रतियोगितामा तुलसी बास्कोटाले पहिलो स्थान हात पारे। त्यसैगरी भेट्रानतर्फको तीनवटा प्रतिस्पर्धामा महेन्द्रमान महर्जन, शिवकुमार लामा र रविराज थापा पहिलो स्थानमा रहे।

करिब २५ लाख रुपैयाँ संकलन गर्ने योजना बनाइएको उक्त प्रतियोगिताबाट आएको रकम सहित सम्पदा संरक्षण गर्न ५० लाख खर्च गर्ने योजना इन्भेस्टमेन्ट बैंकले बनाएको छ।



# कान्तिपुर गाथा

किशोर नेपाल

कालीबहादुर कार्की प्यानमा मकै भुट्दैथ्यो । उसलाई थाह थिएन, सहरमा भरररर फुला उठ्ने मकैलाई पपकर्न भन्छन् । थाह पाओस् पनि कसरी ? दैलेखको नौमूले गाउँको स्कुलमा मास्सावले पपकर्न माने मकै पढाएका थिएनन् । उसले त मेज माने मकै मात्र पढेको थियो । कान्तिपुर खाल्डोमा आएको तीन महिनापछि मात्र कालीबहादुरले थाह पाएको थियो, यतातिर फुला उठेको मकैलाई पपकर्न भन्दारहेछन् ।

रजिना र रेशम काउचमा बसेर मकै खाँदै थिए । साथमा चिसो भनेकैको ग्लास । उनीहरू एक्जामको तयारी गर्दै थिए । छिनछिनमा मोबाइलको घण्टी बज्थ्यो । छिनछिनमा उनीहरू अर्थशास्त्रको सिद्धान्त घोक्थे । उता टेलिभिजन पनि चलिरहेको थियो । रजिना क्रेजी किया रेको धुनमा बेलाबेलामा थर्किने गर्थी । रेशमचाहिं हरेक पाँच मिनटपछि आफ्नो गर्लफ्रेन्डलाई एसएमएस लेख्थ्यो ।

कालीबहादुर आफ्नै उमेरका ती दुवैलाई एकोहोरो हेर्थ्यो र मनमनै सुस्केरा हाल्थ्यो, अहो, कस्तो भाग्यमानी !

यो घरमा आएको तीन वर्ष बिते पनि कालीबहादुर अहिलेसम्म काउचमा बसेको थिएन । उसलाई बेलाबेलामा लाग्थ्यो, कस्तो होला त्यो काउचमा बस्दा ! तर, घरमा एक्लै बस्नु पर्दासम्म पनि उसले त्यो काउचमा बस्ने हिम्मत गरेको थिएन । ऊ त्यसरी काउचमा बसेको कसैले थाह पाए भने ? एकप्रकारको त्रासले उसको मन अमिलो बनाउँथ्यो । यो घरबाट निस्किनुपर्‍यो भने कहाँ जानु ? के गर्नु त्यति बेला ? ऊ घर फर्किन पनि सक्दैन । तीन वर्षअघि गाउँबाट विस्थापित भएका उसका बाबु-आमा नारायण नगरपालिकामा सानोतिनो काम गरेर गुजारा चलाउँदै होलान् । गाउँ फर्केर पनि के गर्नु ? आफ्नो जग्गा जमिन छैन । गाउँमा अँधिया कमाइ गर्नु र सहरमा कुल्ली काम गर्नुमा कत्ति नै फरक छ र ?

टेलिभिजनमा राम्रो नाच आइरहेको थियो । संगीतको धुनमा रजिना र रेशम थर्किइरहेका थिए । दुवैले आँखाले एक-अर्कालाई इसारा गरे । दिदी-भाइको कुरा मिल्यो । रजिनाले भनी, ए काले, हामी साथीको घरमा पढ्न गएका छौं । ममहरू आएपछि त्यसै भन्नु है । कालेले हस् भनेर टाउको हल्लायो । हस बाहेक अरू शब्द बोल्ने त उसमा ताकत पनि थिएन ।

कालेले बोल्न नभ्याउँदै रजिना हातमा मोबाइल हल्लाउँदै दौडिइसकेकी थिई । उसको ब्वाइफ्रेन्ड कम्बाइन स्टडीका लागि कुमारी क्याफेमा पर्खिइरहेको थियो । ऊ निस्किएको पाँच मिनटपछि रेशम पनि क्याबिन एटतिर लाग्यो ।

घरमा एक्लै रह्यो अब कालीबहादुर कार्की । ऊ के बन्न कान्तिपुर आएको थियो, अहिले के बन्यो ? अहिले ऊ जसको घरमा नोकर बसेको छ ती मानिस दैलेखमा हाकिम थिए । नौमूलेबाट आएका विस्थापितहरूको व्यवस्थापनमा लागेका थिए उनी । छरितो र फूर्तिलो कालीबहादुर कार्कीलाई देखेर उनी लोभिएका थिए । यस्तै केटो चाहिएको छ घरमा काम गर्न, उनले मनमनै आफैसँग भने । त्यसपछि विस्तारै उनले कालीका बाबु हरिबहादुरसँग दोस्ती गरे । दोस्ती अलिकति मजबुत भएपछि मनको कुरा खोले, छोरो काली निकै फूर्तिलो रहेछ । मान्छौ भने म कान्तिपुर लगेर पढाइदिउँ यसलाई ?

कानोले आँखा पाए झैं भयो हरिबहादुरलाई । कालीले कान्तिपुरमा पढ्न पायो भने अरू के चाहियो र ? उसले दायाँ-बायाँ केही नहेरी हुन्छ भन्यो । काली लुखुर-लुखुर पछिलाग्यो हाकिमको ।

कान्तिपुर आएको तीन वर्ष भयो । कालीले आजसम्म स्कुल देख्न पाएको छैन । दैलेखको स्कुलमा जति सिकेको थियो त्यो पनि बिर्सिने बेला भइसकेको छ । हो, दाल-भात भने टन्न खान पाएको छ । रजिना र रेशममात्र घरमा भएका बेला सुटुक्क टेलिभिजन पनि हेर्न पाएको छ । अरू सबै कुरा शून्य छ । ऊ कान्तिपुरमा छ तर उसले कान्तिपुर कत्रो छ ? अन्दाज पनि लगाउन पाएको छैन । कहिलेकाहीं बालअधिकारका लागि संगठित संस्थामा काम गर्ने मालिक्नीसँग तरकारीको झोला उचाल्न कोटेश्वरसम्म जानु बाहेक अरू केही गर्न पाएको छैन ।



# पोखरामा मास्क डान्सपार्टी

पोखरा– एकै खालका डान्स पार्टीमा कति रम्ने ? डान्सपार्टीमा भिन्नपन आयो भने त झन् अर्कै मज्जा हुन्छ । सधैं एकै खालको डान्सपार्टी भैरहेको पोखरामा यस पटक भने डान्सपारखीहरूले फरक स्वाद चाख्न पाए । गएको शनिबार दीपपोखरास्थित एप्पल क्याफेमा आईईसी मास्क डान्स पार्टी आयोजना भएको थियो । दिउँसोको एक बजेदेखि कार्यक्रमको चहलपहल सुरु हुँदै थियो । अँध्यारो रातमा डान्सपार्टीमा झुम्ने बानी परेका पारखीहरू उज्यालो हुन्जेल खासै भेला भएनन् ।

आईईसी फेसन सेन्टर पोखराका प्रबन्ध निर्देशक नवीन पाख्रिन नौलो डान्सपार्टीमा डान्सपारखीको उपस्थित नहुने त होइन भन्ने चिन्ता व्यक्त गर्दै थिए तर साँझको सात के बज्न लागेको थियो तन्नेरी युवायुवती ग्वारग्वारती डिस्को थेकमा प्रवेश गरे ।

आईईसी फेसन सेन्टरले युवायुवतीहरूलाई आकर्षित गर्न पहिलो पटक गरेको यस किसिमको डान्सपार्टीमा नाच्न नजान्नेहरूलाई पनि उपयुक्त अवसर जस्तै भयो । कारण नजान्नेहरू पनि मास्क लगाएर धोको फेरेर नाच्न तम्सिए ।

डिजे अनिल हिन्दी, अंग्रेजी, नेपाली रिमिक्स गीत छान्दै युवायुवतीहरूलाई जुरुक्क-जुरुक्क पार्न असिनपसिन हुँदै थिए । सामान्य युवायुवती मात्र होइनन्, पोखराका नाम चलेका मोडलदेखि फेसन डिजाइनरहरू मास्क लगाएर कम्मर मर्काउँदै डान्स गर्न तम्सिए । डान्स पारखीहरूका लागि आयोजकले दुई सयभन्दा बढी मास्कको व्यवस्था गरे पनि पारखीहरूको बढ्दो चापले मास्क नै अपुग भयो, जहाँ राति २ बजेसम्म डान्स गर्ने लहर चल्यो ।

**तस्बिर : विशाल तुलाचन**

# अबुधावीमा रमाइलो साँझ

नेपालीहरूको नववर्ष २०६४ को पूर्वसन्ध्यामा युएईको अबुधावीमा काठमाडौं रेस्टुराँका सञ्चालक मन्जिल श्रेष्ठ तथा भीम श्रेष्ठको आयोजनामा युएईको अबुधावी केरेला सेन्टरमा नेपालका ख्यातिप्राप्त कलाकार वरिष्ठ नायक राजेश हमाल, नायिक उषा पौडेल, रेजिना उप्रेती, नन्दिता केसी, गायकहरू एडरिन प्रधान, प्रकाश ओझा, सविन राई, जोहेब मानन्धर, विमलराज छेत्रीका साथै अबुधावी ब्यान्डका कलाकारहरूको प्रस्तुतिमा रमाइलो साँझ- २०६४ सम्पन्न भयो ।

अबुधावीको आसपास छरिएर रहेका प्रवासी नेपालीहरूको राम्रो उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा जोहेब मानन्धर, एडरिन प्रधान, सविन राईका लोकप्रिय गीतले दर्शकहरूलाई उफारेको थियो । विमलराज छेत्री र देवी घर्ती मगरको दोहोरीले दर्शकहरूलाई छमछमी नचाएको थियो । प्रकाश ओझाको 'भत्काइन्छु खोर पनि' र 'ए बाउ भात खान आउ' ले दर्शकहरूलाई जोस्याएको थियो । रेजिना उप्रेती तथा



राजेश हमालको नृत्यले कार्यक्रमलाई आकर्षक बनाएको थियो भने उषा पौडेल र नन्दिता केसीको नृत्यले कार्यक्रम हल रोचक बनेको थियो ।

**– खेमनाथ पौडेल**

तालिम
❊ फोटोग्राफी
❊ भिडियोग्राफी
❊ कलरल्याब
❊ लेमिनेशन
❊ डिजिटल फोटोग्राफी
सम्पर्क: ❊ डिजिटल भिडियोग्राफी
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्ष्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२१९१०३७, ४२१६२९१

अंग्रेजि
दुई महिना मै!
*Basic *Intermediate *Advance
जान्दे नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in:
UK, USA, Australia
Free: Email & Internet
Computer:
Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Amadeus, Abacus & Galileo)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Bartender
★ Bakery ★ Housekeeping
SATS Course मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:-सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
✆ ४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)










होटल तालीम
होटल खुम्जुङ्गमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ ।
हाम्रा विशेषताहरु
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने ।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसंगै ,Ph:- 4249576

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Tour & Travel Mgmt
★Airlines Ticketing ★Tour Operation
Care Giver & Domestic Helper
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिवार बिहान १०:०० देखि दिउसो २:०० सम्म)

व्युटीसियनहरुमा सूचना
विगत लामो समयदेखी नेपाल व्यूटिसियन यूनियनको गठन भई केन्द्रिय कार्य समिति मार्फत व्यूटीसियनहरुको हक हितमा आफ्नो आवज उठाउँदै यस पेशालाई थप मर्यादीत र व्यवस्थीत बनाउनको लागि विभिन्न जिल्लाहरुमा व्यूटिसियनहरुका समस्यामा छलफल, गोष्ठी तथा अन्य विविध कार्यक्रमहरु गर्दै आएको यस संस्थाले आफ्नो प्रथम अधिवेशन (निर्वाचन) यही चैत्र १५, १६ र १७ गते काठमाडौंको ठमेलमा मल्ल होटलको ठीक पछाडि जि.ए.ए. हलमा पदहस्तान्तरण तथा प्रमाणपत्र वितरण समारोहको आयोजना गर्न गईरहेको हुदा यस संस्थासंग आबद्ध सम्पूर्ण व्यूटिसियनहरुलाई उपस्थितीको लागि हार्दिक अनुरोध गरीन्छ ।
आयोजक
नेपाल व्यूटीसियन यूनियन
केन्द्रिय कार्यसमिति

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, सम्पादक : **सुवास ढकाल**